स्थानीय पाठ्यक्रममा आधारित आधारभूत तह कक्षा ४-८ को पाठ्यक्रम, २०८२



# हाम्रो हेलम्बु

















स्थानीय सरकार

## हेलम्बु गाउँपालिका

༄༅། །ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས། །

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# हाम्रो हेलम्बु

## स्थानीय पाठ्यक्रममा आधारित

## आधारभूत तह कक्षा ४-८ को पाठ्यक्रम

## २०८२




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**प्रकाशक:**

**स्थानीय सरकार**

**हेलम्बु गाउँपालिका**

**सिन्धुपाल्चोक**

**२०८२**

# हाम्रो हेलम्बु

स्थानीय पाठ्यक्रममा आधारित

आधारभूत तह कक्षा ४-८  को पाठ्यक्रम

२०८२

**अस्माकं हेलम्बुः**

स्थानीयपाठ्यक्रमाधारितम्

आधारभूतस्तरस्य चतुर्थ्याः अष्टम्याः कक्ष्यायाः पाठ्यक्रमः

२०८२

ངེད་ཚོའི་ཧེ་ལམ་བུ

ས་སྐྱོང་འཛིན་པའི་དུས་སྒོར་བཟོས་པ།

གཞི་རྟེན་འཐད་པའི་དུས་སྒོར། (༤-༨ དང་པོའི་སློབ་ཚན)

༢༠༨༢

# हाम्रो हेलम्बु

## स्थानीय पाठ्यक्रममा आधारित

## आधारभूत तह कक्षा ४-८ को पाठ्यक्रम

## २०८२

**संरक्षक**

निमा ग्याल्जेन शेर्पा, गाउँपालिका अध्यक्ष

**सल्लाहकार**

अप्सरा लामिछाने, गाउँपालिका उपाध्यक्ष
छिरीङ लामा ह्योल्मो (संयोजक, सामाजिक विकास समिति)
राजुभाइ श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत
धन ध्वज लामा, शिक्षा अधिकृत

**सम्पादन**

डा. बाबुराम ढुङ्गाना
भिम बहादुर कार्की
नेत्रप्रसाद भट्टराई
यमबहादुर जोती
पूर्ण बहादुर गौतम
सावित्री धिमाल

# प्राक्कथन

शिक्षा कुनै पनि समाजको मूल आधार हो, जसले समाजको समग्र रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्छ। गुणस्तरीय, व्यवहारिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको माध्यमबाट दक्ष, सिर्जनशील र आत्मनिर्भर मानव संसाधनको विकास गरी समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिन्छ। यसै सन्दर्भमा, राष्ट्रिय पाठ्यक्रमको पूरकको रूपमा स्थानीय पाठ्यक्रमको विकास गर्न आवश्यक देखिन्छ, जसले स्थानीय भौगोलिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक र आर्थिक परिवेशलाई आत्मसात् गर्दै शिक्षालाई व्यवहारिक र जीवनोपयोगी बनाउँछ ।

हेलम्बु गाउँपालिका सांस्कृतिक, भाषिक, धार्मिक, सामाजिक तथा भौगोलिक विविधताले भरिपूर्ण क्षेत्र हो। यहाँको मौलिकता, परम्परा, सम्पदा तथा जीविकोपार्जनका विधिहरूलाई संरक्षण र संवर्द्धन गर्दै शिक्षालाई स्थानीय आवश्यकतासँग जोड्न अत्यावश्यक देखिन्छ। यही आवश्यकतालाई मध्यनजर गर्दै हेलम्बु गाउँपालिकाले कक्षा ४ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको प्रक्रिया अगाडि बढाएको छ। यस पाठ्यक्रममा हेलम्बुको भौगोलिक, सामाजिक, जनसाङ्ख्यिक र विकास निर्माण; नदी, हिमाल, जङ्गल, जनावर र जडीबुटी;  धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा ;  पर्यटन विकास र पर्यटकीय स्थल; विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति; स्थानीय र परम्परागत पेसा, व्यवसाय, उद्यमशीलता र रोजगारी;  जलवायु परिवर्तन, प्रकोप, वातावरण संरक्षण र हरित विद्यालय;  स्थानीय प्रविधि र सिर्जना; सरसफाइ, सन्तुलित भोजन, असल संस्कार, योग र स्थानीय खेलहरू तथा संस्कृत भाषा र सम्भोटा लिपिका  विषयहरू समेटिएका छन्। स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता अनिवार्य छ। शिक्षकहरूले आधुनिक शिक्षण-शिक्षण शैली अवलम्बन गर्दै विद्यार्थीहरूलाई सक्रिय सिकाइ प्रक्रियामा सहभागी गराउनुपर्दछ। विद्यार्थीहरूलाई समस्या समाधानमा संलग्न गराई उनीहरूको सिर्जनशीलता तथा आलोचनात्मक सोच विकास गराउन आवश्यक देखिन्छ। साथै, मूल्याङ्कन प्रक्रिया निरन्तर एवं अन्तरक्रियात्मक हुनुपर्दछ ताकि पाठ्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न सकियोस्।

यस पाठ्यक्रम निर्माणका क्रममा विज्ञ परामर्श, स्थानीय सरोकारवालासँग अन्तरक्रिया, शिक्षक तथा प्रधानाध्यापकहरूको सुझाव सङ्कलन, कार्यशाला गोष्ठीहरू तथा मस्यौदा समीक्षाको प्रक्रिया अपनाइएको छ। यो कार्यमा योगदान दिने सम्पूर्ण शिक्षा प्रेमी, विज्ञ, शिक्षक, अभिभावक, स्थानीय प्रतिनिधि तथा सरोकारवालाहरूलाई हेलम्बु गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ । स्थानीय तहको पाठ्यक्रमका आधारभूत विषयवस्तुको संयोजन तथा शैक्षणिक पक्षलाई सिलसिलाबद्ध गरी पुस्तककारूपमा ल्याइपुऱ्याउनका लागि सामाजिक विकास समितिका संयोजक श्री छिरीङ लामा (ह्योल्मो), शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री धनध्वज लामा, विद्यालय अनुगमन संयोजक श्री नेत्रप्रसाद भट्टराई, विद्यालय योजना संयोजक श्री भिम कार्की, प्रधानाध्यापक श्री यमबहादुर जोती, प्रधानाध्यापक श्री पूर्ण बहादुर गौतम र शिक्षक श्री सावित्री धिमालको अथक प्रयासले नै संभव भएको हो । यो पाठ्यक्रमको निर्माण कार्यमा योगदान पुऱ्याउनु हुने पाठ्यक्रमविद् डा. बाबुराम ढुङ्गाना प्रति हेलम्बु गाउँपालिका विशेष आभार व्यक्त गर्दछ । संस्कृत भाषाको पाठ्यवस्तु चयनमा योगदान पुऱ्याउनुहुने प्रा. डा. जगतप्रसाद उपाध्याय र सम्भोटा लिपिका विषयवस्तुको छनोट गरी सहयोग गर्नु हुने आचार्य कामी शेर्पासँग गाउँपालिका ऋणी छ ।  स्तरीकृत मार्गदर्शनमा तयार पारिएको यो पाठ्यक्रम यहाँको शिक्षा प्रणालीलाई अझ प्रभावकारी र व्यवहारिक बनाउन सफल हुने आशा लिएको छ ।

अन्त्यमा, यो पाठ्यक्रम निरन्तर सुधार र परिमार्जनको प्रक्रियामा रहनेछ । शिक्षामा विज्ञान र प्रविधिको प्रयोग गर्दै यसलाई थप प्रभावकारी बनाउन सबै सरोकारवालाहरूबाट निरन्तर रचनात्मक सुझावको अपेक्षा राख्दछौँ । हेलम्बु गाउँपालिकामा यो पाठ्यक्रम प्रभावकारी रूपमा लागु भई यहाँको शिक्षा प्रणालीलाई अझ जीवनोपयोगी बनाउन सफल हुनेछ भन्ने विश्वास लिएका छौँ।

**निमा ग्याल्जेन शेर्पा**
**अध्यक्ष**
**हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक**

## विषयसूची


| क्र सं | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | परिचय | |
| २ | स्थानीय पाठ्यक्रमको आवश्यकता | |
| ३ | स्थानीय पाठ्यक्रमको विशेषता | |
| ४ | पाठ्यक्रमको विषय क्षेत्र | |
| ५ | सक्षमता | |
| ६ | कक्षागत सिकाइ उपलब्धि | |
| ७ | विषय क्षेत्र र क्रम | |
| ८ | विषय क्षेत्र अनुसार अनुमानित कार्यघण्टा | |
| ९ | शिक्षण सिकाइ योजना निर्माण | |
| १० | शिक्षण सिकाइ विधि र प्रक्रिया | |
| ११ | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | |
| १२ | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | |
| १३ | पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन र परिमार्जन | |
| १४ | विशिष्टिकरण योजना | |
| १५ | नमूना प्रश्नहरू | |
| १६ | शिक्षणका क्रममा हेलम्बुका विषयमा प्रयोग गर्न सकिने सन्दर्भ सामग्री | |

# १. परिचय

नेपालको संविधानमार्फत आर्थिक समानता, समृद्धि, र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न संघीय गणतन्त्रको स्थापना गरिएपश्चात, यसको कार्यान्वयन विभिन्न तह र क्षेत्रबाट भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनका लागि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पुरा गर्न यसका सैद्धान्तिक र व्यवहारिक पक्षलाई हरेक नागरिकसमक्ष पुऱ्याउन शिक्षाले प्रमुख भूमिका खेल्दछ । व्यक्तिबाट गरिएको अपेक्षा पुरा गर्न विद्यालय तहको पाठ्यक्रमलाई प्रमुख साधनका रूपमा लिइएको छ । यही उद्देश्य प्राप्तिका लागि वर्तमान संविधानको अनुसूची - ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ मा स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरेको छ । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यघण्टा र वार्षिक रुपमा १६० कार्यघन्टा तथा कक्षा ४-८ का लागि साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक पाठ्यघन्टा १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायत विषयमा स्पष्ट मार्गदर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामाग्री २०६६ का अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" । स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यस पाठ्यक्रमले पनि हेलम्बु गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ।

आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरुले औपचारिक रुपमा आफ्नो गाउँ,समाज,भूगोलको वस्तुनिष्ट ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरु, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरुका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ । यस पाठ्यक्रमबाट बालबालिकाहरुले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा गरिएको छ ।

हेलम्बु गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, गाउँपालिकाका सदस्य, पाठ्क्रमविज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा हेलम्बु गाउँपालिकाको परिचय; प्राकृतिक स्रोत र सम्पदा; धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल; विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा ; पेसा व्यवसाय र उद्यम; प्रकोप, वातावरण संरक्षण र हरित विद्यालय; स्थानीय प्रविधि र सिर्जना; र स्वास्थ्य सरसफाइ र असल संस्कार; सम्भोटा र संस्कृत भाषा समेतका विषय क्षेत्रलाई समेटेर कक्षा ४ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरिएको छ । कक्षा १-३ को पाठ्यक्रम र पाठ्यसामग्री यस अघि नै कार्यान्वयनमा आइसकेको छ । हेलम्बु गाउँपालिकाको नयाँ पाठ्यक्रम कार्यान्वयन योजना अनुसार यो पाठ्यक्रम शैक्षिक सत्र २०८२ देखि लागु गरिनेछ ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

संघीयताको कार्यान्वयन पश्चात नेपाल सरकारबाट विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ स्वीकृत गरेपछि वि. सं. २०७७ बाट कक्षा एकदेखि सुरू भएको नयाँ पाठ्यक्रमको कार्यान्वयन वि. सं. २०८० सम्ममा कक्षा १२ सम्ममा पुरा चक्र पार गरेको छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्ररूपले दिएको मार्गदर्शनबमोजिम आधारभूत तह कक्षा १-८ मा स्थानीय पाठ्यक्रम वा भाषा विषयको व्यवस्था गरेबमोजिम यस गाउँपालकाले कक्षा १-३ को पाठ्यक्रम र पाठ्यपुस्तक समेतको विकास गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्यलाई निरन्तरता दिने क्रममा यस पटक कक्षा ४ देखि ८ सम्मको पाठ्यक्रम बनाउने कार्य गरिएको हो । यस गाउँपालिकामा स्थानीय पाठ्यक्रमले विषयगत विविधतालाई समट्ने गरी स्थानीय विषयवस्तुका अतिरिक्त भाषा विषय पनि समावेश गरेको छ ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाऊँ तथा समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरुबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक सामाजिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिकतयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति ज्ञान र सिपलाई पूर्ण रुपले समेट्न सम्भव हुँदैन । अत: स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भैगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय र भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएको र संवैधानिक तथा नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले हेलम्बु गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछन् :

क. स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा संवर्धन गर्न,

ख. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न,

ग. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन,

घ. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ङ. स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न,

च. परम्परागत पेसा व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्धन र विकास गर्न सहयोग पुऱ्याउन,

छ. स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न ।

ज. स्थानीय स्तरमा प्रयोगमा आउने भाषाका लिपि, व्याकरण र व्यवाहारिक पक्षको प्रयोग

## ३. स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रमका विशेषताहरू यस प्रकार छन्:

१. **स्थानीय सन्दर्भमा आधारित:** स्थानीय पाठ्यक्रमले समुदायको आवश्यकता, संस्कृति, परम्परा, र स्थानीय स्रोतसाधनलाई सम्बोधन गर्छ। स्थानीय पाठ्यक्रम निर्माण गर्दा त्यस क्षेत्रको भौगोलिक, सांस्कृतिक, सामाजिक, र आर्थिक पक्षलाई ध्यानमा राखिन्छ।

२. **समुदायमा आधारित:** यसमा समुदायको सक्रिय सहभागिता हुन्छ । विद्यालय, अभिभावक र स्थानीय नेतृत्वबीच सहकार्य गरी पाठ्यक्रम तयार गरिन्छ । स्थानीय पाठ्यक्रमलाई समुदायसँग प्रत्यक्ष जोडिन्छ । यसमा: समुदायका बृद्ध-बृद्धा, किसान र स्थानीय सिपका ज्ञाताहरूलाई सहभागी गराइन्छ । पाठ्यक्रमको विकास र प्रयोगमा अभिभावकको सुझाव र सहकार्यलाई प्राथमिकता दिइन्छ ।

३. **लचिलोपन:** स्थानीय पाठ्यक्रम लचिलो हुन्छ, जसले विद्यार्थीको रुचि र आवश्यकतालाई ध्यानमा राखेर परिमार्जन गर्न सकिन्छ । स्थानीय पाठ्यक्रम स्थिर हुँदैन; यसलाई विद्यार्थी र क्षेत्रको आवश्यकताअनुसार परिमार्जन गर्न सकिन्छ ।

४. **व्यवहारिक शिक्षा:** स्थानीय पाठ्यक्रम व्यवहारिक ज्ञान र सिपलाई प्राथमिकता दिन्छ, जसले विद्यार्थीलाई जीवनोपयोगी सिप र स्थानीय समस्याको समाधान खोज्न सक्षम बनाउँछ । पाठ्यक्रमले विद्यार्थीलाई जीवनमा प्रयोग हुने सिप सिकाउनमा जोड दिन्छ ।
उदाहरण: स्थानीय हस्तकला जस्तै: ढाकाको कपडा बनाउने सिप। कृषि, पशुपालन वा साना उद्यमका लागि तालिम ।

५. **सांस्कृतिक संरक्षण:** यसले स्थानीय भाषा, कला, संस्कार र परम्परालाई प्रोत्साहन गर्छ । स्थानीय भाषा, कला र परम्पराको जगेर्ना स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण पक्ष हो । स्थानीय नृत्य, संगीत र लोककथालाई पाठ्यक्रममा समेटिन्छ । क्षेत्रीय पर्व र परम्परागत विधिलाई विद्यार्थीले व्यवहारमै सिक्न पाउँछन् ।

६. **पर्यावरणीय जागरुकता:** यसमा स्थानीय वातावरणीय समस्यालाई सम्बोधन गरी प्राकृतिक स्रोतको संरक्षण र दिगो विकासबारे शिक्षा प्रदान गरिन्छ । स्थानीय पर्यावरणसँग सम्बन्धित समस्या र समाधानबारे पाठ्यक्रम केन्द्रित हुन्छ । वृक्षारोपण अभियान, पानीको संरक्षण र जैविक विविधताको महत्त्व बारे सिकाइ, प्लास्टिक फोहोरको व्यवस्थापन र पुनः प्रयोगबारे व्यवहारिक ज्ञान ।

७. **समावेशी:** स्थानीय पाठ्यक्रमले समुदायका सबै समूहलाई समेट्ने प्रयास गर्छ, विशेषगरी विपन्न, अपाङ्गता भएका र अल्पसंख्यक समूहका विद्यार्थीहरूको आवश्यकता सम्बोधन गर्छ। स्थानीय पाठ्यक्रम सबै विद्यार्थीको पहुँचमा हुनुपर्छ । अपाङ्गता भएका विद्यार्थीका लागि सहज सामग्री; जातीय र लैङ्गिक समानताका लागि प्रेरित गर्ने विषयवस्तु समावेश । अल्पसंख्यक र जनजातीय भाषालाई प्राथमिकता ।

८. **उपलब्ध स्रोत र साधन उपयोग:** स्थानीय पाठ्यक्रमले समुदायमा उपलब्ध स्रोत र साधनको उपयोग गरी शिक्षण-सिकाइ प्रक्रिया प्रभावकारी बनाउँछ । स्थानीय स्तरमै उपलब्ध साधन र स्रोतको उपयोग गरी शिक्षा प्रभावकारी बनाइन्छ । विद्यालयको क्षेत्रमा उपलब्ध काठ, ढुङ्गा, गिट्टी, वा स्थानीय वस्तुको अध्ययन, प्रयोगात्मक कार्यका लागि स्थानीय कृषि फार्म, जलाशय वा उद्योग भ्रमण ।

९. **सिप विकास केन्द्रित:** विद्यार्थीलाई स्वावलम्बी बनाउन सिप विकासमा जोड दिन्छ । विद्यार्थीलाई स्थानीय सिप सिकाएर स्वावलम्बी बनाउने उद्देश्य हुन्छ । सिलाइ-कटाइ, कृषिजन्य उत्पादन वा व्यवसाय विकासको तालिम; नयाँ प्रविधि जस्तै: कम्प्युटर, मोबाइल मर्मतबारे ज्ञान ।

**१०. निरन्तर परिमार्जन:** स्थानीय आवश्यकताअनुसार समय-समयमा यसलाई परिमार्जन र सुधार गरिन्छ । समयअनुसार स्थानीय पाठ्यक्रमलाई समीक्षा र परिमार्जन गरिन्छ । शिक्षक, विद्यार्थी, र अभिभावकको सुझावअनुसार नयाँ विषयवस्तु थप्न सकिन्छ। शिक्षण प्रक्रिया थप प्रभावकारी बनाउन नयाँ उपकरण र प्रविधिको उपयोग गरिन्छ ।

स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नो समुदाय र समाजप्रति जिम्मेवार बनाउँछ। यसले विद्यार्थीको समग्र विकास गर्दै राष्ट्रिय पाठ्यक्रमलाई पूरक बनाउँछ।

**हेलम्बुको स्थानीय सन्दर्भमा यस पाठ्यक्रमका प्रमुख विशेषताहरुलाई देहाय बमोजिम सङ्क्षेपिकरण गर्न सकिन्छ :**

- **शिक्षाका उद्देश्यहरू (Learning Objectives)**
  - समुदायका आवश्यकताअनुसार व्यवहारिक, रोजगारमूलक, तथा भाषिक सिप अभिवृद्धि गर्ने शिक्षा
  - कृषि, पर्यटन, तथा उद्यमशीलतालाई प्रवर्द्धन गर्ने
  - सामाजिक, सांस्कृतिक, तथा भौगोलिक विशेषताहरू अनुरूप स्थानीय ज्ञानको संरक्षण र आधुनिक व्यावसायिक ज्ञानसँगको समायोजन
- **शिक्षण पद्धति (Pedagogy)**
  - सहभागीमूलक, अनुभवजन्य, तथा कार्य-आधारित शिक्षण
  - स्थानीय स्रोत तथा भाषासँग सम्बन्धित शिक्षण सामग्रीको प्रयोग
  - कृषि, पर्यटन, तथा व्यवसाय सम्बन्धी परियोजना-आधारित सिकाइ
  - सामाजिक तथा भौगोलिक मुद्दाहरूको व्यवहारिक अध्ययन
- **पाठ्यक्रम तथा सामग्री चयन (Instructional Selection)**
  - स्थानीय कृषि प्रणाली, जैविक खेती, तथा पशुपालन सम्बन्धी सामग्री
  - पर्यटकीय स्थल, संस्कृति, तथा भाषा प्रवर्द्धन गर्ने स्थानीय ज्ञानको समावेश
  - व्यवसायिक सिप विकासका लागि उद्योग तथा व्यवसायसँग सम्बन्धित पाठ्य सामग्री
  - भाषा-सम्बन्धित पाठ्यक्रममा **नेपाली**, **अङ्ग्रेजी**, **सम्भोटा** र **संस्कृत**को प्रयोग
  - कृषि तथा पर्यटन व्यवसायमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न अङ्ग्रेजी भाषा, स्थानीय मौलिक ज्ञानलाई प्रवर्द्धन गर्न सम्भोटा र संस्कृतको उपयोग
  - भौगोलिक विविधताअनुसार स्थानीय स्रोतहरूको अध्ययन तथा प्रयोग
- **सिप विकास (Skill Development)**
  - स्थानीय स्रोतमा आधारित कृषि तथा पशुपालन सिपको विकास
  - होमस्टे व्यवस्थापन, पथप्रदर्शक प्रशिक्षण तथा स्थानीय उत्पादन प्रवर्द्धन
  - उद्यमशीलता, वित्तीय साक्षरता, तथा स्थानीय बजार व्यवस्थापन सिपहरूको संवर्द्धन
  - बहुभाषिक सिपको विकास (नेपालीमा सञ्चार, अङ्ग्रेजीमा पर्यटन गाइडिंग, सम्भोटामा स्थानीय ज्ञानको अभिलेख, संस्कृतमा मौलिक ग्रन्थहरूको अध्ययन)
  - भौगोलिक अवस्थालाई मध्यनजर गर्दै जलवायु परिवर्तन, अनुकूलन तथा प्राकृतिक स्रोतहरूको उपयोग गर्ने सिपको विकास
- **सामाजिक, सांस्कृतिक तथा भौगोलिक मुद्दाहरू (Social, Cultural, and Geographical Issues)**
  - स्थानीय संस्कृति, परम्परा, भाषा तथा मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धन
  - जैविक खेती, वातावरणीय संरक्षण, तथा दिगो पर्यटनको विकास
  - लैङ्गिक समानता, समावेशीकरण, तथा स्थानीय समुदायको सहभागिता

- सामाजिक विविधता (जातीय, भाषिक, धार्मिक सहिष्णुता) को प्रवर्द्धन
    - जलवायु परिवर्तन, प्राकृतिक स्रोतको संरक्षण तथा भौगोलिक अवस्थाअनुसारको विपद् व्यवस्थापन
    - हिमाली, पहाडी र तराई क्षेत्रका विविध विशेषताहरूको अध्ययन तथा स्थानीय जीवनशैली अनुसार पाठ्यक्रमको विकास
- **मूल्याङ्कन प्रणाली (Assessment)**
    - कृषि उत्पादन, पर्यटन व्यवस्थापन तथा उद्यमशीलतामा आधारित मूल्याङ्कन
    - व्यावहारिक, परियोजना-आधारित, तथा कार्यस्थलमा आधारित मूल्याङ्कन
    - समुदायको संलग्नता सहितको बहुआयामिक मूल्याङ्कन प्रणाली
    - बहुभाषिक मूल्याङ्कन (स्थानीय भाषामा परियोजना प्रतिवेदन, अङ्ग्रेजीमा व्यवसायिक पत्राचार, सम्भोटा तथा संस्कृतमा मौलिक अभिलेखको अध्ययन)
    - स्थानीय सामाजिक-सांस्कृतिक तथा भौगोलिक परिवेशमा आधारित मूल्याङ्कन प्रणाली

## ४. पाठ्यक्रमको विषय क्षेत्र

हेलम्बुको परिचय सहित यस पालिकाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, पेसा व्यवसाय, परम्परागत ज्ञान र सिप स्वास्थ्य र सफाइ र सम्भोटा तथा संस्कृत भाषा लगायतका दश क्षेत्रमा विभाजित मुख्य विषयवस्तु निम्नानुसार रहेको छ:

१. हेलम्बु परिचय : हेलम्बुको भौगोलिक, सामाजिक, जनसाङ्ख्यिक र विकास निर्माण
२. प्राकृतिक स्रोत र सम्पदा: नदी, हिमाल, खनिज, जङ्गल, जीवजन्तु र जडिबुटी
३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा
४. पर्यटन विकास र पर्यटकीय स्थल
५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा
६. पेसा ब्यवसाय र उद्यमशीलताः स्थानीय र परम्परागत पेसा, व्यवसाय, उद्यमशीलता र रोजगारी
७. जलवायु परिवर्तन, प्रकोप, वातावरण संरक्षण र हरित विद्यालय
८. स्थानीय प्रविधि र सिर्जनाः स्थानीय परम्परागत सिप र प्रविधि
९. स्वास्थ्य, सरसफाइ र असल व्यवहार: सरसफाइ, सन्तुलीत भोजन, असल संस्कार, योग, ध्यान र स्थानीय खेलहरु
१०. भाषा/लिपिः संस्कृत र सम्भोटा

## ५. सक्षमता

स्थानीय विषयवस्तुमा आधारित स्थानीय पाठ्यक्रमले कक्षा ४-८ को अन्त्यमा विद्यार्थीहरुमा देहाय बमोजिमको सक्षमता हासिल हुने अपेक्षा गरेकोछ ।

१. आफ्नो गाउँपालिकाको राजनैतिक सिमाना, सामाजिक सम्बन्ध, भौतिक स्वरूप र प्राकृतिक संशाधन प्रति गौरव अनुभूति ।
२. हेलम्बुको प्राकृतिक स्रोतसाधनको पहिचान गरी स्थानीय विकासमा यसको समुचित प्रयोग ।
३. स्थानीय धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको पहिचान, संरक्षण र संवर्द्धन
४. स्थानीय पर्यटकीय स्थल, मार्ग र क्रियाकलापको खोजी र पर्यापर्यटनको विकास र प्रवर्द्धन
५. विभिन्न जातजातिका संस्कार, भाषा, परम्परागत ज्ञान र सिपको खोजी र प्रवर्द्धन
६. स्थानीय पेसा, व्यवसाय र उद्यमशीलताको पहिचान, उन्नयन र प्रयोग

७. जलवायु परिवर्तनको अनुकूलन र न्यूनीकरण
८. प्रकोपको न्यूनीकरण, वातावरण संरक्षणमा सहभागिता र हरित विद्यालयको अभ्यास
९. स्थानीय सिप र प्रविधिको आधुनिकीकरण र सिर्जनात्मक प्रयोग
१०. आफू, घरपरिवार र समुदायको सरसफाइ असल व्यवहार पहिचान र प्रयोग
११. स्थानीय खेलको अभ्यास र प्रवर्द्धन
१२. संस्कृत भाषा र सम्भोटा लिपिमा साक्षरता, सञ्चार र संस्कारमा प्रयोग

## शिक्षणका क्रममा हेलम्बुका विषयमा प्रयोग गर्न सकिने सन्दर्भ सामग्रीः


Duwadi, S., Adhikari, D. P., Dhital, M. R., & Parajuli, N. (2024). Assessment of the 2021 debris flow and flood-related loss and damage in Melamchi watershed of central Nepal. *Journal of Nepal Hydrogeological Association, 1*, 40-67.

Sharma, J. L., Shakya, H., Tamrakar, T. R., Sandy, J., & Jest, C. (1981). A report on the structure and conservation of the temples of Helambu of Nepal. *Ancient Nepal, 65-74*, 7-18. Department of Archaeology, His Majesty's Government of Nepal. https://himalaya.socanth.cam.ac.uk/collections/journals/ancientnepal/pdf/ancient_nepal_65-74_02.pdf

हेलम्बु गाउँपालिका (२०७५)। हेलम्बु गाउँपालिकाको पार्श्वचित्र। हेलम्बु, सिन्धुपाल्चोक।

हेलम्बु गाउँपालिका (२०७९)। हेलम्बु गाउँपालिकाको ऐतिहसिक पहिलो पुस्तक भेह्युल अर्थात गुप्तभूमी। हेलम्बु, सिन्धुपाल्चोक।

हेलम्बु गाउँपालिका (२०८०)। हेलम्बु गाउँपालिकाको आवधिक योजना (२०८०/८१-२०८४/८५) हेलम्बु, सिन्धुपाल्चोक।

**Webonary.** (n.d.). *Hyolmo dictionary*. https://www.webonary.work/hyolmo/

हेलम्बु गाउँपालिका (२०८०)। हेलम्बु दर्पण। हेलम्बु, सिन्धुपाल्चोक।

हेलम्बु गाउँपालिका (२०८०)। कक्षा १-३ को स्थानीय पाठ्यक्रम। हेलम्बु, सिन्धुपाल्चोक।

https://helambumun.gov.np/

**Himalayan Local Guide Pvt. Ltd.** (2021, August 13). *Helambu circuit trek*. Retrieved from [https://www.slideshare.net/slideshow/helambu-circuit-trek/249976611]

# ६. कक्षागत सिकाइ उपलब्धि

## क. कक्षा ४-५

| विषयवस्तुको क्षेत्र | कक्षा – ४ | कक्षा – ५ |
|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| १. हेलम्बु परिचय | १. आफ्नो टोल र वडाको नाम पत्ता लगाई टोलको नाम र वडाको मुख्य भागको नामको अर्थ पत्ता लगाउन।<br>२. आफ्नो टोलमा रहेका प्रमुख स्थलहरुको भौगोलिक बनावटको वर्णन गर्न।<br>३. आफ्नो वडाका बासिन्दाको महिला र पुरुषको कुल जनसङ्ख्या प्रस्तुत गर्न<br>४. आफ्नो वडाको कुल घरधुरी सङ्ख्या चिन्न<br>५. गाउँपालिकाको नक्सा बनाइ वडाहरु छुट्याउन<br>६. आफ्नो वडाको क्षेत्रफल वर्ग किलोमिटरमा पत्ता लगाउन<br>७. वडा समितिको संरचना बताउन<br>८. आफ्नो वडामा बसोबास गर्ने मानिसहरुको जात, जाति, भाषा, धर्म पहिचान गरी विभिन्न जात जातिका अलग अलग थर र गोत्र छुट्याउन | १. आफ्नो वडा र गाउँपालिकाको पुरानो र नयाँ नाम पत्ता लगाई वडा र गाउँपालिकाको नाम कसरी रहेको पौराणिक कथाका आधारमा नामको अर्थ पत्ता लगाउन।<br>२. आफ्नो वडाका प्रमुख स्थलहरुको धरातलीय स्वरूपको परिचय दिन।<br>३. आफ्नो गाउँपालिकाका बासिन्दाको महिला र पुरुषको उमेर समूहगत कुल जनसङ्ख्या प्रस्तुत गर्न<br>४. आफ्नो गाउँपालिकाको कुल घरधुरी सङ्ख्या चिन्न<br>५. गाउँपालिकाको नक्सा बनाइ हिमाल र मुख्य खोलाहरु देखाउन<br>६. आफ्नो गाउँपालिका र जिल्लाको क्षेत्रफल वर्ग किलोमिटरमा पत्ता लगाउन<br>७. वडा कार्यालयका कार्यक्षेत्र चिन्न<br>८. आफ्नो गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको जात, जाति, भाषा, धर्म पहिचान गरी विभिन्न जात जातिका अलग अलग थर र गोत्र छुट्याउन |
| २. प्राकृतिक स्रोत र सम्पदा | १. मेलम्छिम (मेलम्ची) नदी र आमायाङ्रीको भौगोलिक अवस्थितिका | १. मेलम्छिम (मेलम्ची) खानेपानीको मुहान र आमायाङ्री पुग्ने बाटो, उपलब्ध सुविधा र |

| | | |
|---|---|---|
| | बारेमा वर्णन गर्न<br>२. मेलम्छिम शब्दको उत्पति र अर्थ खोज्न<br>३. आफ्नो घरवरपरका वनजङ्गलमा पाइने काठजन्य बोटविरुवाको पहिचान गर्न ।<br>४. वडाभित्र रहेका प्रसिद्ध गुफाको नाम र गुफा रहेको ठाउँ चिन्न ।<br>**५. सामुदायिक वनको अर्थ र महत्त्व बताउन ।**<br>**६. आफ्नो गाउँघर नजिकै पाइने** बाँदर, बँदेल, डाँफे, सेतो मृग, मयूर, सालक, हुचिल, लाटोकोसेरो, कालो भालु, भिर मौरी लगायतका **वन्यजन्तुको पहिचान गरी विशेषता भन्न ।**<br>**७.** आफ्नो गाउँघरमा पाइने जडीबुटीः चिराइतो, ठुलो औषधी, तितेपाती, पारिजात, कुरिलो चिनेर उपयोगिता पत्ता लगाउन । | उपयुक्त समयका बारेमा वर्णन गर्न<br>२. आफ्नो घरवरपरका वनजङ्गलमा पाइने जीवजन्तु चिन्न ।<br>३. गाउँपालिकाभित्रका प्रमुख गुफा चिनेर त्यहाँ पुग्ने बाटो पहिल्याउन ।<br>**४. आफ्नो नजिकैको सामुदायिक वन चिनेर सामुदायिक वनको संरक्षणका उपाय पत्ता लगाउन ।**<br>**५. आफ्नो गाउँपालिकाभित्र पाइने लोपोन्मुख जनावरः** रेड पाण्डा, हिम चितुवा, घोरल, कस्तुरी, नाउर, चितुवा चिनेर सुरक्षाका उपाय पत्ता लगाउन ।<br>**६.** आफ्नो गाउँपालिकामा पाइने जडीबुटीः यार्सागुम्बा, पाँचऔंले, पाखनवेद, कुड्की, पदमचाल्नो  चिनेर उपयोगिता पत्ता लगाउन । |
| ३. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | १. प्रसिद्ध धार्मिक स्थलहरु (जयबागेश्वरी-पालचोक भगवती, आमायाङ्री, ढुक्फु, सातधारा महादेव) को अवस्थिति बताउँदै कुन समयमा कस्तो मेला लाग्छ चिनाउन । | १. धार्मिक स्थल (महाकालेश्वर, गौमुखेश्वर, निन्देश्वरी) र गुरु रिन्पोछेको महिमा वर्णन गर्न । |
| ४. पर्यटन विकास र पर्यटकीय स्थल | १. होमस्टेसँग परिचित भइ यसका विशेषताहरु पहिल्याउन ।<br>२. पर्यटकीय स्थलहरुः ताखोर | १. पर्यटकीय स्थलहरुः वडा नं १ र ३ का ककनी, मुन्थली मिलारेप्पा गुफा, गुरु ढुक्फु, र ईरिङ (ठाडेपाटी)का बारेमा पर्यटन |

| | | |
|---|---|---|
| | (कुटुमसाङ), सेमराङ् (घोप्टेघ्याङ), चित्रे, ग्याल्थुम सुरूङ, ब्ल्याङ्चे झर्ना, थलडाँडाको अर्थ सहित पर्यटन पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न ।<br>३. गाउँका प्रमुख सडक र बाटोहरु चिन्न । | पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न ।<br>२. प्याराग्लाईडिङ र यसका लागि सम्भाव्य स्थलहरुसँग परिचित हुन,<br>३. षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) चिनेर यसको अवस्थिति र सुरुवाती बिन्दुहरु पहिचान गर्न ।<br>४. वडाका प्रमुख सडक र बाटोहरू चिन्न |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | १. विभिन्न रीतिरिवाजः  छैठी, न्वारान/ ढिपसाङ र पास्नी मनाउने विधिको बयान गर्न ।<br>२. विभिन्न चाडपर्वः दशैँ, तिहार, ल्होसार, माघे संक्रान्ति र चैते दशैँ मनाउने तरिका बयान गर्न ।<br>३. आध्यात्मिक ज्ञानः धामी/ झाँक्री, लामा गुरु पुरोहितको परम्परागत पोसाकबाट चिन्न । | १. विभिन्न रीतिरिवाजः  व्रतबन्ध, छेवर, विवाह र दुलान/कर्मलोछ्याङ मनाउने विधिको बयान गर्न । श्यालगरको महत्त्व बताउन ।<br>२. विभिन्न चाडपर्वः बुद्धजयन्ती, ल्हाबब दुछेन, छेखोरदुछेन, मातातीर्थ औंसी, असार १५ र साउने संक्रान्ति मनाउने तरिका बयान गर्न ।<br>३. आध्यात्मिक ज्ञानः धामी/ झाँक्री/ भोम्पो, लामा/ गुरु/ पुरोहितले परम्परागत कार्य र झारफुक गर्दा प्रयोग गर्ने साधन चिन्न । |
| ६. पेसा व्यवसाय र उद्यम | १. दुध अण्डा, माछा/ मासु र महका लागि पशुपन्छी पालनः कुखुरा, सुँगुर/ बँगुर, गाई, भैँसी पालनका बारेमा परिचित हुन ।<br>२. खाद्यान्नः मकै, धान, कोदो, जौ, गहुँ, फापर उत्पादनमा सहभागिता जनाउन ।<br>३. उद्यमका लागि  फलफूलः सुन्तला, अम्बा, मेवा, आँप, किवी, भुईंस्याऊ, कागती, टिमुर उत्पादनमा सहभागी हुन ।<br>**४. सिलाइ बुनाइ**<br>साधारण सिलाइ कटाइ गर्न, | १. दुध, अण्डा, माछा/ मासु र महका लागि पशुपन्छी पालनः मौरीपालन, भेडा/च्याङ्ग्रा र बाख्रापालन, रेन्वो ट्राउट, चौंरी पालन र याक पालनका बारेमा परिचित हुन ।<br><br>२. खाद्यान्न, फलफूल र तरकारीः आलुखेती, च्याउखेती, स्याऊ खेती, फलफूल खेती, अलैँची उत्पादनमा सहभागिता जनाउन ।<br>३. उद्यमका लागि  वनस्पतिजन्य उत्पादनः काठ, बाँस, निगालो, केतुके, खर, अम्रिसो खेतीको उत्पादन र प्रयोगका बारेमा जानकारी |

| | | |
|---|---|---|
| | कपासबाट बत्ती पार्न,<br>दुबो, फूल, पात आदिबाट विभिन्न प्रकारका माला उन्न,<br>धानको पुतली बनाउन ।<br>५. घरेलु उद्योगः कागज कारखाना, जडीबुटी उत्पादन, आरन सुधार, हस्तकला (कागजबाट बन्ने कलाहरू) जस्ता काममा जानकारी राख्न । | राख्न ।<br>४. सिलाइ बुनाइः पोते वा यस्तै माला उन्ने, सिलाइ कटाइ, गलैँचा बुन्ने, सामान्य कपडा बुनाइमा सहभागी हुन ।<br>५. घरेलु उद्योगः चिज र छुर्पी उत्पादन, हस्तकला (माटोबाट बन्ने भाँडाको उत्पादन), |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | १. प्रकोपः बाढी, पहिरो र भूःक्षय पहिचान गर्न ।<br>२.वातावरण संरक्षणः अर्थ र महत्त्व बताउन ।<br>३. हरित विद्यालयको अर्थ र महत्त्व बताउँदै विद्यालयमा धनियाँ र चम्सुर उत्पादन गर्न । | १. प्रकोपः भुँइचालो, आगलागी, हुरीबतास<br>२.वातावरण संरक्षणका उपायहरु पहिल्याउन ।<br>३. विद्यालयमा सागपातः पालुङ्गो, प्याज, गोलभैँडा, लसुन र खुर्सानी उत्पादन गर्न । |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको उदाहरण सहित परिचय दिन ।<br>२. स्थानीय प्रविधि लोहोरो, सिलौटा, डोरी, दाम्लो, नाम्लोको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्न । | १ स्थानीय प्रविधिका फाइदा बताउन ।<br>२. स्थानीय प्रविधि ओदान, तुलो, ढिकी, जाँतो, खल र कोलको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्न । |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | १. स्वास्थ्य र सरसफाइः व्यक्तिगत सरसफाइमा ध्यान दिन ।<br>२. सन्तुलित भोजनः स्थानीय उत्पादनका ताजा खानाको प्रयोग गर्न ।<br>३. योगको महत्त्व दर्शाइ अभ्यस्त हुन । | १. स्वास्थ्य र सरसफाइः घर वरपरको सरसफाइमा सहभागी हुन ।<br>२. सन्तुलित भोजनः स्थानीय उत्पादनका ताजा खानाको प्रयोग गर्न ।<br>३. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग सहितको तान्त्रिक |

| | | |
|---|---|---|
| | ४. असल संस्कारः स्थानीय सबै भाषामा नमस्कार गर्न । | उपचार विधिको सदुपयोग गर्न ।<br>४. योगा र ध्यानको अभ्यास गर्न<br>५. असल संस्कारः आदार, सम्मान गर्न । |
| १०. भाषाः स्थानीय (संस्कृत) भाषा | क. **संस्कृत वर्णमालाः** पाणिनिका १४ सूत्र (प्रत्याहारको ज्ञान) चिन्न ।<br>ख. **सरस्वती वन्दना** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) वाचन गर्न ।<br>ग. शून्य देखि २० सम्मको सङ्ख्या चिन्न । | क. **सन्धि नियमः** स्वर सन्धि (व्यञ्जन सन्धि र विसर्ग सन्धि)<br>ख. जानकारी र अभ्यास (नेपालीमा प्रचलित संस्कृत शब्दलाई प्राथमिकता दिने)<br>ग. भगवती स्तुति / देवी अर्चना (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br>घ. २१ देखि ५० सम्मको सङ्ख्या ज्ञान |
| ११. लिपिः (सम्भोटा) भाषा | क. वर्णः व्यञ्जन र स्वर वर्ण (३० व्यञ्जन र ४ स्वर) चिन्न ।<br>ख. व्यञ्जनबाट बन्ने एक अक्षरका शब्दहरु बनाउन ।<br>ग. स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरहरु (१२० वटा) चिन्न ।<br>घ. स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरबाट बनेका शब्दहरु पहिचान गर्न ।<br>ङ. मञ्जुश्रीको वन्दना वाचन गर्न ।<br>च. आङडाङ (सङ्ख्याहरु – १ देखि २० सम्म) चिन्न । | **क. दोगयीकः**<br>– यातग् ('य' झुण्डिएका सातवटा अक्षरहरु); चिन्न ।<br>– रातग् ('र' झुण्डिएका १४ वटा अक्षरहरु ); चिन्न ।<br>– लातक् ('ल' झुण्डिका छवटा अक्षरहरु); चिन्न ।<br>– वासुर ('व' झुण्डिएका १२ वटा अक्षरहरु) चिन्न ।<br>– यातग्, रातग्, लातग् र वासुरबाट बनेका शब्दहरु चिन्न ।<br>**ख.** शरणगमन पाठ (केप्डो) भन्न ।<br>**ग.** दश वटा आदरार्थी शब्दहरु<br>आङडाङ (सङ्ख्याहरु – २१ देखि ५० सम्म) चिन्न । |

## ख. सिकाइ उपलब्धि कक्षा ६-८

| विषयवस्तुको क्षेत्र | कक्षा – ६ | कक्षा – ७ | कक्षा – ८ |
|---|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि | सिकाइ उपलब्धि |
| १. हेलम्बु परिचय | १. आफ्नो गाउँपालिकाका सबै वडा र गाउँपालिकाको पुरानो र नयाँ नाम पत्ता लगाई वडा र गाउँपालिकाको नाम कसरी रहेको पौराणिक कथाका आधारमा नामको अर्थ पत्ता लगाउन ।<br>२. ग्याल्थुम, महाङ्काल र किउलको भौगोलिक परिचय दिन ।<br>३. गाउँ कार्यपालिका बनोट प्रस्तुत गर्न ।<br>४. न्यायिक समितिको संरचना पहिल्याउन ।<br>५. हेलम्बुमा कार्यरत सरकारी तथा अन्य सामाजिक संघ संस्थाको पहिचान गर्न<br>६. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा विद्यालय शिक्षा र उच्च शिक्षा र स्वास्थ्य संस्थाको संरचना दर्शाउन ।<br>७. आफ्नो वडामा बसोवास गर्ने जात, जाति, भाषा र धर्मका मानिसहरूले अपनाएको परम्परागत पेसा पहिचान गर्न ।<br>८. हेलम्बुको प्रहरी चौकी र सुरक्षा अवसर पत्ता लगाउन ।<br>९. हेलम्बुका प्रमुख स्थानहरुः ग्याल्थुम, सेमराङ, ताखोर, तिम्बु,महाङ्काल र किउलको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न | १. काठमाडौँ (सुन्दरीजल र साँखु), धुलिखेल, चौतारा त्रिशुलीबजार, धुन्चे, गोसाईँकुण्ड र मेलम्ची बजारबाट हेलम्बुको गाउँ कार्यपालिकाको कार्यालय जाने बाटोको वर्णन गर्न ।<br>२. आमायाङ्री, पाल्चोक र इचोकको भौगोलिक परिचय दिन र चनौटेबाट ती स्थानमा पुग्ने पदमार्ग कोर्न ।<br>३. गाउँसभाको गठन र संरचना पहिल्याउन<br>४. कार्यपालिका निर्वाचन प्रक्रियाको व्याख्या गर्न ।<br>५. गाउँपालिकाका विभिन्न समितिका नामहरु चिन्न ।<br>६. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा मोटरबाटो, खानेपानी र सिँचाईको संरचना चित्रण गर्न ।<br>७. आफ्नो गाउँपालिकाकामा बसोवास गर्ने जात, जाति, भाषा र धर्मका मानिसहरूले अपनाएको परम्परागत पेसा पहिचान गरी आजको नयाँ पेसासँग सम्बन्ध गाँस्न ।<br>८. मेलम्ची खानेपानी र सुरुङको परिचय<br>९. हेलम्बुका प्रमुख स्थानहरुः इचोक, पाल्चोक, पलरी पद्म, सोल्सिङ, दोर्जे ग्यारम, छयादीज्यो, | १. प्राचीन हेलम्बुको भौगोलिक सिमाना पहिचान गरी यसको पुष्टि हुने ऐतिहासिक तथ्य गुरु रिन्पोछेले ध्यान गरेको गुप्तभूमी (भेह्युल) र राजराजेश्वरीको हेलम्बु निर्वासनको सन्दर्भ सूचनाका २. आधार प्रस्तुत गर्न ।<br>सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको अक्षांश र देशान्तर सहित भौगोलिक परिचय दिन ।<br>३. कार्यपालिका कार्यक्षेत्र पहिचान गर्न ।<br>४. न्यायिक समितिका कार्यहरु उल्लेख गर्न ।<br>५. गाउँपालिकाका विभिन्न समितिका कार्यहरुको पहिचान गर्न ।<br>६. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा विद्युत, सञ्चार र यातायातको संरचना र अवस्था बताउन ।<br>७. हेलम्बुका बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको परिचय दिइ तिनले उपलब्ध गराउने सेवाहरु उल्लेख गर्न ।<br>८. हेलम्बुका लागि मेलम्ची खानेपानीको महत्त्व वर्णन गर्न ।<br>९. हेलम्बुका प्रमुख स्थानहरुः आमायाङ्री, तार्केघ्याङ, पाङसुङफुक, न्हेदिङ, चुटी गोन्पा, एकीकृत बस्ती, ज्योडिन,<br>छुयान्लाग गेदेन |

| | | | |
|---|---|---|---|
| | | सेमिसिदाङ, र सेर्माथाङको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न | र मेलम्चीघ्याङको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न। |
| २. प्राकृतिक स्रोत र सम्पदा | १. राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्रका बारेमा फरक छुट्याउन।<br>२. नक्सामा भ्रेमाङ्थान र यहाँबाट उत्पन्न हुने खोल्सा देखाउन।<br>३. हिमालयको लहरमा दोर्जे लाक्पा हिमाल चिन्न र नक्सा उतार्न।<br>४. ठाडेपाटीको भौगोलिक अवस्थिति र यहाँ जाने पैदल मार्ग चित्राङ्कन गर्न।<br>५. रिवर्मा झरनाको बारेमा सङ्क्षिप्त परिचय दिन।<br>६. गुफाको निर्माण कसरी भयो होला अनुमान लगाउन।<br>७.धसिङ्गरे, सिस्नु, टिम्मुर, टटेलो, भैराजको उपयोगिता चिनेर उत्पादन र सङ्कलन कार्यमा सहभागिता जनाउन। | १. लाङटाङ राष्ट्रिय निकुञ्जको अवस्थिति, क्षेत्रफल हेलम्बुमा यसले ओगटेको भूभाग र यहाँ पाइने वनस्पति र जनावर चिन्न<br>२. भ्रेमाङ्थानको भौगोलिक अवस्थितिको वर्णन गर्न।<br>३. ढुक्फु तालको धार्मिक महत्त्व उल्लेख गर्न।<br>४. नेघ्याङ्ग पिक हिमालको पदमार्ग उल्लेख गर्न।<br>५. पानीको महत्त्व बताउन।<br>६. ब्ल्याङ्चे झरनाको बारेमा सङ्क्षिप्त परिचय दिन।<br>७. गुफाको महत्त्व बताउन।<br>८. बोझो, बज्रजन्ती, अमला, घ्यूकुमारी, तुलसी, पुदीना, कागतीको उपयोगिता चिनेर उत्पादन र सङ्कलन कार्यमा सहभागिता जनाउन। | २. लाङटाङ राष्ट्रिय निकुञ्जको आर्थिक महत्त्व र मध्यवर्ती विकास क्षेत्रबाट जनतालाई हुने फाइदा उल्लेख गर्ने।<br>३. भ्रेमाङ्थानको भूबनोटका बारेमा जानकारी दिन।<br>४. नक्सामा ताल कार्कुच्यूङ देखाउन।<br>५. गन्जलापास हिमालको पदमार्ग उल्लेख गर्न।<br>६. सेमिसिदाङ पास हिमालको अवस्थिति उल्लेख गर्न।<br>७. ब्ल्याङ्चे झरनाको परिचय दिन।<br>८. गुफा संरक्षणका उपाय पहिल्याउन।<br>९. जडीबुटी उत्पादन र प्रशोधन कार्यमा सहभागिता जनाउन। |
| ३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | १. प्रसिद्ध धार्मिक स्थलहरु (होम छे, च्योमथली गोन्पा, दोर्जे थमु डुग्धु) को अवस्थिति बताउँदै कुन समयमा कस्तो मेला लाग्छ चिनाउन .<br>२. मन्दिर र गोन्पामा गरिने पूजाविधि र चर्चमा गरिने प्रार्थनाको विधिका बारेमा बताउन। | १. पुरातात्त्विक वस्तुको चिनारी दिन गाउँपालिकाका पुरातात्त्विक महत्त्वका वस्तुहरु पहिल्याउन।<br>२. मन्दिर, गोन्पा र चर्चमा राखिएका सांस्कृतिक वस्तु / बाजाहरूका नाम चिन्न।<br>३. हेलम्बुमा प्रयोगमा आएका प्रमुख कला र संस्कृति चिन्न र विशेषता बताउन। | १. गाउँपालिकाका पुरातात्त्विक वस्तुको संरक्षणका उपायहरु पहिलायाउन र सहभागी हुन।<br>२. हेलम्बुका जमिन र यसका प्रकारका बारेमा परिचित हुन<br>३. हेलम्बुमा प्रयोग हुने भाषाहरु चिन्न।<br>४. हेलम्बुका प्रमुख साहित्यिक श्रष्टा चिनेर |

| | | | |
|---|---|---|---|
| | ३. गुठीको परिचय दिइ यहाँका प्रमुख गुठीहरुको पहिचान गर्न। | ४. गुठीको संरक्षणका उपाय र हेलम्बुमा यसको प्रभावका बारेमा खोजी गर्न। | प्रमुख कृतिका नाम र केही अंश बताउन।<br>५. गुठीलाई कसरी जनउपयोगी गराउन सकिन्छ उपाय पहिल्याउन। |
| ४. पर्यटकीय स्थल | १. पर्यटकीय स्थलहरुः मेलम्चीघ्याङ, लाङटाङ, तार्केघ्याङ र सेर्माथाङका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न।<br>२. गुरुरिन्पोछेको महिमाका बारेमा जानकारी सङ्कलन गर्न।<br>३. गाउँपालिकाका प्रमुख सडक र बाटोका बारेमा नक्सासहितको पर्यटकीय सूचना सङ्कलन गर्न।<br>४. हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) का बारेमा सङ्क्षिप्त प्रचार समाग्री बनाउन।<br>५. हेलम्बु सर्किटको पदमार्ग चिन्न। | १. पर्यटकीय स्थलहरुः बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुमका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न।<br>२. न्यापिटङको अर्थ लगाई यसका लागि आफ्नो गाउँपालिकाभित्र सम्भाव्य ठाउँ पहिचान गर्ने।<br>३. गाउँपालिकाका प्रमुख हुलाकी मार्गको नक्सासहितको सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शक बुक बनाउन।<br>४. हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को अर्थिक र पर्यटकीय महत्त्व वर्णन गर्न।<br>५. हेलम्बु सर्किटको पदमार्गको नक्सा बनाइ विभिन्न स्थानको चिह्न लगाउन। | १. पर्यटकीयस्थलहरुको विकासका लागि अपनाउनु पर्ने उपाय पहिचान गर्न।<br>२. थप पर्यटकीय स्थल पहिचान गर्ने कार्यमा सहभागी हुने।<br>३. पर्यटनका लागि न्यूनतम पूर्वाधारहरु के के हुन सक्छन् खोजी गर्न।<br>४. प्रमुख पर्यटकीय गन्तव्यमा पुग्ने वैकल्पिक बाटोको पहिचान गर्न<br>५. थोराङ पासको नक्सा उल्लेखित पर्यटकीय सूचना सहितको पथप्रदर्शकबुक बनाउन।<br>६. हेलम्बु सर्किटको पदमार्गको पर्यटकीय विवरणको वर्णन गर्न।<br>७. मिस नेपाल, मिस वर्ल्ड र योगी नरहरि नाथ प. पोखरेलले भ्रमण गरेको ठाउँ। |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | १. विभिन्न रीतिरिवाज  गुन्यूचोली, जन्मदिन, मृत्यु र क्रिया संस्कार  विधिका बारेमा वर्णन गर्न।<br>२. विभिन्न चाडपर्वः तिज, जनैपूर्णिमा, हरिबोधिनी एकादशी, नारा र छेच्यूका बारेमा वर्णन गर्न।<br>**३.** धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः कहिले र कुन अवस्थामा काम गर्छन् भन्न। | १. विभिन्न रीतिरिवाज घेवा, श्राद्ध र छेवार संस्कार मनाउने  विधि बताउन।<br>२. विभिन्न चाडपर्वः मानेबुम, म्हपूजा, क्रिसमस डे, ह्यापे, बालाचर्तुदशी, शिवरात्री र श्रीपञ्चमी मनाउने विधि बताउन।<br>३. धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः के के विधि अपनाउँछन् पत्ता लगाउन। | १. विभिन्न रीतिरिवाज  घ्याङ्जु, मासिक र वर्षान्त संस्कार मनाउने तरिका<br>२. विभिन्न चाडपर्वः रामनवमी, नागपञ्चमी, कुसेऔंसी, कृष्ण जन्माष्टमी र मानेघ्यावा मनाउने तरिका छलफल गर्न।<br>३. धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः आर्थिक. सामाजिक र मनोवैज्ञानिक महत्त्व बताउन। |
| ६. पेसा | १. पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने | १. पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने | १. काष्ठ उद्योग, बेत/बाँसबाट गर्न सकिने |

| | | | |
|---|---|---|---|
| व्यवसाय र उद्यम | मिल चिन्न र उपयोगिता बताउन ।<br>२. बेत/बाँसबाट बनाउन सकिने उद्योगः नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन ।<br>३. उद्योगको लागि फलफूल (भुईंस्याऊ, सुन्तला र कागती) उत्पादनमा सहभागिता जनाउन ।<br>४. सिलाइ बुनाइः गुन्द्री, मान्द्रो, भकारी, डालो, डोको, थुन्चे, पेरूङ्गो, कोक्रो बुन्न सिक्न ।<br>५. कफी उत्पादन र प्रशोधन उद्योगका लागि आवश्यक सिपको पहिचान गर्न ।<br>६. बाँसबाट बन्ने हस्तकलाका सामान/ भाँडाको उत्पादन सिप सिक्न ।<br>७. पर्यटन व्यवसायका लागि चिया नास्ता बनाउन । | मिलको संरचना व्याख्या गरी सञ्चालनको अभ्यास गराउन ।<br>२. फर्निचर उद्योगका लागि काष्ठ, बेत/बाँसबाट गर्न सकिने उद्योगः सिकर्मी, डकर्मी, नाम्लो दाम्लो भकारी डोको थुन्चे बुन्न सिक्न ।<br>३. उद्योगको लागि वनस्पति (किवी, टिमुर र अम्रिसो) उत्पादनमा सहभागिता जनाउन ।<br>४. सिलाइ बुनाइसँग सम्बन्धितः गुन्द्री, मान्द्रो भकारी बुन्न, जनै बाट्न, परालको कुनिउँ लगाउन, मकैको कुनिउँ लगाउन र खर वा छवालीले छाना लगाउन ।<br>५. घरेलु उद्योगः चिया उत्पादन र प्रशोधन उद्योगमा सहभागिता जनाउन , काठबाट बन्ने भाँडाको उत्पादनमा सहभागी हुन, कफी उत्पादन र प्रशोधन उद्योगमा सहभागिता जनाउन, चिया उत्पादन र प्रशोधन उद्योग र खाद्यान्न प्रशोधन उद्योग सञ्चालनमा सहभागिता जनाउन ।<br>**६. पर्यटन व्यवसायः** होमस्टेमा काममा सघाउन । | उद्योग, सिकर्मी र डकर्मी कामका बारेमा परिचित हुन ।<br>२. नाम्लो, दाम्लो, भकारी, डोको, थुन्चे, बुन्ने काममा सहभागिता जनाउन ।<br>३. उद्योगको लागि वनस्पतिजन्य उत्पादनः काठ, बाँस, निगालो, केतुके, खर उत्पादनमा सहभागी हुन ।<br>**४. सिलाइ बुनाइः** ढाका, सामान्य कपडा बुन्न, सिलाइ कटाइ गर्न, परम्परागत बख्खु बुन्न, जनखि पटुका बुन्न र राडी बुन्न ।<br>**४. घरेलु उद्योगः** खाद्यान्न प्रशोधन उद्योग, ग्रिल उद्योग, हस्तकला(धातुबाट बन्ने भाँडाको उत्पादन र कलाहरू) काममा सहभागी हुन ।<br>**५. पर्यटन व्यवसायः** होटल, लज, ट्रेकिङ, ट्रेकिङ पथप्रदर्शक र पर्वतारोहण व्यवसाय समेतका काममा अनुभव गर्न । |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित | १. जलवायु परिवर्तन र अनुकूलनको अर्थ र उदाहरण बताउन ।<br>२. प्रकोपः डँढेलो, चट्याङ, हिमपहिरोको असर दर्शाइ बच्ने उपायहरुको खोजी गर्न ।<br>**३.वातावरण संरक्षणका उपायहरुः** वृक्षारोपण, नदी नियन्त्रण, भूक्षय नियन्त्रण | १. जलवायु परिवर्तनले पार्ने असरहरु र यसको प्रभावबाट बच्ने सावधानी अपनाउन ।<br>२.वातावरण संरक्षणका उपायहरुः जथाभाबी उत्खनन् कार्यमा रोकः (ढुङ्गा, रोडा, बालुवा तथा नदी दोहन) एकीकृत | १. जलवायु परिवर्तन र यसको प्रभावबाट सावधानी अपनाउन।<br>२.वातावरण संरक्षणका उपायहरुः<br>– उच्च आवाज निषेधित क्षेत्रको सम्मान गर्न ।<br>– विषादीमुक्त वातवरणमा प्राङ्गारिक |

| | | | |
|---|---|---|---|
| विद्यालय | छेकबार निर्माण (जाली लगाउने, खोला नियन्त्रणमा सुख्खा तथा जाली पर्खाल, बोरामा माटो राखी पर्खाल तथा बाढी नियन्त्रण गर्ने तार जालीको प्रयोग गर्ने) उपायहरुसँग परिचित हुन ।<br>**४.** विद्यालयमा बगैँचा निर्माण गरी गाजर, बोडी, सिमी, करेला, फर्सी र लौका उत्पादन गर्न । | विकास योजना, चरिचरन तथा वन बिनासमा रोक, सामुदायिक वन समिति निर्माण, वातावरण संरक्षणमा होडिङ बोर्ड, प्रचार प्रसार, पोष्टरिङ, प्ले कार्ड तथा ऱ्याली गर्न ।<br>**३.** विद्यालयमा बगैँचा निर्माण गरी स्कुस, भेण्टा, चिप्ले भेण्टा, काउली, बन्दा, आलु र मुला उत्पादन गर्न । | खेतीमा जोड दिन ।<br>– फोहोरमैला व्यवस्थापन, बाटो घाटो व्यवस्थापन तथा सडक स्तरोन्नति र ढल व्यवस्थापनमा सहभागिता जनाउन ।<br>३. विद्यालयमा बगैँचा निर्माण गरी (बोझो, घ्यूकुमारी, दुबो, धुपी, अशोक, कपुर, टिम्मुर, अलैँची, चिराईतो) वृक्षारोपण गर्न । |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको परिचय दिन ।<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः डोका, डाला, थुन्से, नाङ्ला, थाङ्का, राडी पाखी बुन्ने तान | १ स्थानीय प्रविधिको उद्देश्य र महत्त्व बताउन ।<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः गलैँचा बुन्ने तान, दही मोही तुल्याउने ठेकी वा टोलङ, टुङ्ना, शिलालेख, दाईँ, तेल र उखु पेल्ने कोल | १ स्थानीय प्रविधिको प्रयोग<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः<br>हलो, जुवा, सन्दुस, ढुकुटी, तोस्रो, हतासो । |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | १. **स्वास्थ्य र सरसफाइः** टोल छरछिमेकको सरसफाइमा सहभागी हुन ।<br>२. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना खान ।<br>**३. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** /तान्त्रिक उपचार विधिको परिचय दिन ।<br>४. **योग, ध्यान र प्रणायमको अभ्यास गर्न ।**<br>**५. असल संस्कारः** घर, विद्यालय र टोल छिमेकमा असल आनिबानी प्रदर्शन गर्न । | १. **स्वास्थ्य र सरसफाइः** वरपरको वातावरको सरसफाइ<br>२. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना सङ्कलन गर्न र खान ।<br>**३. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** /तान्त्रिक उपचार विधिको महत्त्व बताउन ।<br>४. **योग, ध्यान र प्रणायमको अभ्यास**<br>५. **असल संस्कारः** परोपकार<br>६. **धार्मिक र नैतिक सहिष्णुताः** महत्त्व<br>**७. स्थानीय खेलहरुः** कपर्दी र डण्डिवियो खेल्न । दब्चिखेल | १. **स्वास्थ्य र सरसफाइः** विद्यालयको सरसफाइ<br>२. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना बनाउन ।<br>**३. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** /तान्त्रिक उपचार विधि पहिचान गर्न ।<br>४. **योग, ध्यान र प्रणायमको अभ्यास**<br>**५. असल संस्कारः** श्रमदान<br>६. **धार्मिक र नैतिक सहिष्णुताः** पालना<br>**७. स्थानीय खेलहरुः** लक्कुढाल र घ्वाईँकासा खेल्न ।<br>८. मनोरञ्जनात्मक काममा समूहमा |

| | | | |
|---|---|---|---|
| | ६. **धार्मिक र नैतिक सहिष्णुताको** पालना गर्न ।<br>७. **स्थानीय खेलहरुः** रेडिरेस, गट्टा खेल्न ।<br>८. **गलत संस्कारः** जुवातास खेल्नाले हुने हानीको बयान गर्न । | ८. **गलत संस्कारः** बालविवाहको बेफाइदा दर्शाउन । | सहभागिता जनाउन ।<br>९. **गलत संस्कारः** आत्महत्याबाट बच्ने उपायका बारेमा जनचेतना जगाउन । |
| १०. लिपिः सम्भोटा | **क. गोच्येन् :**<br>– रागो च्युञ्यी (शिरमा 'र' भएका १२ वटा अक्षरहरु) चिन्न;<br>– लागो च्यु (शिरमा 'ल' भएका १० वटा अक्षरहरु) चिन्न;<br>– सागो च्युच्यिक (शिरमा 'स' भएका ११ वटा अक्षरहरु) चिन्न<br>– रागो, लागो र सागोबाट बन्ने शब्दहरु बनाउन<br>**ख. लोगयिग डुकः**<br>– छवटा उल्टा अक्षरहरु चिन्न ।<br>– लोगयिग डुकको प्रयोग गर्न<br>**ग. थुग्पो हिगे ङाः**<br>– पाँचवटा बाक्लो अक्षरहरु चिन्न ।<br>– थुग्पो हिग ङाको प्रयोग गर्न ।<br>**घ. पन्ध्र वटा आदरार्थी शब्दहरु भन्न ।** | **क. ङोन्जुक** (धातुको अगाडि आउँदा उच्चारण नहुने पाँच अक्षरहरु ), म्हिङ्सी (धातु) चिन्न,<br>**ख.** जेजुग (धातुको पछाडि लाग्ने १० वटा अक्षरहरु) चिन्न,<br>**ग.** यङ्जुक (जेजुकको पछाडि लाग्ने तर उच्चारण नहुने दुइवटा अक्षरहरु) चिन्न,<br>**घ.** ङोन्जुक, म्हिङ्सी, जेजुग र यङ्जुकको प्रयोग गर्न ।<br>ङ. छोटा तथा साधारण वाक्यहरुः आफ्नो परिचय दिन ।<br>**च.** दुइ प्रकारका खानपानको पूर्व गरिने पाठ (क्षोपा फुलवी मोन्लम) वाचन गर्न ।<br>**छ.** बिस वटा आदरार्थी शब्दहरु<br>आङडाङ (सङ्ख्याहरु – ८१ देखि १०० सम्म) चिन्न । | **क. शब्द भण्डारः** दैनिक प्रयोजनका आधारभूत शब्दहरू चिन्नः नातागोता, पढाइ लेखाइका सामग्रीहरु, खाद्य सामग्रीका नामहरु, दैनिक पूजाआजामा प्रयोग हुने सामग्रीहरु, जनावर, वनस्पति, यातायातका साधनहरु<br>**ख. साधारण वाक्यः** पारीवारिक कुराकानी, विद्यालयमा साथीसाथीसँग गरिने कुराकानी, साधारण वार्तालाप गर्न ।<br>**ग. छोटो अनुच्छेदः**<br>आफू, आफ्नो परिवार वरपरको वातावरणका बारेमा छोटो अनुच्छेद लेख्न<br>**घ. सात बारका नाम भन्न ।**<br>**ङ. बाह्र वर्षको नाम भन्न ।**<br>**च. बुद्धको १२ लीला (जेपाचुञी) भन्न ।**<br>**छ. पचास वटा आदरार्थी शब्दहरु बनाउन ।**<br>**ज. आङडाङः**<br>(सङ्ख्याहरु – शून्यदेखि अर्बसम्म) चिन्न । |

| | | | |
|---|---|---|---|
| | **ङ. बोधिचित्त उत्पात पाठ (सेमकेत) आङडाङ** (सङ्ख्याहरु – ५१ देखि ८० सम्म) पहिचान गर्ने । | | |
| ११. भाषाः संस्कृत | १२. **रूपावलीः** मुख्य मुख्य अजन्त र हलन्त शब्दको रूपज्ञान र अभ्यास (नेपालीमा प्रचलित संस्कृत शब्दलाई प्राथमिकता दिने) गर्ने ।<br>१३. **शिव वन्दनाः** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) वाचन गर्ने ।<br>१४. ५१ देखि ८० सम्मको सङ्ख्या चिन्न । | **क.** धातु रूपावली र सरल वाक्यरचना अभ्यास गर्ने (नेपाली भाषामा प्रयोग हुने शब्द र क्रियापदसँग मिल्दाजुल्दा संस्कृतका शब्द र क्रियापद खोजी वाक्य बनाउने)<br>**ख.** **बुद्ध वन्दनाः** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) अर्थसहित वाचन गर्ने ।<br>**ग.** ८१ देखि १०० सम्मको सङ्ख्या चिन्न । | **क.** वाक्यरचना अभ्यास गर्ने (नेपाली भाषामा प्रयोग हुने शब्द र क्रियापदसँग मिल्दाजुल्दा संस्कृतका शब्द र क्रियापद खोजी वाक्य बनाउने)<br>**ख.** संस्कृतमा लघु निबन्ध रचना अभ्यास गर्ने (आफू र आफ्नो परिवार, समुदाय, भूगोल, वनस्पति, पशुपन्छी, नदी र पर्वतको परिचय दिने)<br>**ग.** **देवस्तुतीः** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) वाचन गर्ने ।<br>**घ.** **सात बारका नाम भन्न ।**<br>**ङ.** **बाह्र महिनाको नाम भन्न ।**<br>**च.** शून्यदेखि अर्ब सम्मका सङ्ख्यावाचक शब्दलाई प्रयोग गरी संस्कृतमा वाक्य रचना गर्ने । |

# ७. विषय क्षेत्र र क्रम

## क. स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुका क्षेत्र र क्रम र सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा ४)

| विषयवस्तुको क्षेत्र | कक्षा – ४ | | | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
| १. हेलम्बु परिचय | १. आफ्नो टोल र वडाको नाम पत्ता लगाई टोलको नाम र वडाको मुख्य भागको नामको अर्थ पत्ता लगाउन । | - आफ्नो टोलको नाम<br>- वडालाई चिनाउने गाउँको पहिचान<br>- गाउँ वा वडाको नामको अर्थ | - विद्यार्थीहरुलाई समूह विभाजन गरी आफ्नो टोलको नाम एक आपसमा सोध्न लगाउने ।<br>- कुनै गाउँको वडा र मुख्य बस्तीको नामको उदाहरण देखाउँदै आफ्नो वडालाई चिनाउने प्रमुख गाउँको नाम अभिभावकबाट पत्ता लगाउन लगाउने ।<br>- कुनै गाउँको नामको अर्थ उदाहरण स्वरूप देखाउँदै आफू बसेको टोल र गाउँको नामको अर्थ घर र छरछिमेकबाट सोधखोज गर्न लगाउने । | - कार्डबोर्ड पेपरमा आफ्नो टोल र गाउँको नाम लेखिएको पोष्टर बनाउन लगाउने ।<br>- आफ्नो वडालाई चिनाउने गाउँको नाम आफ्नो अभिभावकलाई सोधेर पत्ता लगाई आफ्ना साथीलाई सुनाउन लगाउने ।<br>- आफू बसेको टोलको नाम आफ्नो परिवार र टोलबाट सोधखोज गरी शिक्षकलाई सुनाउने । |
| | २. आफ्नो टोलमा रहेका प्रमुख स्थलहरुको भौगोलिक बनावटको वर्णन गर्न । | आफ्नो टोलको भूसतह र माटोको अवस्था, बालुवा, बगर, वन वा भिरपहरा भएको अवस्था । | विद्यालयको खेलमैदान वा सम्म ठाउँमा विद्यार्थीलाई लगेर कुनै गाउँको भूसतह र गाउँमा भएका खोला, खेत, बारी, पाखो, वनजङ्गल, पहरा, पहिरो चिनाउने । | परियोजना कार्यः आफ्नो गाउँको मुख्यभागको भौगोलिक बनावट कस्तो छ समुदायमा अवलोकन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । |
| | ३. आफ्नो वडाका बासिन्दाको महिला र पुरुषको कुल जनसङ्ख्या प्रस्तुत गर्न | वडाको कुल जनसङ्ख्या<br>महिलाको सङ्ख्या<br>पुरूषको सङ्ख्या<br>अन्य लैङ्गिक व्यक्तिहरुको सङ्ख्या | शिक्षकले कुनै एक गाउँको कुल जनसङ्ख्या र विभिन्न लिङ्गका मानिसहरुको कुल जनसङ्ख्याको चार्ट बनाइ कक्षामा प्रदर्शन गराउने र विद्यार्थीलाई छलफल गराउने । | परियोजना कार्यः आफ्नो वडा कार्यालयको भ्रमण गराएर वा गाउँको वडा सदस्यलाई सोधेर आफ्नो वडामा वसोवास गर्ने व्यक्तिहरुको कुल सङ्ख्या र विभिन्न लिङ्गका व्यक्तिहरुको सङ्ख्या पत्ता लगाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | ४. आफ्नो वडाको कुल घरधुरी सङ्ख्या चिन्न | आफ्नो गाउँपालिका<br>आफ्नो वडा<br>आफ्नो वडाको कुल घरधुरी | शिक्षकले कुनै एक गाउँ पालिकाको घरधुरी सङ्ख्या चार्टमा राखी प्रस्तुत गर्ने ।<br>विद्यार्थीहरुलाई आफ्नो टोलको जम्मा घरधुरी सङ्ख्या अनुमान गर्न लगाउने । | आफ्नो टोलका वरिष्ठ मानिसलाई सोधेर आफू बसेको गाउँको कुल घरधुरी सङ्ख्या पत्ता लगाउन लगाई कक्षामा प्रस्तुत गर्ने । |
| | ५. गाउँपालिकाको नक्सा बनाइ वडाहरु छुट्याउन | गाउँपालिकाको नक्सा<br>वडाको नक्सा | शिक्षकले सबै वडाहरु खुलेको गाउँपालिकाको नक्सा प्रदर्शन गराइ कक्षामा छलफल गराउने ।<br>सेतो पाटी र कापीमा नक्सा कोर्ने अभ्यास गराउने ।<br>विभिन्न वडाहरु छुट्याउन लगाउने । | बाहिर खेलमैदानमा लगेर बालुवा वा माटोमा गाउँपालिकको नक्सा कोर्न लगाई वडा छुट्याउन लगाउने । |
| | ६. आफ्नो वडाको क्षेत्रफल वर्ग किलोमिटरमा पत्ता लगाउन | वडाको क्षेत्रफल<br>किलोमिटर<br>वर्गकिलोमिटर | शिक्षकले उदाहरणस्वरूप कुनै गाउँको क्षेत्रफल वर्ग किलोमिटरमा देखाउने । | आफ्नो वडाको क्षेत्रफल कति होला आफ्ना अभिभावकमार्फत पत्ता लगाई लेखेर ल्याउन लगाउने । |
| | ७. वडा समितिको संरचना बताउन | वडा समिति<br>वडा समितिको बनोट | वडा समितिको बनोट खुल्ने तालिका भित्तामा प्रदर्शन गरी कक्षामा छलफल गराउने । | वडा समितिमा को को हुन्छन भन्न लगाउने । |
| | ८. आफ्नो वडामा बसोबास गर्ने मानिसहरुको जात, जाति, भाषा, धर्म पहिचान गरी विभिन्न जात जातिका अलग अलग थर र गोत्र छुट्याउन | आफ्नो वडामा बसोबास गर्ने मानिसहरुको जात, भाषा, धर्म, थर र गोत्र | शिक्षकले कुनै एक गाउँमा बस्ने बासिन्दाको जात, भाषा, थर, गोत्र र धर्म खुल्ने तालिका प्रदर्शन गराइ कक्षामा छलफल गराउने ।<br>कक्षाका सबै बालबालिकालाई आफ्ना जात, भाषा, थर, गोत्र र धर्म अनुमान गरेर साथीलाई भन्न लगाउने । | परियोजना कार्यः बालबालिकालाई घरमा सोधेर निम्न तालिका भर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>तपाईको वडामा बसोवास गर्ने मानिसको<br>जातहरु:<br>भाषाहरु:<br>थरहरु:<br>गोत्रहरू:<br>धर्महरु: |
| २. प्राकृतिक स्रोत र सम्पदा | १. मेलम्छिम (मेलम्ची) नदी र आमायाङ्रीको भौगोलिक अवस्थितिका बारेमा वर्णन गर्न | मेलम्छिम (मेलम्ची) नदी,<br>आमायाङ्री<br>भौगोलिक अवस्थिति | आफ्नो घर नजिकबाट नजिक पर्ने मेलम्छिम (मेलम्ची) नदीको भ्रमण गराउने । मेलम्छिम (मेलम्ची) नदीको भौगोलिक अवस्थिति देखाउँदै छलफल गराउने । | मेलम्छिम (मेलम्ची) नदीको भौगोलिक अवस्थिस्ति भन्न लगाउने ।<br>आमायाङ्रीको भौगोलिक अवस्थिति भन्न/बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | | आमायाङ्रीको भौगोलिक अवस्थिति फोटो वा भिडियोबाट छलफल गराउने। | लगाउने। |
| | २. आफ्नो घरवरपरका वनजङ्गलमा पाइने काठजन्य बोटविरुवाको पहिचान गर्न। | काठजन्य बोटबिरूवा | नजिकैको वनजङ्गल घुमाउने<br>काठजन्य बोटहरु चिनाउने र तिनको नाम सोध्ने।<br>नाम भन्न नसकेमा भनी दिएर लेख्न लगाउने।<br>कक्षामा अन्य काठका नाम पनि रूखको चित्र सहित देखाउने। | आफ्नो घर नजिकै भएका काठजन्य बोटबिरूवाको नाम लेख्न लगाउने। |
| | ३. वडाभित्र रहेका प्रसिद्ध गुफाको नाम र गुफा रहेको ठाउँ चिन्न। | प्रसिद्ध गुफाको नाम र गुफा रहेको ठाउँ | शिक्षकले कुनै ठाउँमा भएका गुफाको फोटो वा भिडियो प्रदर्शन गराउन।<br>त्यो गुफा कुन स्थानमा पर्छ भन्न लगाउने।<br>उनीहरुको गाउँ टोल र वडामा भएका गुफाको नाम र गुफा रहेको खास ठाउँको नाम भन्न लगाउने। | गुफाको चित्र बनाउन लगाई रङ भर्न लगाउने। |
| | **४. सामुदायिक वनको अर्थ र महत्त्व बताउन।** | सामुदायिक वन | सामुदायिक वनका बारेमा कक्षामा प्रश्न सोध्ने।<br>अर्थ र महत्त्व भन्ने।<br>राष्ट्रिय र निजी वनसँग सामुदायिक वन तुलना गराउने।<br>सामुदायिक वनबाट समुदाय लाभन्वित भएका उदाहरणहरू खोज्न लगाउने। | सामुदायिक वनको महत्त्वका बारेमा निबन्ध लेख्न लगाई पुरस्कृत गर्ने। |
| | **५. आफ्नो गाउँघर नजिकै पाइने वन्यजन्तुको पहिचान गरी विशेषता भन्न।** | **आफ्नो गाउँघर नजिकै पाइने** बाँदर, बँदेल, डाँफे, सेतो मृग, मयूर, सालक, हुचिल, लाटोकोसेरो, कालो भालु, भिर मौरी लगायतका जनावरहरु | वन्यजन्तुको अर्थ<br>वन्यजन्तुका उदाहरण<br>वन्यजन्तुका वासस्थान<br>वन्यजन्तुका खाना<br>मानिसले अपनाउनु पर्ने सावधानीका बारेमा कक्षामा भिडियो वा चित्रको सहायताले छलफल गराउने। | वन्यजन्तुके के खान्छ सोध्ने।<br>वन्यजन्तुबाट बच्न के गर्नु पर्छ छलफल गराइ उनीहरुको सहभागिताको अवलोकन गर्ने।<br>वन्यजन्तुका चित्र बनाउन लगाउने। |
| | ६. आफ्नो गाउँघरमा पाइने जडीबुटीः चिराईतो, ठुलो औषधी, तितेपाती, पारिजात, | आफ्नो गाउँघरमा पाइने जडीबुटीः चिराईतो, ठुलो | जडीबुटीको अर्थ बताउँदै उनीहरुले घरमा प्रयोग गरेका जडीबुटीको बारेमा छलफल गराउने।<br>आफ्नो वरपर पाइने जडीबुटीका नाम भन्न | आफ्नो वरपर पाइने जडिबुटीको नमुना सङ्कलन गर्न लगाउने र तिनको उपयोगिता भन्न लगाउने। |

| | | | | |
|---|---|---|---|---|
| | कुरिलो चिनेर उपयोगिता पत्ता लगाउन । | औषधी, तितेपाती, पारिजात, कुरिलोको उपयोगिता । | लगाउने ।<br>थप स्थानीय जडीबुटीका नाम बताइदिने ।<br>जडीबुटीको उपयोगिताका बारेमा कक्षामा छलफल गराइ निष्कर्षमा पुऱ्याउने । | |
| ३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | **धार्मिक स्थलः** पाल्चोक भगवती, आमायाङ्री, ढुक्फु, सातधारा महादेवको अवस्थिति, मेला लाग्ने समय, जाने बाटो बताउन | पाल्चोक भगवती, आमायाङ्री, ढुक्फु, सातधारा महादेव | **चित्र र भिडियोको सहयोग लिएर** पाल्चोक भगवती, आमायाङ्री, ढुक्फु र सातधारा महादेवका बारेमा छलफल गराउने । ती धार्मिक स्थान कहाँ पर्छन् ? कहिले मेला लाग्छन्? त्यहाँसम्म आफ्नो घरबाट कसरी पुग्न सकिन्छ? विद्यार्थीको आफ्नै अनुभव भन्न लगाई शिक्षकले निष्कर्षमा पुऱ्याइ दिने । | चारवटा मध्ये कुनै एक धार्मिक स्थलका बारेमा वियार्थीको अनुभव भन्न लगाउने ।<br>आमायाङ्री र पाल्चोकको जयबागेश्वरी भगवतीको तस्विर बनाउन लगाउने । |
| ४. पर्यटकीय स्थल | - **पर्यटकीय स्थलः** होमस्टे, कुटुमसाङ घोप्टेघ्याङ, ककनी, थलडाँडाको परिचय दिन ।<br>- गाउँ का प्रमुख सडक र बाटोहरू पहिचान गर्न | **पर्यटकीय स्थलः** होमस्टे, ताखोर (कुटुमसाङ), सेमराङ् (घोप्टेघ्याङ), चित्रे, ग्याल्थुम सुरूङ, ब्ल्याङ्चे झर्ना, थलडाँडा<br><br>गाउँ का प्रमुख सडक र बाटोहरू | - नक्साको सहायताले ताखोर (कुटुमसाङ), सेमराङ् (घोप्टेघ्याङ), चित्रे, ग्याल्थुम सुरूङ, ब्ल्याङ्चे झर्ना, थलडाँडा र थलडाँडा देखाउने ।<br>- ती स्थानहरुका बारेमा विद्यार्थीका अनुभव सोध्ने ।<br>- ती स्थानहरुसम्म पुग्न प्रयोग हुने बाटोहरु नक्सामा देखाउने ।<br>- आफ्नो घरबाट त्यहाँ कसरी पुग्न सकिन्छ छलफल गराउने ।<br>- मूल सडक कहाँ कहाँ पर्छन् चिनाउने ।<br>- गाउँ का मुख्य बाटो वा सडकहरु भन्न लगाउने ।<br>- भिडियोको सहायताले होमस्टेको परिचय गराउने । | - आफ्नो घरमा होमस्टे चलाउन परेमा कस्तो पूर्वाधारको तयारी चाहिने रहेछ भन्न लगाउने ।<br>- गाउँ का प्रमुख बाटो वा सडकहरुको चित्र कोर्न लगाउने ।<br>- कुटुमसाङ, घोप्टेघ्याङ, ककनी र थलडाँडा कता कता पर्छन् सोध्ने । |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति | **१. रीतिरिवाज** (जन्मदेखि मृत्यु सम्मका सबै जातजातिका संस्कारहरु): छैठी, न्वारन र पास्नी मनाउने | गाउँमा बसोवास गर्ने सबै जातजाति छैठी,न्वारन / ढिपसाङ र पास्नी | कक्षाका सबै विद्यार्थीको जातजाति भन्न लगाउने ।<br>समूहमा छलफल गराए आफ्नो गाउँमा बसोवास गर्ने सबै जातजातिको नाम भन्न लगाउने । | **परियोजना कार्यः आफ्नो परिवारमा सोधेर आफ्नो जातिले कसरी** छैठी, न्वारान / ढिपसाङ र पास्नी मनाउँदा रहेछन् पत्ता लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । |

<table>
<tr><td rowspan="3">र भाषा</td><td>तरिकाको वर्णन गर्न ।</td><td></td><td>छैठी, न्वारान / ढिपसाङ र पास्नी मनाएको फोटो वा भिडियो प्रदर्शन गर्ने र कक्षामा छलफल गराउने ।<br>कुनै एक जातिले छैठी, न्वारान र पास्नी कसरी गर्छन् शिक्षकले सुनाउने ।<br>आफ्नो घर परिवारमा छैठी, न्वारान र पास्नी कसरी कसरी मनाइयो पालोपालो भन्न लगाउने ।</td><td></td></tr>
<tr><td>२. चाडपर्व: दशैँ, तिहार, ल्होसार, माघे संक्रान्ति, चैते दशैँ कहिले पर्छ र कसले र कसरी मनाउँछन् भन्न ।</td><td>दशैँ, तिहार, ल्होसार, माघे संक्रान्ति, चैते दशैँ</td><td>दशैँ, तिहार, ल्होसार, माघे संक्रान्ति, चैते दशैँ कुन कुन जातिका मानिसले कहिले र कसरी मनाउँछन् ? कक्षामा छलफल गराउने ।<br>चार्ट पेपरमा माथिको विवरण लेखी कक्षामा प्रदर्शन गर्ने र छलफल गराउने ।<br>यी चाडपर्व मनाएको भिडियो सामग्री कक्षामा प्रस्तुत गर्ने ।</td><td>कक्षामा छलफलबाट आएको निष्कर्षका आधारमा निम्न तालिका भर्न
<table>
<tr><td>क्रसं</td><td>चाडपर्वको नाम</td><td>मनाउने जातिहरु</td><td>लगाईने पोसाक</td><td>बनाइने खाना</td><td>मनाइने महिना</td></tr>
<tr><td>१</td><td>दशैँ</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>तिहार</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>ल्होसार</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>माघेसंक्रान्ती</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>चैतेदशैँ</td><td></td><td></td><td></td><td></td></tr>
</table>
लगाउने ।</td></tr>
<tr><td>३. आध्यात्मिक ज्ञान: परम्परागत पोसाकबाट धामी/ झाँक्री, लामा गुरु पुरोहित चिन्न ।</td><td>धामी/ झाँक्री, लामा गुरु र पुरोहित</td><td>कक्षामा धामी/ झाँक्री, लामा गुरु र पुरोहितको हुन छलफल गराउने ।<br>धामी/ झाँक्री, लामा गुरु र पुरोहितको चिनारी झल्किने फोटो वा भिडियो प्रदर्शन गर्ने र तिनले लगाउने पोसाकका बारेमा छलफल गराउने ।</td><td>निम्न तालिकामा चित्र र पोसाक भर्न लगाउने ।
<table>
<tr><td></td><td>चित्र वा फोटो</td><td>पोसाक</td></tr>
<tr><td>धामी</td><td></td><td></td></tr>
<tr><td>झाँक्री</td><td></td><td></td></tr>
<tr><td>लामागुरु</td><td></td><td></td></tr>
<tr><td>पुरोहित</td><td></td><td></td></tr>
</table></td></tr>
<tr><td rowspan="2">६. पेसा व्यवसाय र उद्यम</td><td>१. दुध, अण्डा र मासुका लागि पशुपन्छी पालन: कुखुरा, सुँगुर/ बँगुर, गाई, भैँसी पालनका लागि आवश्यक पूर्वाधार पहिल्याउन ।</td><td>कुखुरा, सुँगुर/ बँगुर, गाई, भैँसी</td><td>कुखुरा, सुँगुर/ बँगुर, गाई, भैँसीपालन गरेको गोठको अवलोकन गराउने ।<br>यी जनावर पालन गरिने ठाउँ, यिनले खानाखाने ठाउँ, यिनको फोहोर विसर्जन गर्ने ठाउँको बारेमा छलफल गराउने ।</td><td>कुखुरा, सुँगुर/ बँगुर, गाई, भैँसी पालन गर्दा कुन ठाउँमा कसरी राखिन्छ र यिनको मलमूत्रको व्यवस्थापन कसरी गरिन्छ लेख्न लगाउने ।</td></tr>
<tr><td>२. खाद्यान्न, फलफूल र तरकारी उत्पादन: मकै, धान, कोदो, जौ, गहुँ र फापर उत्पादनका तरिका वर्णन गर्न ।</td><td>मकै, धान, कोदो, जौ, गहुँ र फापर</td><td>मकै, धान, कोदो, जौ, गहुँ र फापरका नमुना विउ प्रदर्शन गरी नामबाट छुट्याउन लगाउने ।<br>बोटको तस्वीर प्रदर्शन गरी छलफल गराउने ।<br>यी वालिनाली कहिले, कहाँ र कसरी रोपिन्छ</td><td>घरबाट मकै, धान, कोदो, जौ, गहुँ र फापरका नमुना ल्याउन लगाई कसरी रोपिन्छ भन्न लगाउने ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | छलफल गराउने । | |
| | **३. उद्यमका लागि वनस्पतिजन्य उत्पादनः** सुन्तला, अम्बा, मेवा, आँप, किवी, भुईंस्याऊ, कागती, टिमुर चिन्न । | सुन्तला, अम्बा, मेवा, आँप, किवी, भुईंस्याऊ, कागती, टिमुर | सुन्तला, अम्बा, मेवा, आँप, किवी, भुईंस्याऊ, कागती, टिमुरका नमुना देखाइ कक्षामा छलफल गराउने ।<br>कुन फलफूल कसरी खाइन्छ छलफल गराउने । | सुन्तला, अम्बा, मेवा, आँप, किवी, भुईंस्याऊ, कागती, टिमुरका चित्र बनाउन लगाई कुन चिज कसरी खाइन्छ भन्न लगाउने । |
| | **सिलाइ बुनाइः**<br>- साधारण सिलाइ कटाइ गर्न ।<br>- कपासबाट बत्ती पार्न ।<br>- दुबो फूल पात आदिबाट<br>- विभिन्न प्रकारका माला उन्न ।<br>- धानको पुतली बनाउन । | **-** साधारण सिलाइ कटाइ, बत्ती पार्न, विभिन्न प्रकारका माला उन्न, धानको पुतली बनाउन । | कक्षामा साना साना समूह बानाइ समूहगतरुपमा सिलाइ कटाइ, बत्ती पार्न, विभिन्न प्रकारका माला उन्न, धानको पुतली बनाउन लगाउने ।<br>मौसम अनुसारको पाठ योजना मिलाइ कार्यमा आधारित शिक्षण सिकाइ गर्ने । | उत्पादित वस्तु हेरेर मूल्याङ्कन गर्ने । |
| | **५. घरेलु उद्योगः**<br>- कागज कारखाना, जडीबुटी उत्पादन, आरन सुधारका पूर्वाधार चिन्न<br>- कागजबाट बन्ने हस्तकलाका सामग्रीहरु बनाउन । | कागज कारखाना, जडीबुटी उत्पादन, आरन सुधार र कागजबाट बन्ने हस्तकला | कागज कारखाना, जडीबुटी प्रशोधन र आरनको भ्रमण गराउने ।<br>कागज कारखाना, जडीबुटी प्रशोधन र आरनको भिडियो सामग्री प्रदर्शनबाट कक्षामा छलफल गराउने । इन्टरनेट सर्च गरी कागजबाट बन्ने हस्तकलाका सचित्र उदाहरण खोजी गर्ने ।<br>कागजबाट बनेका हस्तकलाका सामग्रीको नमुना प्रदर्शन गर्ने ।<br>कागजबाट बन्ने हस्तकलाका नमुना बनाउन लगाउने | कागज कारखाना, जडीबुटी प्रशोधन र आरनको भ्रमण वा भिडियो प्रदर्शन पछि प्रत्येक उद्यमका बारेमा छोटो नोट लेख्न लगाउने ।<br>कागजबाट बन्ने सक्ने कुनै हस्तकलाको नमुना बनाउन लगाउने । |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | **१. प्रकोपः** बाढी, पहिरो र भूःक्षयका प्रभाव बताउन । | बाढी, पहिरो र भूःक्षयका प्रभाव | बाढी, पहिरो र भूक्षयको दृश्य छलफल गराउने ।<br>बाढी, पहिरो र भूःक्षयले पार्ने प्रभावका बारेमा कक्षामा छलफल गराउने ।<br>बाढी, पहिरो र भूःक्षयका प्रभावका रेडियो वा टिभी वा छापाका समाचार सुनाउने । | बाढी, पहिरो र भूःक्षयका प्रभाव भन्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | **२.वातावरण संरक्षणः** अर्थ लगाउन। | वातावरण संरक्षण | आफ्नो वरपरको वातावरण चिनाउने<br>वातावरण संरक्षण गरेको चित्र छलफल गराउने।<br>आफ्नो वरपरको वातावरण कसरी संरक्षण गर्न सकिन्छ छलफल गराउने। | वातावरण संरक्षणका उपायहरु लेख्न लगाउने। |
| | **३. हरित विद्यालयः** अर्थ र महत्त्व दर्शाउन। | हरित विद्यालय | हरित विद्यालयको चित्र वा भिडियो सामग्री प्रदर्शन गरी कक्षामा छलफल गराउने।<br>आफ्नो विद्यालयलाई कसरी हरित विद्यालयमा परिणत गर्न सकिन्छ छलफल गराउने।<br>विद्यालयको वातावरणमा गर्न सकिने हरित क्रियाकलापमा सहभागी गराउने। | हरित विद्यालयको क्रियाकलापमा सहभागिताको स्तरबाट विद्यार्थी मूल्याङ्कन गर्ने। |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको परिचय दिन | लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लो | लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लोको आकारप्रकार र प्रयोगका बारेमा छलफल गराउने।<br>लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लोको प्रयोग गराउने। | लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लोको चित्र बनाउन लगाउने।<br>लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लोको काम भन्न लगाउने। |
| | २. लोहोरो, सिलौटा, डोरी, दाम्लो र नाम्लोको प्रयोग गर्न । | स्थानीय प्रविधि | किन स्थानीय प्रविधि भनिएको कक्षामा छलफल गराइ निष्कर्षमा पुर्‍याउने। | स्थानीय प्रविधि भनेको के हो भन्न लगाउने। |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | **स्वास्थ्य र सरसफाइः** व्यक्तिगत सरसफाइमा ध्यान दिन। | व्यक्तिगत सरसफाइमा | दुइ जनाको समूह बनाएर एक जनाले अर्को विद्यार्थीको कपाल कोरे नकोरेको, मुख धोए नधोएको, दाँत माझे नमाझेको, हात गोडा धोए नधोएको नुहाएको वा सफा कपडा लगाए नलगाएको अवस्था अवलोकन गर्न लगाउने।<br>एक आपसमा गरिएको अवलोकनमा के पाइयो भन्न लगाउने। | व्यक्तिगत सरसफाइको अवस्थाको मूल्याङ्कन गर्ने। |
| | **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खानाको अभ्यास। | स्थानीय उत्पादनका ताजा खाना | ताजा खाना र बासी खानाका बारेमा छलफल गराउने।<br>स्थानीय उत्पादनका खाना र प्रशोधित खाना चिनाउने | स्थानीय उत्पादनका खानाका नाम भन्न लगाउने ताजा खाना र बासी खाना तथा प्रशोधित खानाको फरक छुट्याउन लगाउने। |

| | | | | |
|---|---|---|---|---|
| | | | कुन खानाबाट शरीरलाई फाइदा हुन्छ छलफल गराउने । | |
| | **योग गर्दै यसको महत्त्व बताउन** | योगको महत्त्व | योग गरेको भिडियो प्रदर्शन गर्ने<br>सामान्य योग गराउने<br>यसका फाइदाका बारेमा छलफल गराउने । | योग गर्न लगाउने र अवलोकन गर्ने<br>योग गर्नाले हुने फाइदा सोध्ने । |
| | **असल संस्कारः** सबै भाषामा नमस्कार गर्न | गाउँपालिकाभित्र बोलिने सबै भाषामा नमस्कार | अफ्नो गाउँमा बोलिने सबै भाषामा नमस्कार अभिवादन गर्न सिकाउने । | अभिवादन गरे नगरेको अवलोकन गरेर । |
| १०. स्थानीय भाषाः संस्कृत | **उद्देश्यः**<br>विद्यार्थीहरूले **पाणिनिका १४ सूत्र**को प्रयोग र **प्रत्याहार**को ज्ञान बुझ्ने र अभ्यास गर्ने। | **क. संस्कृत वर्णमालाः** पाणिनिका १४ सूत्र (प्रत्याहारको ज्ञान) | **१. संस्कृत वर्णमालाः पाणिनिका १४ सूत्र (प्रत्याहारको ज्ञान)**<br><br>◇ **क्रियाकलाप : 'सूत्र बत्ती'**<br>**सामग्रीः**<br><br>• **पाणिनिका १४ सूत्रको कार्ड**<br>**तरिकाः**<br>• शिक्षक **पाणिनिका १४ सूत्र**को **स्मरण गर्ने अभ्यास** गराउँछन्।<br>• शिक्षकले **सूत्रका प्रत्येक भागको उदाहरण** दिन्छन्, र विद्यार्थीलाई **तिनीहरूका अर्थ** बुझ्नका लागि **समूहमा छलफल** गराउँछन्।<br>• विद्यार्थीलाई **सूत्रको कार्ड** दिइ **त्यसको अर्थ** र **प्रत्याहारको प्रयोग** गर्न लगाउने।<br><br>उदाहरणः<br><br>• **सूत्रः अ, आ, इ, ई, उ, ऊ, ऋ, ऌ, ए, ऐ, ओ, औ, अं, अः**<br>• शिक्षकले प्रत्येक **सूत्रको उच्चारण र अर्थ** बुझाउँछन्। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूले **संसारमा आधारित उदाहरणहरू** सँगै **उच्चारण** र **सूत्रको प्रयोग** गर्ने।<br><br>◇ **क्रियाकलाप : 'सूत्र खेल'**<br>**तरिका:**<br><br>• शिक्षकले **सूत्रसँग मेल खाने शब्द** बनाउने चुनौती दिन्छन्।<br>• विद्यार्थीहरूले **सूत्रलाई ध्यानमा राख्दै संस्कृत शब्दहरू बनाउने** प्रयास गर्छन्। | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **सरस्वती वन्दना** शुद्ध उच्चारणमा **वाचन र अर्थ बोध** गर्न सकून्। | **ख. सरस्वती वन्दना** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) | **२. सरस्वती वन्दना (शुद्ध सस्वर वाचन र अर्थज्ञान)**<br><br>◇ **क्रियाकलाप : 'वाचन र अर्थ मिलाउने'**<br>**सामग्री:**<br><br>• **सरस्वती वन्दनाका शब्दहरूको कार्ड**<br>**तरिका:**<br>• विद्यार्थीहरूलाई **सरस्वती वन्दना** दिइ **शुद्ध सस्वर वाचन** गर्न अभ्यास गराउने।<br>• **वाचनपछि**, शिक्षकले **वन्दनाका शब्दहरूको अर्थ** बुझाउँदै **समूहमा चर्चा** गराउँछन्।<br>• विद्यार्थीहरू **वन्दनाको अर्थ बुझ्न** र **सहभागी रूपमा वाचन गर्न** अभ्यास गर्ने।<br><br>उदाहरण:<br><br>• **"सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके।"**<br>• अर्थ: **"हामीले सरस्वतीको पूजा गर्दा सबै शुभ र** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **मंगलमय कार्यहरू सफल होस्।”**<br><br>◇ **क्रियाकलाप : ‘वाचन र अभिनय’**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सरस्वती वन्दनालाई शुद्ध वाचन** गर्दा **अभिनय** पनि गर्ने, जसले विद्यार्थीहरूलाई **शब्दको अर्थ र भाव** बुझ्न र व्यक्त गर्न मद्दत गर्ने।<br>• **वाचनसँगै अभिनय गर्दा स्मरण शक्ति र सिर्जनात्मकता** बढ्छ। | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **संस्कृतमा १ देखि २० सम्मका सङ्ख्याहरू** सिक्न र लेख्न अभ्यास गर्ने। | **ग.** शून्य देखि २० सम्मको सङ्ख्या ज्ञान | **३. शून्यदेखि २० सम्मको सङ्ख्या ज्ञान**<br><br>◇ **क्रियाकलाप : ‘सङ्ख्या पहिचान खेल’**<br>**सामग्री:**<br><br>• **सङ्ख्याका कार्डहरू** (संस्कृतमा लेखिएको)<br>**तरिका:**<br>• विद्यार्थीहरूलाई **सङ्ख्या कार्डहरू वितरण गरिन्छ**, र शिक्षक **संस्कृतमा सङ्ख्याहरू** उच्चारण गरेर विद्यार्थीलाई **पहिचान गर्न** लगाउँछन्।<br><br>उदाहरण:<br><br>• **१ → एक**<br>• **५ → पञ्च**<br>• **१० → दश**<br>• **१५ → पञ्चदश**<br>• **२० → विंशति** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूले यी **सङ्ख्याहरूलाई लेख्ने र उच्चारण गर्ने** अभ्यास गर्छन्।<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेख्न अभ्यास'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सङ्ख्या १ देखि २० सम्म संस्कृतमा लेख्ने अभ्यास** गर्ने।<br>• शिक्षकले **सङ्ख्या लेख्नका लागि सही कागज र पेन** दिन्छन्, र विद्यार्थीहरूले **संस्कृत सङ्ख्याहरू लेखेर अभ्यास गर्ने।**<br><br>उदाहरण:<br><br>• **१ → एक**<br>• **२ → द्वि**<br>• **३ → त्रि**<br>• **४ → चतुर**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या गीत'**<br>**तरिका:**<br><br>• शिक्षकले **संस्कृत सङ्ख्याको गीत** तयार गरेर विद्यार्थीलाई **गीतमा समावेश गराउने।**<br>• विद्यार्थीहरू **गीतको माध्यमबाट सङ्ख्या सिक्ने** र **स्मरण गर्ने।**<br><br>उदाहरण:<br><br>• **एक द्वि त्रि चतुर** (हामी १ देखि ४ सम्म गाउने) | |

| | | | | |
|---|---|---|---|---|
| | | | • गीतलाई विस्तार गरेर **१ देखि २० सम्म गाउने।** | |
| ११. स्थानीय लिपिः सम्भोटा | **उद्देश्यः**<br>विद्यार्थीहरूले **३० व्यञ्जन** र ४ **स्वर** वर्णहरूको **पहिचान र उच्चारण** गर्न सिक्न सकून् ।<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरहरू** सिक्न र अभ्यास गर्न सकून् ।<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **संयुक्त अक्षरबाट शब्दहरू बनाउने** अभ्यास गर्न सकून् ।<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **मञ्जुश्रीको वन्दना** शुद्ध सस्वर वाचन गर्ने र त्यसको अर्थ बुझ्न सकून् ।<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **सङ्ख्याहरू १ देखि २० सम्म** संस्कृतमा सिक्न र लेख्न अभ्यास गर्ने। | वर्णः व्यञ्जन र स्वर वर्ण (३० व्यञ्जन र ४ स्वर) | १. वर्णः व्यञ्जन र स्वर वर्ण (३० व्यञ्जन र ४ स्वर)<br><br>◇ **क्रियाकलाप : 'वर्ण चक्र'**<br>**सामग्रीः**<br><br>• **वर्णको कार्डहरू (व्यञ्जन र स्वर)**<br>**तरिकाः**<br>• शिक्षकले **वर्णको चक्र तयार पार्ने**, जहाँ प्रत्येक विद्यार्थीले एक-एक **व्यञ्जन र स्वर** चिन्हित गर्दै **सही उच्चारण** गर्न अभ्यास गर्ने।<br>• विद्यार्थीहरूले **उच्चारणसँगै वर्णहरूको पहचान र सही अभ्यास** गर्न सक्छन्।<br><br>◇ **क्रियाकलाप : 'वर्ण खेल'**<br>**तरिकाः**<br><br>• विद्यार्थीहरूलाई **वर्णका कार्डहरू वितरण गर्ने**, र शिक्षकले हाम्रा **व्यञ्जन र स्वर**का उच्चारण गरेर विद्यार्थीलाई पहिचान गर्न लगाउने।<br>• विद्यार्थीहरूले **सही उच्चारण गरेर शब्दहरू बनाउने** प्रयास गर्ने।<br><br>उदाहरणः<br><br>• **अ + क = अक**<br>• **इ + प = इप**<br><br>३. स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरहरू (१२० वटा)<br><br>◇ **क्रियाकलाप : 'संयुक्त अक्षर बोर्ड'** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **सामग्री:**<br><br>• **संयुक्त अक्षरका कार्डहरू**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **स्वर र व्यञ्जन जोडेर संयुक्त अक्षरहरू बनाउन** अभ्यास गर्ने।<br>• शिक्षकले प्रत्येक विद्यार्थीलाई **संयुक्त अक्षरको कार्ड** दिइ **वर्णहरूको मिलान गर्ने।**<br><br>उदाहरण:<br><br>• **क + आ = का**<br>• **त + इ = ति**<br>• **प + उ = पु**<br><br>◇ **क्रियाकलाप : 'संयुक्त अक्षर शब्द लेख्ने'**<br>**तरिका:**<br><br>• शिक्षक विद्यार्थीलाई **संयुक्त अक्षरहरू** बनाएर **शब्द लेख्ने अभ्यास** गराउने।<br>• उदाहरण:<br>• **का + मा = कमा**<br>• **सा + गा = सगा**<br>• **मा + का = माका**<br><br>४. स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरबाट बनेका शब्दहरू<br><br>◇ **क्रियाकलाप : 'शब्द निर्माण'**<br>**सामग्री:**<br><br>• **संयुक्त अक्षरको सूची**<br>**तरिका:** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • शिक्षकले **संयुक्त अक्षरका केही उदाहरणहरू** दिने र विद्यार्थीलाई **त्यसबाट शब्दहरू बनाउने** अभ्यास गर्ने।<br><br>उदाहरण:<br><br>• **का + मा = कमा**<br>• **ता + ला = ताला**<br>• **पा + जा = पाया**<br><br>५. मञ्जुश्रीको वन्दना<br><br>◇ **क्रियाकलाप : 'वाचन र अर्थ बुझ्ने'**<br>**तरिका:**<br><br>• विद्यार्थीलाई **मञ्जुश्रीको वन्दना** पढ्न र सही उच्चारणमा अभ्यास गर्न लगाउने।<br>• वाचनपछि, विद्यार्थीलाई **वन्दनाका शब्दहरूको अर्थ** बुझ्न र शिक्षकसँग **सामूहिक छलफल गर्ने।**<br>• उदाहरण:<br>• **"नमः मञ्जुश्री महायोगिनी"**<br>• अर्थ: **"हे मञ्जुश्री, तपाईंलाई प्रणाम छ"**<br><br>६. आङडाङ (सङ्ख्याहरू – १ देखि २० सम्म)<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या पहिचान खेल'**<br>**सामग्री:**<br><br>• **सङ्ख्याका कार्डहरू**<br>**तरिका:**<br>• विद्यार्थीहरूलाई **सङ्ख्याका कार्डहरू दिने** र शिक्षकले **सङ्ख्याहरू संस्कृतमा बोल्न लगाउने।** | |

| | | | | |
|---|---|---|---|---|
| | | | उदाहरण:<br><br>• १ → **एक**<br>• ५ → **पञ्च**<br>• १० → **दश**<br>• १५ → **पञ्चदश**<br>• २० → **विंशति:**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेख्ने अभ्यास'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सङ्ख्या १ देखि २० सम्म संस्कृतमा लेख्ने अभ्यास गर्ने।<br><br>उदाहरण:<br><br>• १ → **एक**<br>• २ → **द्वि**<br>• ३ → **त्रि** | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **व्यञ्जनबाट एक अक्षरका शब्दहरू** बनाउने अभ्यास गर्न सकून् । | व्यञ्जनबाट बन्ने एक अक्षरका शब्दहरु | २. व्यञ्जनबाट बन्ने एक अक्षरका शब्दहरू<br><br>◇ **क्रियाकलाप : 'शब्द मिलाउने खेल':**<br><br>• **एक अक्षरका शब्दहरूको कार्ड**<br>**तरिका:**<br>• शिक्षकले **व्यञ्जनका कार्डहरू वितरण गर्ने** र विद्यार्थीहरूलाई **एक अक्षरका शब्दहरू बनाउन** लगाउने।<br><br>उदाहरण:<br><br>• **क् + अ = क** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स् + अ = स<br>• म् + अ = म | |
| | | स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरहरु (१२० वटा) | | |
| | | स्वर र व्यञ्जन जोडिएका संयुक्त अक्षरबाट बनेका शब्दहरु | | |
| | | मञ्जुश्रीको वन्दना | | |
| | | आङडाङ (सङ्ख्याहरु – १ देखि २० सम्म) | | |

## ख. स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुका क्षेत्र र क्रम र सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा ५)

| विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| १. हेलम्बु परिचय | १. आफ्नो वडा र गाउँपालिकाको पुरानो र नयाँ नाम पत्ता लगाई वडा र गाउँपालिकाको नाम कसरी रहेको पौराणिक कथाका आधारमा नामको अर्थ पत्ता लगाउन । | गाउँपालिकाको पुरानो र नयाँ नाम<br>वडा र गाउँपालिकाको नामको अर्थ | आफ्नो गाउँपालिकाको ऐतिहासिक नाम शिक्षकको सहायताले पत्ता लगाउने ।<br>ऐतिहासिक नामको अर्थ पत्ता लगाउन टोल छिमेकका पाका व्यक्तिहरुसँग सोधखोज गर्ने । | आफ्नो गाउँपालिकाको ऐतिहासिक नाम र त्यसको अर्थ पत्ता लगाउन परियोजना कार्य गर्न लगाउने । |
| | २. आफ्नो वडाका प्रमुख स्थलहरुको धरातलीय स्वरूपको परिचय दिन । | वडाका प्रमुख स्थलहरु र तिनको धरातलीय स्वरूप | एउटै वडाका साथीहरुको समूहमा छलफल गराइ प्रमुख स्थलहरुको सूची बनाउन लगाउने ।<br>ती स्थलहरुको धरातलीय स्वरूपका बारेमा छलफल गराइ शिक्षकले निष्कर्षमा पुऱ्याउने । | आफ्नो वडाका प्रमुख स्थालहरको नम लेखी धरातलीय स्वरूपको बारेमा छलफल गराउने । |
| | ३. आफ्नो गाउँपालिकाका बासिन्दाको महिला र पुरुषको  उमेर समूहगत कुल जनसङ्ख्या प्रस्तुत गर्न | वडाको कुल जनसङ्ख्या<br>महिला र पुरूषको जनसङ्ख्या<br>उमेरगत जनसङ्ख्या | महिला र पुरुषको उमेर खुल्ने वडाको कुल जनसङ्ख्याको तालिका प्रदर्शन गराइ कक्षामा छलफल गराउने । | महिला र पुरुषको उमेर खुल्ने वडाको कुल जनसङ्ख्याको तालिका बनाउन लगाउने । |
| | ४. आफ्नो गाउँपालिकाको कुल घरधुरी सङ्ख्या चिन्न । | आफ्नो गाउँपालिकाको कुल घरधुरी सङ्ख्या | गाउँपालिकाको कूल घरधुरी सङ्ख्या छुट्टिने तथ्याङ्क प्रस्तुत गर्ने र कक्षामा छलफल गराउने । | आफ्नो गाउँपालिकामा कति घरधुरी छन् सोध्ने । |
| | ५. गाउँपालिकाको नक्सा बनाइ हिमाल र मुख्य खोलाहरु देखाउन | गाउँपालिकाको नक्सा, हिमाल र मुख्य खोलाहरु | हिमाल र ठूला खोलाहरु देखिने गाउँपालिकाको नक्सा प्रदर्शन गरी कक्षामा छलफल गराउने । | गाउँपालिकाको नक्सा सार्न लगाई हिमाल र खोलाको क्षेत्रमा सङ्केत गर्न लगाउने। |
| | ६. आफ्नो गाउँपालिका र जिल्लाको | गाउँपालिका, जिल्ला, क्षेत्रफल, | चार्ट पेपरको प्रयोग गरी बर्ग | जिल्ला र गाउँपालिकाको क्षेत्रफल |

| | | | | |
|---|---|---|---|---|
| | क्षेत्रफल वर्ग किलोमिटरमा पत्ता लगाउन | वर्ग कि मि | मिलिमिटरमा जिल्लाको क्षेत्रफल र गाउँपालिकाको क्षेत्रफल देखाइ कक्षामा छलफल गराउने । | वर्ग कि मि मा लेख्न र भन्न लगाउने । |
| | ७. वडा कार्यालयका कार्यक्षेत्र चिन्न | वडा कार्यालय, कार्यक्षेत्र | वडाका कार्यहरुको सूची बनाइ कक्षामा प्रदर्शन गर्ने ।<br>वडाका विभिन्न कामहरुलाई समूहमा छलफल गराउने ।<br>प्रमुख कामको सूची बनाउन लगाउने । | वडाका प्रमुख कार्यहरुको तालिका बनाउन लगाउने |
| | ८. आफ्नो गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको जात, जाति, भाषा, धर्म पहिचान गरी विभिन्न जात जातिका अलग अलग थर र गोत्र छुट्याउन | जात, जाति, भाषा, धर्म पहिचान गरी विभिन्न जात जातिका अलग अलग थर र गोत्र | आफ्नो गाउँपालिका क्षेत्र भित्रका मानिसहरुको जात, जाति, भाषा, धर्मको खोजी गर्न समाजका अगुवा व्यक्तिसँग छलफल कार्यक्रमको आयोजना गर्ने ।<br>विद्यार्थीहरुलाई पालैपालो प्रश्न गर्न लगाउने । छलफलबाट आएका निष्कर्ष टिप्न लगाउने । | आफ्नो गाउँपालिका क्षेत्र भित्रका मानिसहरुको जात, जाति, भाषा, धर्मको खोजी गरी पत्ता लागेको तथ्याङ्कको सूची बनाउन लगाउने । |
| २. प्राकृतिक स्रोत र सम्पदा | १. मेलम्छिम (मेलम्ची) खानेपानीको मुहान र आमायाङ्री पुग्ने बाटो, उपलब्ध सुविधा र भ्रमणका लागि उपयुक्त समयका बारेमा वर्णन गर्न | मेलम्छिम (मेलम्ची) खानेपानीको मुहान र आमायाङ्री पुग्ने बाटो, उपलब्ध सुविधा र भ्रमणका लागि उपयुक्त समय | आफ्नो घर र गाउँपालिकाको कार्यालयबाट मेलम्छिम (मेलम्ची) खानेपानीको मुहान र आमायाङ्री सम्म पुग्ने सजिलो बाटो सोध्ने ।<br>कुन कुन मौसम त्यहाँसम्म जानका लागि उपयुक्त छ र किन भनी प्रश्नोत्तर गर्ने । | आफ्नो घरबाट मेलम्छिम (मेलम्ची) खानेपानीको मुहान र आमायाङ्री सम्म पुग्ने प्रमुख बाटोको नक्सा कोर्न लगाउने । |
| | २. आफ्नो घरवरपरका वनजङ्गलमा पाइने जीवजन्तु चिन्न । | घरवरपरका वनजङ्गलमा पाइने जीवजन्तु | घरवरपर पाइने जङ्गली जनावरको नाम सोध्ने । | यी जनावरको सूची बनाउन लगाउने । |
| | ३. गाउँपालिकाभित्रका प्रमुख गुफा चिनेर त्यहाँ पुग्ने बाटो पहिल्याउन । | गाउँपालिकाभित्रका प्रमुख गुफा र त्यहाँ सम्म पुग्ने बाटो | गाउँपालिकाका प्रमुख गुफाको नाम र स्थान आफ्नो अभिभावक | आफ्नो गाउँपालिकाको प्रमुख गुफाको नाम भन्न । |

| | | | | |
|---|---|---|---|---|
| | | | वा छिमेकीलाई सोधेर पत्त लगाउन लगाउने । ती गुफामा कसरी पुग्न सकिन्छ सोधखोज गर्ने । | आफ्नो घरबाट ती गुफा सम्म पुग्ने बाटोको नक्सा कोर्न |
| | **४. आफ्नो नजिकैको सामुदायिक वन चिनेर सामुदायिक वन संरक्षणका उपाय पत्ता लगाउन ।** | **सामुदायिक वनको संरक्षण** | सामुदायिक वनको अर्थ समूहमा सोध्ने । सामुदायिक वन कसरी संरक्षण गर्न सकिन्छ छलफल गराउने । | सामुदायिक वनको प्रमुख विशेषता भन्न लगाउने । |
| | **५. आफ्नो गाउँपालिकाभित्र पाइने लोपोन्मुख जनावरः** रेड पाण्डा, हिमचितुवा, घोरल, कस्तुरी, नाउर, चितुवा चिनेर सुरक्षाका उपाय पत्ता लगाउन । | रेड पाण्डा, हिम चितुवा, घोरल, कस्तुरी, नाउर, चितुवा चिनेर सुरक्षाका उपाय पत्ता लगाउन | रेड पाण्डा, हिम चितुवा, घोरल, कस्तुरी, नाउर, चितुवाका तस्विरहरु भिडियोबाट देखाउने । यी जनावरलाई कसरी संरक्षण गर्न सकिन्छ कक्षामा छलफल गराइ निष्कर्षमा पुऱ्याइदिने । | भिडियोमा हेरेर रेड पाण्डा, हिम चितुवा, घोरल, कस्तुरी, नाउर, चितुवाका चित्र बनाउन लगाउने । |
| | **६.** आफ्नो गाउँपालिकामा पाइने जडीबुटीः यार्सागुम्बा, पाँचऔँले, पाखनवेद, कुड्की, पदमचाल्नो चिन्न र चिनेर उपयोगिता पत्ता लगाउन । | यार्सागुम्बा, पाँचऔँले, पाखनवेद, कुड्की, पदमचाल्नो | भिडियो वा चित्रको सहायताले यार्सागुम्बा, पाँचऔँले, पाखनवेद, कुड्की, पदमचाल्नोको चित्र प्रदर्शन गराइ कक्षामा छलफल गराउने ।<br>प्रत्येक जडिबुटीको नाम भन्न लगाउने । | यो जडीवुटीका चित्र र नाम सँगै लेख्न लगाउने । |
| ३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | **धार्मिक स्थलः** महाङ्कालेश्वरी, चर्च, गौमुखेश्वर, निन्देश्वरी र गुरुरिन्पोछे चिन्न । | महाङ्कालेश्वरी, चर्च, गौमुखेश्वर, निन्देश्वरी र गुरु रिन्पोछे | महाङ्कालेश्वरी, चर्च, गौमुखेश्वर, निन्देश्वरी र गुरु रिन्पोछेको फोटो प्रदर्शन गरी अलग अलग नाम छुट्याउन लगाउने । | फोटो हेरी महाङ्कालेश्वरी, चर्च, गौमुखेश्वर, निन्देश्वरी र गुरु रिन्पोछे चिन्ने । |
| ४. पर्यटन विकास र पर्यटकीय स्थल | **पर्यटकीय स्थलः** ककनी, मुन्थली मिलारेप्पा गुफा, गुरुढुक्फु, र ईरिङ (ठाडेपाटी) का बारेमा पर्यटन पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न । | वडा नं १ र ३ का ककनी, मुन्थली मिलारेप्पा गुफा, गुरु ढुक्फु, र ईरिङ (ठाडेपाटी) वडाका प्रमुख सडक र बाटोहरू । | गाउँपालिकाको नक्सामा मुन्थली , षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) , ठाडेपाटी, वडाका प्रमुख सडक र बाटोहरू | षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को चित्र बनाउन लगाउने । हेलम्बु पदमार्गका विशेषता लेख्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | प्याराग्लाईडिङ र यसका लागि सम्भाव्य स्थलहरुसँग परिचित हुन ,<br>वडाका प्रमुख सडक र बाटोहरू  चिन्न।<br>हेलम्बु पदमार्गका प्रमुख विशेषता चिन्न । | प्याराग्लाइडिङ,<br>हेलम्बु पदमार्ग | देखाउने ।<br>प्याराग्लाईडिङका लागि सम्भाव्य स्थानका बारेमा छलफल गराउने,<br>षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को कुनै एक खण्डको चित्र बनाउन लगाउने ।<br>काठमाडौँबाट सुरु हुने हेलम्बु पदमार्गको मुख्य विशेषताहरु इन्टरनेटको सहायताले खोजी यसको बारेमा विभिन्न विवरणहरु चार्टपेपरमा लेखेर छलफल गराउने । | |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | **१. रीतिरिवाज** (जन्मदेखि मृत्युसम्मका सबै जातजातिका संस्कारहरु): ब्रतबन्ध, छेवर, विवाह र दुरान कसरी गरिन्छ भन्न श्याल्गरको महत्त्व बताउन । | ब्रतबन्ध, छेवर, विवाह र दुरान<br><br>श्यालगर | ब्रतबन्ध, छेवर, विवाह र दुरान कसरी मनाइन्छ कक्षामा छलफल गराउने । नमिलेमा शिक्षकले बताइदिने ।<br>श्यालगरको अर्थ र महत्त्वका बारेमा कक्षमा सचित्र छलफल गराउने । | ब्रतबन्ध, छेवर, विवाह र दुरान कसले र कहिले मनाउँछन् सोध्ने ।<br>श्यलगर के के राखेर बनाइन्छ सोध्ने । |
| | **२. चाडपर्व**: नयाँ वर्ष, बुद्धजयन्ती, मातातीर्थ औंसी, असार १५ र  साउने संक्रान्ति मनाउने तरिका बताउन । | नयाँ वर्ष, बुद्धजयन्ती, मातातीर्थ औंसी, असार १५ र  साउने संक्रान्ति | मानिसहरुले नयाँ वर्ष, बुद्धजयन्ती, मातातीर्थ औंसी, असार १५ र साउने संक्रान्ति मनाइ रहेको भिडियो प्रदर्शन गरी छलफल गराउने । | नयाँ वर्ष, बुद्धजयन्ती, मातातीर्थ औंसी, असार १५ र  साउने संक्रान्तिमा लगाईने लुगा र खाइने खाना कस्तो हुन्छ पालैपालो सोध्ने । |
| | **३. आध्यात्मिक ज्ञान**: धामी/ झाँक्री, लामा/ गुरु/ पुरोहितले परम्परागत कार्य र झारफुक गर्दा प्रयोग गर्ने साधन चिन्न | धामी/ झाँक्री, लामा/ गुरु/ पुरोहित, परम्परागत कार्य र झारफुक गर्दा प्रयोग गर्ने साधन | धामी/ झाँक्री, लामा/ गुरु/ पुरोहित भिडियोमा चिनाउने । उनीहरुले झारफुक गर्दा प्रयोग गर्ने साधन सोधेर लेख्ने । | झारफुक गर्दा प्रयोग गर्ने साधन सोध्न लगाएर |

<table>
<tr>
<td rowspan="2">६. पेसा व्यवसाय र उद्यम</td>
<td>१. दुध, अण्डा, माछा/ मासु र महका लागि पशुपन्छी पालनः मौरीपालन, भेडा/च्याङ्ग्रा र बाख्रापालन, रेन्वो ट्राउट, चौंरी पालन, याकको व्यवासायिक खेती गर्ने ठाउँ र तरिका छलफल गर्न ।</td>
<td>मौरीपालन, भेडा/च्याङ्ग्रा र बाख्रापालन, रेन्वो ट्राउट, चौंरी र याक पालन ।</td>
<td>मौरीपालन, भेडा/च्याङ्ग्रा र बाख्रापालन, रेन्वो ट्राउट, चौंरी पालन र याकको व्यावसायिक फारम भिडियोबाट कक्षामा प्रदर्शन गरी छलफल गराउने ।<br>यी व्यवसायका बारेमा उनीहरुले जानेका कुरा छलफल गराउने ।<br>यी व्यवसाय मध्ये विद्यालयको नजिकै भएको व्यवसायमा विद्यार्थीलाई शैक्षिक भ्रमण गराउने ।<br>कुन जीव कहाँ पालन गरिन्छ छलफल गरी निष्कर्षमा पुऱ्याउने ।<br>यी व्यवसायबाट हुने फाइदाका बारेमा छलफल गराउने ।</td>
<td>मौरीपालन, भेडा/च्याङ्ग्रा र बाख्रापालन, रेन्वो ट्राउट, चौंरी पालन र याकपालन मध्यै आफूलाई मनपर्ने कुनै एक कार्यको आफैँले सञ्चालन गर्ने योजनाका बारेमा एक पृष्ठ लेख्न लगाउने ।<br>कुन जीव कहाँ पालन गरिन्छ लेख्न लगाउने ।
<table>
<tr><td>व्यवसाय</td><td>पाल्ने ठाउँ</td></tr>
<tr><td>मौरी</td><td></td></tr>
<tr><td>भेडा/च्याङ्ग्रा र बाख्रापालन</td><td></td></tr>
<tr><td>ट्राउट</td><td></td></tr>
<tr><td>चौंरी र याक</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२. खाद्यान्न, फलफूल र तरकारी उत्पादनः आलुखेती, च्याउखेती, स्याऊ खेती, फलफूल खेती र अलैँची खेतीको परिचय दिन र उत्पादन कार्यमा सहभागी हुन ।</td>
<td>आलुखेती, च्याउखेती, स्याऊ खेती, फलफूल खेती र अलैँची खेती</td>
<td>आलुखेती, च्याउखेती, स्याऊ खेती, फलफूल खेती र अलैँची खेतीबारे विद्यार्थीले जानेका कुरा पालैपालो भन्न लगाउने ।<br>यी खेतीका भिडियो सामग्री कक्षामा प्रदर्शन गर्ने ।<br>विद्यालय नजिकै भएका यी खेतीको अवलोकन गराउने ।<br>यी खेती गर्न आवश्यक पर्ने साधनका बारेमा छलफल गराउने ।<br>यी खेती गर्दा हुने फाइदाका बारेमा छलफल गराउने ।<br>विद्यालयको करेसा बारीमा</td>
<td>आलुखेती, च्याउखेती, स्याऊ खेती, फलफूल खेती र अलैँची खेती गरेको फोटो प्रदर्शनी गर्न लगाउने ।<br>यी खेती कहाँ कहाँ गरिन्छन् लेख्न लगाउने ।<br>विद्यालयमा च्याउ र आलुको नमुना खेती गर्न लगाएर कामको मूल्याङ्कन गर्ने ।</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आलुखेती र कोठामा च्याउको नमुना खेती गर्ने । | |
| | **३. उद्यमका लागि वनस्पतिजन्य उत्पादन:** काठ, बाँस, निगालो, केतुके, खर र अम्रिसोबाट बन्ने वस्तुको उत्पादनमा सहभागी हुन । | काठ, बाँस, निगालो, केतुके, खर र अम्रिसो खेती | वातावरणबाट काठ, बाँस, निगालो, केतुके, खर र अम्रिसोसँग परिचित गराउने ।<br>यी वस्तुहरबाट बन्ने सामग्रीका उदाहरण सोध्ने ।<br>यी साधनहरु कसरी कसरी बनाइन्छन् पालैपालो भन्न लगाउने । यी वस्तुबाट बनेका एक एक साधन कक्षामा प्रदर्शनीका लागि राख्ने ।<br>यी वस्तुबाट बन्ने नमुना सामग्री बनाउन लगाई विद्यालयमा प्रदर्शनी गराउने । | काठ, बाँस, निगालो, केतुके, खर र अम्रिसोको प्रयोग गरी बनेका नमुना सामग्रीको मूल्याङ्कन गरेर । |
| | **४. सिलाइ बुनाइ:** पोते वा यस्तै माला उन्न, सिलाइ कटाइ गर्न, गलैँचा र सामान्य कपडा वुन्न । | पोते वा यस्तै माला, सिलाइ कटाइ, गलैँचा र सामान्य कपडा बुन्ने तान । | विडस/ ठूला दानाको माला उन्न लगाउने<br>पोते उन्न लगाउने ।<br>नजिकैको सिलाइ कटाइ केन्द्रमा लगेर वा विद्यालयमा प्रशिक्षकलाई बोलाएर सिलाइ कटाइको अभ्यास गराउने ।<br>नजिकैको गलैँचा उद्यममा लगेर गलैँचा कसरी बुनिन्छ हेर्न लगाउने ।<br>नजिकैको कपडा बुन्ने तानमा लगेर कपडा बुन्ने कलाका बारेमा अवलोकन गराउने । यसरी | माला उन्न लगाएर कामको लगनशीलाताका आधारमा मूल्याङ्कन गर्ने ।<br>उद्यममा अवलोकन गराइ प्रश्नोतर गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | अवलोकन गराउँदा उनीहरुलाई पनि काम गर्न लगाएर सिप सिकाउने । | |
| | **५. घरेलु उद्योगः** चिज र छुर्पी उत्पादन, हस्तकला (माटोबाट बन्ने भाँडाको उत्पादन) | चिज र छुर्पी उत्पादन, हस्तकला (माटोबाट बन्ने भाँडाको उत्पादन) | चिज र छुर्पी उत्पादनका बारेमा छलफल गराउने ।<br>नजिकैको चिज र छुर्पी उत्पादन गर्ने ठाउँको भ्रमण गराएर अवलोकन गराउने ।<br>चिज र छुर्पीको प्रयोग र व्यवासायिक महत्त्वका बारेमा छलफल गराउने ।<br>माटोबाट बन्ने भाँडाको उत्पादन गर्ने ठाउँको भ्रमण गराउने<br>माटाको भाँडा बनाएको भिडियो प्रदर्शन गराउने ।<br>माटाका भाँडा बनाएको अनुभव साटासाट गर्न लगाउने ।<br>विद्यालयको कार्यशालामा माटाको भाँडा बनाउन लगाउने । | चिज र छुर्पी कसरी बन्दछ सोध्ने ।<br>माटाको भाँडा बनाउन लगाउने र कामका आधारमा मूल्याङकन गर्ने। |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण र हरित विद्यालय | **२. प्रकोपः** भुँइचालो, आगलागी, हुरीबतासबाट बच्ने उपायहरु पहिल्याउन ।<br>**३.वातावरण संरक्षणमा सहभागी हुन ।**<br>**४. हरित विद्यालयः** आफ्नो विद्यालयमा चम्सुर, पालुङ्गो, धनियाँ, प्याज, गोलभैँडा, लसुन, खुर्सानी उत्पादन गर्न ।<br>गाजर, बोडी, सिमी, करेला, फर्सी, लौका, स्कुस, भेण्टा, चिप्ले भेण्टा, काउली, बन्दा, आलु, मुला उत्पादनमा सहभागी हुन | **२. प्रकोपः** भुँइचालो, आगलागी, हुरीबतास<br>**३.वातावरण संरक्षणः** महत्त्व<br>**४. हरित विद्यालयः**<br>विद्यालयमा सागपात उत्पादनः चम्सुर, पालुङ्गो, धनियाँ, प्याज, गोलभैँडा, लसुन र खुर्सानी ।<br>गाजर, बोडी, सिमी, करेला, फर्सी, लौका, स्कुस, भेण्टा, | प्रकोपका बारेमा जानकारी दिने भुँइचालो, आगलागी, हुरीबतासका असरहरुका बारेमा चित्र प्रदर्शन गरी कक्षामा छलफल गराउने ।<br>वातावरण संरक्षणको महत्त्व भन्न लगाई संरक्षण कार्यमा सहभागी गराउने ।<br>विद्यालयको करेसा बारीमा चम्सुर, | प्रकोपको प्रभावका बारेमा बोल्न लगाउने ।<br>वातावरण संरक्षण कसरी कसरी हुन सक्छ सोध्ने ।<br>विद्यालयमा सागपात उत्पादनमा सहभागी हुन लगाएर । |

| | | | | |
|---|---|---|---|---|
| | | चिप्ले भेण्टा, काउली, बन्दा, आलु र मुला | पालुङ्गो, धनियाँ, प्याज, गोलभैँडा, लसुन र खुर्सानी। | |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको परिचय दिन।<br>२. स्थानीय प्रविधिको प्रयोग, विकास र संरक्षण कार्यमा सहभागी हुन | ओदान, तुलो, ढिकी, जाँतो, खल र कोल | स्थानीय प्रविधि भनेको के हो कक्षामा छलफल गराइ यसका उदाहरण सोध्ने।<br>ओदान, तुलो, ढिकी, जाँतो, खल र कोलको प्रयोग सोध्ने।<br>पालैपालो ओदान, तुलो, ढिकी, जाँतो, खलकोप्रयोग गर्न लगाउने।<br>कोलको फटो वा भिडियो प्रदर्शन गराइ छलफल गराउने। | ओदान, तुलो, ढिकी, जाँतो, खल सङ्कलन गर्न लगाउने। |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | **१. स्वास्थ्य र सरसफाइ**ः घर वरपरको सरसफाइमा सहभागी हुन | घर वरपरको सरसफाइ | आफ्नो घरवरपरको सरसफाइ किन गर्नुपर्छ छलफल गराउने।<br>सबैलाई आफ्नो घरवरपरको सरसफाइ गर्न लगाई अभिभावकको सहायतामा फोटो वा भिडियो खिच्न लगाउने।<br>विद्यार्थीले आफ्नो घरवरपरको सरसफाइ कार्यमा सहभागी भए नभएको प्रतिवेदन अभिभावकसँग माग्ने। | विद्यार्थीले आफ्नो वरपर गरेको सरसफाइको कामको मूल्याङ्कन अभिभावकलाई गर्न लगाउने। |
| | **२. सन्तुलित भोजनः स्थानीय उत्पादनका ताजा खानाको महत्त्व बताउन।** | **स्थानीय उत्पादनका ताजा खानाको महत्त्व** | स्थानीय स्तरमा उत्पादन हुने खानको नामहरु सङ्कलन गर्ने।<br>ती खानामा कुन कुन तत्त्व पाइन्छ छलफल गराउने।<br>स्थानीय उत्पादनका खाना खाँदा हुने फाइदाका बारेमा छलफल गराउने। | दिवा खाजामा स्थानीय उत्पादनका परिकार भए नभएको विद्यार्थीलाई जानकारी गराउँदै उनीहरुको खाजाको अवलोकन गरी मूल्याङ्कन गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | **३. स्थानीय उपचार विधिमा** स्थानीय जडीबुटीको प्रयोग /तान्त्रिक उपचार विधिका बारेमा परिचित हुन । | स्थानीय जडीबुटीको प्रयोग /तान्त्रिक उपचार विधि | स्थानीय जडीबुटीको प्रयोग गरी गरिने तान्त्रिक उपचार विधिका बारेमा समुदायमा भएका स्रोतव्यक्तिसँग छलफल गराउने । विद्यार्थीले गरेका प्रश्नोत्तरका आधारमा नोट/ बुँदा टिपोट गर्न लगाउने । | विद्यार्थीले बनाएका बुँदा टिपोट हेरेर मूल्याङ्कन गर्ने । |
| | **४. योग र ध्यानको अभ्यास गर्न** | **योगा र ध्यानको अभ्यास** | ध्यान र योग का नियमहरु बताइ शान्त धुन बजाउँदै अभ्यास गराउने | ध्यान र योगका सामान्य अभ्यास गराउने । |
| | **५. असल संस्कारः** आदार, सम्मान गर्न | आदार, सम्मान | समुदायमा विभिन्न व्यक्तिलाई आदर सम्मान गर्न लगाउने। कक्षामा यसको अभ्यास गराउने । | विद्यार्थीको क्रियाकलाप को अवलोकन गर्ने |
| १०. स्थानीय भाषाः संस्कृत | **उद्देश्यः**<br>विद्यार्थीहरूले **स्वर सन्धि, व्यञ्जन सन्धि र विसर्ग सन्धि** को सिद्धान्त बुझ्न र अभ्यास गर्न सकून् । | क. **सन्धि नियमः** स्वर सन्धि (व्यञ्जन सन्धि र विसर्ग सन्धि) | १. सन्धि नियमः स्वर सन्धि (व्यञ्जन सन्धि र विसर्ग सन्धि)<br><br>◇ **क्रियाकलाप : 'सन्धि मिलाउन खेल'**<br>**सामग्रीः**<br><br>• सन्धि सम्बन्धी विभिन्न अक्षरहरूको कार्डहरू (स्वर, व्यञ्जन, विसर्ग)।<br>**तरिकाः**<br>• विद्यार्थीहरूले **स्वर, व्यञ्जन र विसर्ग सन्धि मिलाउने अभ्यास गर्ने।**<br><br>उदाहरण:<br><br>• स्वर सन्धि**:** अ + आ = आ<br>• व्यञ्जन सन्धि**:** क + ह = ख<br>• विसर्ग सन्धि**:** हः + अ = ह<br>• विद्यार्थीहरूले **सन्धि मिलाएर सही** | |

| | | | | |
|---|---|---|---|---|
| | | | शब्द बनाउने।<br><br>◇ **क्रियाकलाप : 'सन्धि शब्द लेख्ने'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **स्वर सन्धि, व्यञ्जन सन्धि र विसर्ग सन्धि** को आधारमा शब्द लेख्ने अभ्यास गर्ने।<br><br>उदाहरण:<br><br>• **स्वर सन्धि**: तत्त्व + ज्ञान = तत्त्वज्ञान<br>• **व्यञ्जन सन्धि**: कर्म + अर्पण = कर्मार्पण<br>• **विसर्ग सन्धि**: देवः + पूजा = देवपूजा | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **नेपालमा प्रचलित संस्कृत शब्दहरू** बुझ्न र लेख्न अभ्यास गर्न सकून्। | ख. **जानकारी र अभ्यास** (नेपालीमा प्रचलित संस्कृत शब्दलाई प्राथमिकता दिने) | २. जानकारी र अभ्यास (नेपालीमा प्रचलित संस्कृत शब्दलाई प्राथमिकता दिने)<br><br>◇ **क्रियाकलाप : 'शब्द पहिचान'**<br>**सामग्री:**<br><br>• नेपालीमा प्रचलित संस्कृत शब्दहरू लेखिएका कार्डहरू।<br>तरिका:<br>• विद्यार्थीहरूले नेपाली भाषामा प्रचलित संस्कृत शब्दहरू पहिचान गरी तिनको अर्थ बुझ्ने।<br><br>उदाहरण:<br><br>• गृह (घर) | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्या (शिक्षा)<br>• प्रेम (माया)<br>• बल (शक्ति)<br><br>◇ **क्रियाकलाप : 'संस्कृत शब्दको अर्थ बुझौं'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई नेपालीमा प्रचलित संस्कृत शब्दहरूको अर्थ थाहा पाउन लगाउने।<br><br>उदाहरण:<br><br>• सत्य (साँचो)<br>• शान्ति (शान्ति)<br>• धर्म (धर्म)<br>• आनन्द (खुशी) | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **भगवती स्तुति / देवी अर्चना** शुद्ध सस्वर वाचन गर्ने र त्यसको अर्थ बुझ्ने। | ग. **भगवती स्तुति / देवी अर्चना** (शुद्ध सस्वर वाचन र अर्थज्ञान) | ३. भगवती स्तुति / देवी अर्चना (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br><br>◇ **क्रियाकलाप : 'समूह वाचन'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई कसैले पालैपालो शुद्ध सस्वर वाचन गर्ने र अन्य विद्यार्थीहरूले सुन्ने र सुधार गर्ने ।<br>• पाठमा आउने शब्दहरूको अर्थ पनि बुझाउने।<br><br>उदाहरण: | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **"नमः देवी सरस्वती"** (अर्थ: "हे देवी सरस्वती, तपाईंलाई प्रणाम छ")<br>• **"शिवाय विष्णु रूपिण्यै नमः"** (अर्थ: "शिव र विष्णुको रूपमा देवीको वन्दना")<br><br>◇ **क्रियाकलाप : 'अर्थ सँगै वाचन'**<br>**तरिका:**<br><br>• शिक्षकले भगवती स्तुति वा देवी अर्चना गाएर विद्यार्थीलाई शुद्ध उच्चारण गर्ने अभ्यास गराउने।<br>• विद्यार्थीहरूले वाचनका क्रममा अर्थ पनि बुझ्ने प्रयास गर्ने। | |
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **सङ्ख्याहरू २१ देखि ५० सम्म संस्कृत भाषामा बोल्न र लेख्न अभ्यास गर्ने। | घ. २१ देखि ५० सम्मको सङ्ख्या ज्ञान | ४. २१ देखि ५० सम्मको सङ्ख्या ज्ञान<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या मिलाउने खेल'**<br>**सामग्री:**<br><br>• सङ्ख्याका अङ्कहरू र संस्कृत शब्दहरू लेखिएका कार्डहरू।<br>तरिका:<br>• विद्यार्थीहरूले सङ्ख्याका अङ्क र तिनको संस्कृत शब्दसँग मिलाउने।<br><br>उदाहरण:<br><br>• २१ → **एकपञ्चाशत्**<br>• ३० → **त्रिंशत्**<br>• ४५ → **पञ्चषष्टिः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • ५० → **पञ्चाशत्**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेख्ने अभ्यास'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सङ्ख्या २१ देखि ५० सम्म संस्कृत भाषामा लेख्ने अभ्यास गर्ने।<br><br>उदाहरण:<br><br>• २१ → **एकपञ्चाशत्**<br>• ३४ → **त्रेचत्वारिंशत्**<br>• ४५ → **पञ्चषष्टिः** | |
| ११. स्थानीय लिपिः सम्भोटा | <br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **यातग् ('य' झुण्डिएका ७ अक्षर), रातग् ('र' झुण्डिएका १४ अक्षर), लातक् ('ल' झुण्डिएका ६ अक्षर) र वासुर ('व' झुण्डिएका १२ अक्षर) चिन्न, लेख्न र प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **शरणगमन पाठ (केप्डो) को शुद्ध उच्चारणसहित वाचन गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **साम्भोटा भाषाका आदरार्थी** | **क. दोगयीक:**<br>- यातग् ('य' झुण्डिएका सातवटा अक्षरहरु);<br>- रातग् ('र' झुण्डिएका १४ वटा अक्षरहरु );<br>- लातक् ('ल' झुण्डिका छवटा अक्षरहरु);<br>- वासुर ('व' झुण्डिएका १२ वटा अक्षरहरु)<br>यातग्, रातग्, लातग् र वासुरबाट बनेका शब्दहरु<br>ख. शरणगमन पाठ (केप्डो)<br>ग. दश वटा आदरार्थी | १. दोगयीक (यातग्, रातग्, लातक्, वासुर) र तिनबाट बन्ने शब्दहरू<br><br>◇ **क्रियाकलाप : 'अक्षर छुट्याऔं'**<br>**सामग्री:**<br><br>• विभिन्न अक्षरहरू लेखिएका कार्डहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **चार समूहमा विभाजन भई (यातग्, रातग्, लातक्, वासुर) सही समूहमा अक्षरहरू छुट्याउने।**<br><br>उदाहरण:<br><br>• **यातग्** → ཡ, ཡི, ཡུ, ཡེ, ཡོ, ཡཾ, ཡྱ | |

| | | | | |
|---|---|---|---|---|
| | **शब्दहरू सिक्न र प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **सङ्ख्याहरू बोल्न, लेख्न र प्रयोग गर्न सकून् ।** | शब्दहरु<br>घ. आङडाङ (सङ्ख्याहरु – २१ देखि ५० सम्म) | • रातग् → ར, རི, རུ, རེ, རོ, आदि<br><br>◇ **क्रियाकलाप : 'शब्द बनाऔं'**<br>**तरिका:**<br><br>• शिक्षकले **यातग्, रातग्, लातक्, वासुर अक्षरहरू राखेर विद्यार्थीहरूलाई शब्द बनाउन लगाउने।**<br><br>उदाहरण:<br><br>• **यातग् → ཡུན་རིང་ (युन रिङ) - लामो समय**<br>• **रातग् → རིག་པ (रिग्प) - ज्ञान**<br><br>**३.** शरणगमन पाठ (केप्डो) वाचन अभ्यास<br><br>◇ **क्रियाकलाप : 'समूह वाचन'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई **साना समूहमा विभाजन गरी पालैपालो वाचन गराउने।**<br>• **एक समूहले वाचन गर्दा अर्को समूहले सुन्ने र सुधार गर्ने।**<br><br>◇ **क्रियाकलाप : 'शब्दार्थ पहिचान'**<br>**तरिका:**<br><br>• शिक्षकले **पाठबाट कठिन शब्दहरू** | |

| | | | | |
|---|---|---|---|---|
| | | | चुनुहुन्छ।<br>• विद्यार्थीहरूले **ती शब्दहरूको अर्थ बुझ्ने र उदाहरण दिन प्रयास गर्ने।**<br><br>३. दश वटा आदरार्थी शब्दहरू<br><br>◇ **क्रियाकलाप : 'शब्द साटासाट गरौं'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **आफ्नो साथीलाई आदरार्थी शब्द प्रयोग गरी बोल्ने।**<br><br>उदाहरण:<br><br>• **तिमी → ཁྱེད་རང་ (ख्येदरंग)**<br>• **बुबा → ཨ་མདོ་ (आमदो)**<br><br>◇ **क्रियाकलाप : 'कथाक्रम'**<br>**तरिका:**<br><br>• शिक्षकले **आदरार्थी शब्दहरू समावेश भएको छोटो कथा भन्नुहुन्छ।**<br>• विद्यार्थीहरूले **त्यस कथामा आउने आदरार्थी शब्दहरू लेख्ने।**<br><br>४. आङडाङ (सङ्ख्याहरू – २१ देखि ५० सम्म)<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या कार्ड खेल'**<br>**सामग्री:** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • एक सेटमा **सङ्ख्याका अङ्कहरू (२१-५०), अर्को सेटमा साम्भोटा सङ्ख्याका शब्दहरू।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सही अङ्कसँग मिल्ने साम्भोटा सङ्ख्या शब्द पहिचान गर्ने।**<br>• उदाहरण:<br>• २१ → ཉེ་ཤུ་རག (निशु रग)<br>• ४५ → བཞི་བཅུ་སོང (झीबचुसोङ)<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेखौं'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सङ्ख्याहरू साम्भोटा भाषामा लेख्ने अभ्यास गर्ने।**<br>• **शुद्ध लेखेका विद्यार्थीहरूलाई सानो पुरस्कार दिने।** | |

## ग. स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुका क्षेत्र र क्रम र सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा ६)

| विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हेलम्बु परिचय | १. आफ्नो गाउँपालिकाका सबै वडा र गाउँपालिकाको पुरानो र नयाँ  नाम पत्ता लगाई वडा र गाउँपालिकाको नाम कसरी रहेको पौराणिक कथाका आधारमा नामको अर्थ पत्ता लगाउन । | गाउँपालिकाका सात वटै वडा रहेका गाउँहरुका नाम, ती गाउँ का नामको पौराणिक अर्थ । | - समाजका पुराना व्यक्तित्वको सहयोग लिएर आफ्नो गाउँपालिकाका सात वटै वडा रहेका गाउँहरुको अहिले र पहिलेको नाम खोजी गर्न लगाउने ।<br>- ती नामको अर्थ के रहेछ खोजी गरी नोट गर्न लगाउने ।<br>- फेरवदल हुने अवस्था बताउने । | गाउँको हालको नाम,  पौराणिक नाम र अर्थ लेख्न लगाउने । |
| | २. ग्याल्थुम, सेमराङ, ताखोर, तिम्बु, महाङ्काल र किउलको भौगोलिक परिचय दिन । | जातजाति भाषा धर्म हावापानी सरकारी तथा गैरसरकारी संघसंस्था प्रहरी चौकी विद्यालय | - ग्याल्थुम, सेमराङ, ताखोर, तिम्बु, महाङ्काल र किउलको भौगोलिक अवस्थाका बारेमा कक्षामा छलफल गराउने । | ग्याल्थुम, सेमराङ, ताखोर, तिम्बु,महाङ्काल र किउलको भूधरातलको अवस्थाको बारे प्रवचन दिन लगाउने । |
| | ३. गाउँ कार्यपालिकाको बनोट प्रस्तुत गर्न । | | - पोष्टरमा गाउँ कार्यपालिकाको संरचना प्रस्तुत गरी कक्षामा छलफल गराउने । | गाउँ कार्यपालिकाको बनोट लेख्न लगाउने । |
| | ४. न्यायिक समितिको संरचना  पहिल्याउन । | | - वडा र गाउँ न्यायिक समितिको संरचना तालिकाको सहयोगले कक्षामा छलफल गराउने । | वडा र गाउँ न्यायिक समितिको संरचना सोध्ने । |
| | ५. हेलम्बुमा कार्यरत सरकारी तथा अन्य सामाजिक संघ संस्थाको पहिचान गर्न | | - हेलम्बुमा कार्यरत सरकारी तथा अन्य सामाजिक संघ संस्थाको बारेमा परिचय गराइ तिनका कामका बारेमा छलफल गराउने । | हेलम्बुमा कार्यरत सरकारी र गैह सरकारी निकायका नाम र ठेगाना लेख्न लगाउने । |
| | ६. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा विद्यालय शिक्षा र | | - हेलम्बुमा भएका विद्यालय, उच्च शिक्षा र स्वास्थ्य संस्था कति वटा छन्, | निम्न तालिकाका आधारमा तथ्याङ्कको खोजी गर्न लगाउने । |

<table>
<tr><td></td><td>उच्च शिक्षा र स्वास्थ्य संस्थाको संरचना दर्शाउन ।</td><td rowspan="4"></td><td>- कति जनसङ्ख्याका लागि यो सेवा उपलब्ध हुन्छ र<br>- यी संस्थाले के के सुविधा दिन्छन् छुट्टा–छुट्टै तालिकाको प्रयोग गरी छलफल गराउने ।</td><td><table><tr><td>निकाय</td><td>लाभ लिने जनसङ्ख्या</td><td>प्रदान गरिने सेवा</td></tr><tr><td>विद्यालय</td><td></td><td></td></tr><tr><td>उच्च शिक्षालय</td><td></td><td></td></tr><tr><td>स्वास्थ्य संस्था</td><td></td><td></td></tr></table></td></tr>
<tr><td></td><td>७. आफ्नो वडामा बसोवास गर्ने जातजाति, भाषा र धर्मका मानिसहरूले  अपनाएको परम्परागत पेसा पहिचान गर्न ।</td><td>- हेलम्बु गाउँपालिकामा बस्ने बासिन्दाको जातजाति, भाषा र धर्म खुल्ने गरी तुलना तालिका कक्षामा प्रस्तुत गरी छलफल गराउने ।<br>- आफ्नो वडामा बसोवास गर्ने मानिसहरुले अपनाइ आएका परम्परागत पेसा के के हुन् कक्षामा छलफल गराएर सूची बनाउन लगाउने ।</td><td>हेलम्बु गाउँपालिकामा बसोवास गर्ने मानिसहरुले अपनाउने भाषा, धर्म र जातिगत समूह छुट्याउन लगाउने । परम्परागत पेसाका नामहरु सङ्कलन गर्न लगाई प्रस्तुत गर्न लगाउने</td></tr>
<tr><td></td><td>८. ग्याल्थुम, महाङ्काल र किउलको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न</td><td>- ग्याल्थुम, महाङ्काल र किउलको हावापानीका बारेमा छलफल गराइ मौसम बमोजिम हावापानीको फेरवदल हुनाका कारण बताइदिने ।</td><td>ग्याल्थुम, महाङ्काल र किउलको वर्ष भरिको मौसमको वर्णन गर्न लगाउने ।</td></tr>
<tr><td></td><td>९. हेलम्बुको प्रहरी चौकी र सुरक्षा अवसर पत्ता लगाउन ।</td><td>- हेलम्बु प्रहरीचौकीको सङ्क्षिप्त परिचय दिने र यसबाट समाजमा शान्ति सुरक्षा कसरी कायम भएको छ छलफल गराउने ।</td><td>हेलम्बु प्रहरी चौकी कहाँ छ सोध्ने । प्रहरीबाट समाजमा कसरी शान्ति सुरक्षा कायम हुन्छ भन्न लगाउने ।</td></tr>
<tr><td>२. प्राकृतिक स्रोत र सम्पदा</td><td>१. राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्रका बारेमा फरक छुट्याउन ।<br>२. नक्सामा भ्रेमाङ्थान र यहाँबाट उत्पन्न हुने खोल्सा देखाउन ।<br>३. हिमालयको लहरमा दोर्जे लाक्पा हिमाल चिन्न  र नक्सा उतार्न ।</td><td>राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्र, भ्रेमाङ्थान, दोर्जे लाक्पा हिमाल,</td><td>- राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्र छुट्टिने नक्सा प्रदर्शन गरी छलफल गराउने ।<br>- राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्रका बिचमा भिन्नता बताउने ।<br>- नक्साको सहायताले भ्रेमाङथाङ, ठाडेपाटी र दोर्जे लाक्पा हिमाल चिनाउने ।</td><td>-राष्ट्रिय निकुञ्ज र मध्यवर्ती विकास क्षेत्रका बिचमा के भिन्नता छ सोध्ने ।<br>-भ्रेमाङथाङ र दोर्जे लाक्पा हिमालको ट्रेस/ नक्कल उतार्ने लगाउने ।<br>-आफ्नो घरदेखि ठाडेपाटीसम्म पुग्ने बाटोको चित्र कोर्न लगाउने ।</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | ४. ठाडेपाटीको भौगोलिक अवस्थिति र यहाँ जाने पैदल मार्ग चित्राङ्कन गर्न ।<br>५. रिवर्मा झरनाको बारेमा सङ्क्षिप्त परिचय दिन ।<br>६. गुफाको निर्माण कसरी भयो होला अनुमान लगाउन ।<br>७. स्थानीय वनजङ्गलमा पाइने जीव र जन्तु चिन्न ।<br>८. धसिङ्गरे, सिस्नु, टिम्मुर, टटेलो, भैराजको उपयोगिता चिनेर उत्पादन र सङ्कलन कार्यमा सहभागिता जनाउन । | जीवजन्तु, ठाडेपाटी, रिवर्मा झरना गुफाको निर्माण, धसिङ्गरे, सिस्नु, टिम्मुर, टटेलो, भैराजको उपयोगिता | - नक्सा हेरी भ्रेमाङथाङ र दोर्जे लाक्पा हिमालको ट्रेस/ नक्कल उतार्ने अभ्यास गराउने।<br>- ठाडेपाटी कहाँ छ र आफ्नो घरबाट कसरी पुग्न सकिन्छ नक्साको सहयोग लिएर छलफल गराउँदै बाटोको चित्र कोर्न लगाउने ।<br>- गाउँपालिकाभित्रका वनजङ्गलमा पाइने जीवजन्तुका नाम सङ्कलन गर्न समूह छलफल गराउने र तिनको चित्रबाट चिनाउने ।<br>- रिवर्मा झर्नाको तस्विर प्रदर्शन गरी यो कहाँ छ बताउने ।<br>- गुफाको फोटो वा भिडियो देखाइ गुफा के हो, यसको निर्माण कसरी भयो, यसबाट के फाइदा छ, छलफल गराउने ।<br>- विभिन्न माध्यमको प्रयोग गरी धसिङ्गरे, सिस्नु, टिम्मुर, टटेलो, भैराज चिनाउने । यिनको उपयोगिता बताइदिने । यिनको उत्पादन र सङ्कलन कार्यमा सहभागिता गराउने । | हेलम्बुको वनजङ्गलमा पाइने जीवजन्तुहरुको नामको सूची बनाउने ।<br>- धसिङ्गरे, सिस्नु, टिम्मुर, टटेलो, भैराज मध्ये आफ्नो नजिकै पाइने कुनै जडिबुटी सङ्कलन गर्न लगाउने र तिनका उपयोगिता सोध्ने । |
| ३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | १. प्रसिद्ध धार्मिक स्थलहरु (होम छे, च्योमथली गोन्पा, दोर्जे थमु डुग्धु) को अवस्थिति बताउँदै कुन समयमा कस्तो मेला लाग्छ चिनाउन .<br>२. मन्दिर र गोन्पामा गरिने पूजाविधि र चर्चमा गरिने प्रार्थनाको विधिका बारेमा बताउन ।<br>३. गुठीको परिचय दिइ यहाँका प्रमुख गुठीहरुको | होम छे, च्योमथली गोन्पा, दोर्जे थमु डुग्धु, मन्दिर र गोन्पा, पूजाविधि र | - नक्साको सहायताले प्रसिद्ध धार्मिक स्थलहरु (होम छे, च्योमथली गोन्पा, दोर्जे थमु डुग्धु) को अवस्थिति बताउने । र ती स्थानमा कुन समयमा कस्तो मेला लाग्छ समुदायमा सोधी पत्ता लगाउन लगाउने ।<br>- मन्दिर र गोन्पामा गरिने पूजाविधि र चर्चमा | होम छे, च्योमथली गोन्पा, दोर्जे थमु डुग्धु कहाँ कहाँ छन् र ती स्थानमा कहिले कहिले मेला लाग्छन् सोध्ने ।<br>मन्दिर, गोन्पा र चर्चमा कसरी पूजा वा प्रार्थना गरिन्छ सोध्ने ।<br>हेलम्बुका प्रमुख गुठीहरुको सूची |

| | | | | |
|---|---|---|---|---|
| | पहिचान गर्न । | चर्चमा गरिने प्रार्थना, गुठी प्रमुख गुठीहरुको नाम | गरिने प्रार्थनाको विधिका बारेमा थाहा पाउन मन्दिर, गोन्पा र चर्चको भ्रमण गराए त्यहाँका मानिससँग सोध्न लगाउने ।<br>- गुठीको परिचय दिइ यहाँका प्रमुख गुठीहरुको सूची प्रदर्शन गरी गुठीको बारेमा छलफल गराउने । | बनाउन लगाउने । |
| ४. पर्यटकीय स्थल | १. पर्यटकीय स्थलहरुः मेलम्चीघ्याङ, लाङटाङ, तार्केघ्याङ र सेर्माथाङका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न ।<br>२. गुरुरिन्पोछेको महिमाका बारेमा जानकारी सङ्कलन गर्न ।<br>३. गाउँपालिकाका प्रमुख सडक र बाटोका बारेमा नक्सा सहितको पर्यटकीय सूचना सङ्कलन गर्न ।<br>४. हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) का बारेमा सङ्क्षिप्त प्रचार समाग्री बनाउन ।<br>५. हेलम्बु पदमार्ग सर्किटको पदमार्ग चिन्न । | मेलम्चीघ्याङ, लाङटाङ, तार्केघ्याङ र सेर्माथाङ, पर्यटकीय पथप्रदर्शक, गुरुरिन्पोछेको महिमा, गाउँपालिकाका प्रमुख सडक र बाटो, पर्यटकीय सूचना, षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) , हेलम्बु पदमार्ग सर्किट | - मेलम्चीघ्याङको सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकको नमुना बनाएर कक्षामा छलफल गराउने ।<br>- लाङटाङ राष्ट्रिय निकुञ्ज, तार्केघ्याङ र सेर्माथाङका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न लगाउने ।<br>- गुरुरिन्पोछेको जीवनी पढ्न लगाउने ।<br>- गाउँपालिकाका प्रमुख सडक र बाटोका बारेमा नक्सा सहितको पर्यटकीय सूचना सङ्कलन गर्न लगाउने ।<br>- हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को कुनै एक भागको भ्रमण गराउने ।<br>- ग्रेट ट्रेलका बारेमा कक्षामा छलफल गराउने ।<br>- इन्टरनेट सर्च गरी हेलम्बु पदमार्गको सर्किटको सुरु बिन्दु देखि अन्तिम बिन्दु सम्म चिनाउने । | अवस्थिति, बाटो, सुविधा, हावापानी प्रमुख आकर्षण खुल्ने गरी मेलम्चीघ्याङ, तार्केघ्याङ र सेर्माथाङका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शक बनाउन लगाउने ।<br>ग्रेट ट्रेलका बारेमा सङ्क्षिप्त प्रचार समाग्री बनाउन लगाउने । |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, | १. विभिन्न रीतिरिवाज गुन्यूचोली, जन्मदिन, मृत्यु र क्रिया संस्कार विधिका बारेमा वर्णन गर्न । | गुन्यूचोली, जन्मदिन, मृत्यु र क्रिया | - गुन्यूचोली, जन्मदिन, मृत्यु र क्रिया संस्कार विधिका बारेमा समुदायका व्यक्तिसँग छलफल गर्न लगाई जानकारी सङ्कलन गर्न | तिज, जनैपूर्णिमा, हरिबोधिनी एकादशी, नारा र छेच्यू कसले कसरी र कहिले मनाउँछन् भन्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| संस्कृति र भाषा | २. विभिन्न चाडपर्वः तिज, जनैपूर्णिमा, हरिबोधिनी एकादशी, नारा र छेच्यूका बारेमा वर्णन गर्न ।<br>**३.** धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः कहिले र कुन अवस्थामा काम गर्छन भन्न । | संस्कार, तिज, जनैपूर्णिमा, हरिबोधिनी एकादशी, नारा र छेच्यू, धामी झाँक्री, झारफुक लामा गुरु पुरोहित | लगाउने ।<br>- तिज, जनैपूर्णिमा, हरिबोधिनी एकादशी, नारा र छेच्यू कसले कसरी र कहिले मनाउँछन् उनका अनुभव सोधी निष्कर्षमा पुऱ्याइदिने ।<br>- धामी झाँक्री झारफुक लामा गुरु पुरोहितले कुन अवस्थामा कहिले काम गर्छन कक्षामा छलफल गराउने । | धामी झाँक्री झारफुक लामा गुरु पुरोहितले गर्ने कामको बयान गर्न लगाउने । |
| ६. पेसा व्यवसाय र उद्यम | १. पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिल चिन्न र उपयोगिता बताउन ।<br>२. बेत/बाँसबाट बनाउन सकिने उद्योगः नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन ।<br>३. उद्योगको लागि फलफूल (भुईंस्याऊ, सुन्तला र कागती) उत्पादनमा सहभागिता जनाउन ।<br>४. सिलाइ बुनाइः गुन्द्री, मान्द्रो, भकारी, डालो, डोको, थुन्चे, पेरूङ्गो, कोक्रो बुन्न सिक्न ।<br>५. कफी उत्पादन र प्रशोधन उद्योगका लागि आवश्यक सिपको पहिचान गर्न ।<br>६. बाँसबाट बन्ने हस्तकलाका सामान/ भाँडाको उत्पादन सिप सिक्न ।<br>७. पर्यटन व्यवसायका लागि चिया नास्ता बनाउन । | पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिल, नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया, भुईंस्याऊ, सुन्तला र कागती, सिलाइ बुनाइः गुन्द्री, मान्द्रो, भकारी, डालो, डोको, थुन्चे, पेरूङ्गो, कोक्रो, बाँसबाट बन्ने हस्तकला र भाँडाको उत्पादन सिप, | - पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिल भ्रमण गराइ कामका बारेमा छलफल गराउने ।<br>- नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन लगाउने ।<br>- भुईंस्याऊ, सुन्तला र कागती उत्पादनमा सहभागी गराउने ।<br>- नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन लगाउने ।<br>- कफी उत्पादन र प्रशोधन उद्योगमा काममा भ्रमण गराइ सिप सिकाउने ।<br>- बाँसबाट बन्ने हस्तकलाको भाँडा बनाउन सिकाउने ।<br>- पर्यटन व्यवसायका लागि चिया नास्ता बनाउन लगाउने । | - नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन लगाउने ।<br>- नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्ने चोया पदार्थको पहिचान गरी बेत बाँसका नमुना बनाउन लगाउने ।<br>- पर्यटन व्यवसायका लागि चिया नास्ता बनाउन लगाउने |

| | | | | |
|---|---|---|---|---|
| | | पर्यटन व्यवसाय, कफी उत्पादन र प्रशोधन उद्योग, चिया नास्ता | | |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | १. जलवायु परिवर्तन र अनुकूलनको अर्थ र उदाहरण बताउन ।<br>२. प्रकोपः डँढेलो, चट्याङ, हिमपहिरोको असर दर्शाइ बच्ने उपायहरुको खोजी गर्न ।<br>**३.वातावरण संरक्षणका उपायहरुः** वृक्षारोपण, नदी नियन्त्रण, भूक्षय नियन्त्रण छेकबार निर्माण (जाली लगाउने, खोला नियन्त्रणमा सुख्खा तथा जाली पर्खाल, बोरामा माटो राखी पर्खाल तथा बाढी नियन्त्रण गर्ने तार जालीको प्रयोग गर्न) उपायहरुसँग परिचित हुन ।<br>**४.** विद्यालयमा बगैँचा निर्माण गरी गाजर, बोडी, सिमी, करेला, फर्सी र लौका उत्पादन गर्न । | जलवायु अनुकूलन र परिवर्तन, डँढेलो, चट्याङ, हिमपहिरो, वातावरण संरक्षणका उपाय वृक्षारोपण, नदी नियन्त्रण, भूक्षय नियन्त्रण छेकबार निर्माण (जाली लगाउने, खोला नियन्त्रणमा सुख्खा तथा जाली पर्खाल, बोरामा माटो राखी पर्खाल तथा बाढी नियन्त्रण गर्ने तार जाली, | - जलवायु परिवर्तन र अनुकूलनको अर्थ र उदाहरण बताइ दिने<br>- डँढेलो, चट्याङ, हिमपहिरोको असर दर्शाइ बच्ने उपायहरु खोजी गर्न लगाउने ।<br>- वातावरण संरक्षणका उपायहरुः वृक्षारोपण, नदी नियन्त्रण, भूक्षय नियन्त्रण छेकबार निर्माण (जाली लगाउने, खोला नियन्त्रणमा सुख्खा तथा जाली पर्खाल, बोरामा माटो राखी पर्खाल तथा बाढी नियन्त्रण गर्ने तार जालीको प्रयोग गर्न आदिजस्ता कार्य) गर्न लगाउने ।<br>- विद्यालयमा बगैँचा निर्माण गरी गाजर, बोडी, सिमी, करेला, फर्सी र लौका उत्पादन गर्न । | - जलवायु परिवर्तन र अनुकूलनको अर्थ र उदाहरण भन्न लगाउने ।<br>- डँढेलो, चट्याङ, हिमपहिरोको असर भन्न लगाउने ।<br>- जाली लगाउने, खोला नियन्त्रणमा सुख्खा तथा जाली पर्खाल, बोरामा माटो राखी पर्खाल तथा बाढी नियन्त्रण गर्न लगाउने ।<br>- विद्यालयमा बगैँचा निर्माण गरी गाजर, बोडी, सिमी, करेला, फर्सी र लौका उत्पादन गर्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | | विद्यालयमा बगैँचा निर्माण, गाजर, बोडी, सिमी, करेला, फर्सी र लौका | | |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको परिचय दिन ।<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः डोका, डाला, थुन्से, नाङ्ला, थाङ्का, राडी पाखी बुन्ने तान | स्थानीय प्रविधि, डोका, डाला, थुन्से, नाङ्ला, थाङ्का, राडी पाखी बुन्ने तान | - विद्यालयमा स्थानीय प्रविधिको भण्डारण र प्रदर्शन गर्ने । यस कार्यमा विद्यार्थीलाई पनि सहभागी गराउने । स्थानीय प्रविधिको प्रदर्शनीमा प्रविधिका उपयोगिता भन्न लगाउने ।<br>- निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः डोका, डाला, थुन्से, नाङ्ला, थाङ्का, राडी पाखी बुन्ने तान<br>- विद्यालयको कार्यशाला वा नजिकैको समुदायमा गएर डोका, डाला, थुन्से, नाङ्ला, थाङ्का, राडी पाखी बुन्ने कामको अवलोकन, छलफल र अभ्यास गराउने । | स्थानीय प्रविधिका नमुना सङ्कलन गर्न लगाउने । स्थानीय प्रविधिका कामहरुका बारेमा भन्न लगाउने । |
| स्वास्थ्य सरसफाइ र असल संस्कार | ९. **स्वास्थ्य र सरसफाइः** टोल छरछिमेकको सरसफाइमा सहभागी हुन ।<br>१०. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना खान ।<br>**११. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** /तान्त्रिक उपचार विधिको परिचय दिन ।<br>१२. **योग, ध्यान र प्रणायामको अभ्यास गर्न ।**<br>**१३. असल संस्कारः** घर, विद्यालय र टोल छिमेकमा असल आनिबानी प्रदर्शन गर्न ।<br>१४. **धार्मिक र नैतिक सहिष्णुताको** | टोल छरछिमेकको सरसफाइ, तान्त्रिक उपचार विधि, **योग, ध्यान र प्रणायाम, असल संस्कार, धार्मिक र नैतिक सहिष्णुता, स्थानीय खेल, गलत संस्कारः** जुवातास | - विद्यालय परिसर सरसफाइको आयोजना गर्ने<br>- आफ्नो घरआगन सफाइमा सहभागिताको अनुभव भन्न लगाउने ।<br>- स्थानीय उत्पादनका खाना पहिचान गराउने र ताजा खाना खानाले हुने फाइदा बारे छलफल गराउने ।<br>- उपचारमा तान्त्रिक विधिको प्रयोग र तान्त्रिक विधिको प्रयोगमा स्थानीय जडिबुटीको उपयोगिताका बारेमा स्थानीय स्रोतव्यक्तिको सहायताले कक्षामा छलफल चलाउने ।<br>- छोटो छोटो योग ध्यान र प्राणायामका अभ्यास गराउने । | विद्यालयमा आयोजना गरिएको सरसफाइमा सहभागी गराउने । ताजा खानाको महत्त्व भन्न लगाउने र दिवा खाजाको अवलोकन गर्ने । सामान्य योगा गराउने । रेडिरेस, गट्टा खेलाइ खेलका नियम पालना गराउने । विद्यार्थीले कक्षाकोठामा र विद्यालय भित्र अन्य व्यक्तिसँग गरेको बानी व्यवहारको अवलोकन गर्ने । स्थानीय जडिबुटीको प्रयोग गरी उपचारमा तान्त्रिक विधिको |

| | | | | |
|---|---|---|---|---|
| | पालना गर्न ।<br>१५. **स्थानीय खेलहरुः** रेडिरेस, गट्टा खेल्न ।<br>१६. **गलत संस्कार**ः जुवातास खेल्नाले हुने हानीको बयान गर्न । | | - समूहमा बस्दा वा दोस्रो व्यक्तिसँगको सम्पर्कमा रहँदा प्रदर्शन गर्ने व्यवहारका बारेमा विद्यार्थीहरुलाई भन्न लगाउने । राम्रो अभ्यास गर्दा हुने फाइदा र नराम्रो व्यवहार गर्दा हुने हानीका बारेमा लघुकथाका माध्यमबाट सिकाउने ।<br>- कक्षा कोठामा रेडिरेश र गट्टा खेलका नियम बताइ विद्यालयको खेलमैदानमा पालैपालो रेडिरेस र गट्टा खेल्न सिकाउने ।<br>- भिडियो वा अन्य कुनै सामग्रीको प्रयोग गरी गलत संस्कार र असल संस्कारका बिचमा भिन्नता बताउने र जुवातास खेल्नाले भएका हानीका बारेमा कक्षामा छलफल चलाउने । | प्रयोगको महत्त्वबारे सङ्क्षेपमा भन्न लगाउने । |
| स्थानीय लिपिः सम्भोटा | **उद्देश्यः**<br>विद्यार्थीहरूले **र, ल, स** शिर भएका अक्षरहरू चिन्न, लेख्न र तिनबाट बन्ने शब्दहरू प्रयोग गर्न सकून् ।<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **छ वटा उल्टा अक्षरहरू चिन्न, लेख्न र प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **थुग्पो हिगे ङाःका अक्षरहरू चिन्न, लेख्न र प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्यः**<br>विद्यार्थीहरूले **बोधिचित्त उत्पात पाठ शुद्ध** | **गोच्येन् :**<br>– रागो च्युञ्यी (शिरमा 'र' भएका १२ वटा अक्षरहरु);<br>– लागो च्यु (शिरमा 'ल' भएका १० वटा अक्षरहरु);<br>– सागो च्युच्यिक (शिरमा 'स' भएका ११ वटा अक्षरहरु)<br>– रागो, लागो र सागोबाट बन्ने शब्दहरु<br>**च. लोगयिग डुकः**<br>– छवटा उल्टा | १. गोच्येन् : (रागो च्युञ्यी, लागो च्यु, सागो च्युच्यिक र तिनबाट बन्ने शब्दहरू)<br><br>◇ **क्रियाकलाप : 'अक्षर पहिचान गरौं'**<br>**सामग्रीः**<br><br>• विभिन्न अक्षरहरू लेखिएका कार्डहरू।<br>**तरिकाः**<br>• शिक्षकले **रागो, लागो र सागोका अक्षरहरू मिसाएर कार्डहरू वितरण गर्नुहुन्छ।**<br>• विद्यार्थीहरूले **तीन वर्गमा छुट्याउने (रागो, लागो, सागो)।**<br><br>◇ **क्रियाकलाप : 'शब्द बनाऔं'** | |

| | | | | |
|---|---|---|---|---|
| | **उच्चारणसहित वाचन गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **साम्भोटा भाषाका आदरार्थी शब्दहरू सिक्न र प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **सङ्ख्याहरू बोल्न, लेख्न र प्रयोग गर्न सकून् ।** | अक्षरहरु<br>– लोगयिग डुकको प्रयोग<br>**छ. थुग्पो हिगे ङाः**<br>– पाँचवटा बाक्लो अक्षरहरु<br>– थुग्पो हिग ङाको प्रयोग<br>**ज. पन्ध्र वटा आदरार्थी शब्दहरु**<br><br>**झ. बोधिचित्त उत्पात पाठ (सेमकेत)**<br>**आङडाङ** (सङ्ख्याहरु – ५१ देखि ८० सम्म) | **तरिका:**<br><br>• शिक्षकले **र, ल, स** शिर भएका अक्षरहरू लेखेर विद्यार्थीहरूलाई **ती अक्षरहरू समावेश भएका शब्दहरू बनाउन लगाउने।**<br>• उदाहरण: **रागो → རི (री), लागो → ལུ (लु), सागो → སེ (से)**<br><br>२. लोगयिग डुक (छवटा उल्टा अक्षरहरू र तिनको प्रयोग)<br><br>◇ **क्रियाकलाप : 'उल्टा अक्षर मिलाऔं'**<br>**सामग्री:**<br><br>• उल्टा अक्षरहरू लेखिएका फ्ल्यासकार्डहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सही अक्षर पहिचान गरेर मिलाउने।**<br>• **सही जोडी बनाउने विद्यार्थीलाई टोकन पुरस्कार दिने।**<br><br>◇ **क्रियाकलाप : 'चित्र कोरेर अक्षर लेखौं'**<br>**तरिका:**<br><br>• शिक्षकले **उल्टा अक्षर समावेश भएका शब्दहरू चित्रसहित देखाउनुहुन्छ।**<br>• विद्यार्थीहरूले **चित्र हेरेर सही अक्षर लेख्ने अभ्यास गर्छन्।**<br><br>३. थुग्पो हिगे ङाः (पाँचवटा बाक्लो अक्षरहरू र तिनको प्रयोग)<br><br>◇ **क्रियाकलाप : 'अक्षर खोजी खेल'** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **सामग्री:**<br>• कक्षा कोठामा विभिन्न स्थानमा अक्षरहरू टाँस्ने।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **ठीक अक्षर फेला पार्नुपर्ने।**<br>• **पत्ता लगाएपछि सही उच्चारण गर्दै लेख्ने।**<br><br>◇ **क्रियाकलाप : 'वाक्य बनाऔं'**<br>**तरिका:**<br>• शिक्षकले **पाँचवटा बाक्ला अक्षर प्रयोग भएका शब्दहरू दिनुहुन्छ।**<br>• विद्यार्थीहरूले **ती शब्दहरू राखेर सरल वाक्य बनाउने।**<br><br>४. पन्ध्र वटा आदरार्थी शब्दहरू<br><br>◇ **क्रियाकलाप : 'शब्द साटासाट गरौं'**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **आफ्नो साथीलाई आदरार्थी शब्द प्रयोग गरी बोल्ने।**<br><br>उदाहरण:<br>• **तिमी → ཁྱེད་རང་ (ख्येदरंग)**<br>• **बुबा → ཨ་མདོ་ (आमदो)**<br><br>◇ **क्रियाकलाप : 'कथाक्रम'**<br>**तरिका:**<br>• शिक्षकले **आदरार्थी शब्दहरू समावेश भएको छोटो कथा भन्नुहुन्छ।** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूले **त्यस कथामा आउने आदरार्थी शब्दहरू लेख्ने।**<br><br>५. बोधिचित्त उत्पात पाठ (सेमकेत) वाचन अभ्यास<br><br>◇ **क्रियाकलाप : 'समूह वाचन'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई **साना समूहमा विभाजन गरी पालैपालो वाचन गराउने।**<br>• **एक समूहले वाचन गर्दा अर्को समूहले सुन्ने र सुधार गर्ने।**<br><br>◇ **क्रियाकलाप : 'शब्दार्थ पहिचान'**<br>**तरिका:**<br><br>• शिक्षकले **पाठबाट कठिन शब्दहरू पहिचान गर्न लगाउने।**<br>• विद्यार्थीहरूले **ती शब्दहरूको अर्थ बुझ्ने र उदाहरण दिन प्रयास गर्ने।**<br><br>६. आङडाङ (सङ्ख्याहरू – ५१ देखि ८० सम्म)<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या कार्ड खेल'**<br>**सामग्री:**<br><br>• एक सेटमा **सङ्ख्याका अङ्कहरू (५१-८०), अर्को सेटमा साम्भोटा सङ्ख्याका शब्दहरू।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सही अङ्कसँग मिल्ने साम्भोटा सङ्ख्या शब्द पहिचान गर्ने।** | |

| | | | | |
|---|---|---|---|---|
| | | | उदाहरण:<br><br>• ༥༡ → ང་བཅུ་རེར (ङ-बचु-रेर)<br>• ༧༥ → དྲུག་བཅུ་སོག (द्रुग-बचु-सोक)<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेखौं'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **सङ्ख्याहरू साम्भोटा भाषामा लेख्ने अभ्यास गर्ने।**<br>• **शुद्ध लेखेका विद्यार्थीहरूलाई सानो पुरस्कार दिने।** | |
| स्थानीय भाषाः संस्कृत | **उद्देश्य:**<br>विद्यार्थीहरूले **संस्कृतका अजन्त (स्वरान्त) र हलन्त (व्यञ्जनान्त) शब्दहरू चिन्न, बुझ्न र सही रूपमा प्रयोग गर्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **शिव वन्दनाका श्लोकहरू शुद्ध उच्चारण गर्न र तिनको अर्थ बुझ्न सकून् ।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **संस्कृतमा ५१ देखि ८० सम्मका सङ्ख्याहरू चिन्ने, लेख्न र बोल्न सक्ने।** | **रूपावली**: मुख्य मुख्य अजन्त र हलन्त शब्दको रूपज्ञान र अभ्यास (नेपालीमा प्रचलित संस्कृत शब्दलाई प्राथमिकता दिने)<br>**शिव वन्दना**: (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br>५१ देखि ८० सम्मको सङ्ख्या ज्ञान | १. रूपावली (मुख्य मुख्य अजन्त र हलन्त शब्दको रूपज्ञान र अभ्यास)<br><br>◇ **क्रियाकलाप : 'सही शब्द छानौं'**<br>**सामग्री:**<br><br>• दुई फरक कार्ड (पहिलो सेटमा अजन्त शब्दहरू, दोस्रो सेटमा हलन्त शब्दहरू)।<br>**तरिका:**<br>• शिक्षकले **दुई प्रकारका शब्दहरू मिसाएर विद्यार्थीहरूलाई दिनुहुन्छ।**<br>• विद्यार्थीहरूले **अजन्त (स्वरमा अन्त्य हुने) र हलन्त (व्यञ्जनमा अन्त्य हुने) शब्द छुट्याउने।**<br><br>उदाहरण:<br><br>• **अजन्त शब्दहरू:** रामः, नदी, माला | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **हलन्त शब्दहरू:** गृह, छात्र, मित्र<br><br>◇ **क्रियाकलाप : 'वाक्य बनाऊँ'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले **संस्कृतका नेपालीमा प्रचलित शब्दहरू प्रयोग गरी वाक्य बनाउने।**<br><br>उदाहरण:<br><br>• **गृहं गच्छामि। (म घर जाँदैछु।)**<br>• **गुरुः पाठं पठति। (गुरुले पाठ पढाउँछन्।)**<br><br>◇ **क्रियाकलाप : 'चित्र हेरेर शब्द लेख्ने'**<br>**सामग्री:**<br><br>• विभिन्न वस्तुहरूको **चित्र (घर, मन्दिर, नदी, पुस्तक, छात्र, माता, पिता, आदि)।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **चित्र हेरेर संस्कृत शब्द लेख्ने।**<br>• उदाहरण: **घर → गृहः, नदी → नदीः**<br><br>२. शिव वन्दनाः (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br><br>◇ **क्रियाकलाप : 'श्रवण र दोहोर्याइ'**<br>**तरिका:**<br><br>• शिक्षकले **शिव वन्दनाका श्लोकहरू सही उच्चारणमा वाचन गर्नुहुन्छ।**<br>• विद्यार्थीहरूले **सुनेर दोहोर्याउने प्रयास गर्छन्।**<br><br>उदाहरण: | |

| | | | | |
|---|---|---|---|---|
| | | | • ॐ नमः शिवाय।<br>• करपूरगौरं करुणाबतारं संसारसारं भुजगेन्द्रहारम्।<br><br>◇ **क्रियाकलाप : 'ताल मिलाएर पाठ'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई समूहमा विभाजन गरी लय मिलाएर वाचन गराउने।<br>• एक समूहले उच्चारण गर्दा अर्को समूहले अर्थ बताउने।<br><br>◇ **क्रियाकलाप : 'शब्दार्थ खोज्ने खेल'**<br>**सामग्री:**<br><br>• शिव वन्दनाका शब्दहरू लेखिएका कार्डहरू।<br>**तरिका:**<br>• शिक्षकले संस्कृत शब्द देखाउनुहुन्छ, विद्यार्थीहरूले अर्थ बताउने।<br><br>उदाहरण:<br><br>• **करपूरगौरं** ⟶ चन्द्रमाजस्तो सेतो<br>• **भुजगेन्द्रहारम्** ⟶ सर्पलाई हारसरह धारण गर्ने<br><br>३. ५१ देखि ८० सम्मको सङ्ख्या ज्ञान<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या कार्ड खेल'**<br>**सामग्री:**<br><br>• एक सेटमा सङ्ख्याका अङ्कहरू (५१-८०), अर्को सेटमा संस्कृत नामहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले सही अङ्कसँग मिल्ने संस्कृत शब्द | |

| | | | | |
|---|---|---|---|---|
| | | | पहिचान गर्ने।<br><br>उदाहरण:<br><br>• ५१ → एकपञ्चाशत्<br>• ७५ → पञ्चसप्तति:<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या बोल्ने अभ्यास'**<br>**तरिका:**<br><br>• शिक्षकले सङ्ख्या देखाउनुहुन्छ, विद्यार्थीहरूले क्रम मिलाएर उच्चारण गर्ने।<br>• समूहमा प्रतिस्पर्धात्मक रूपमा खेल खेलाउने।<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेख्ने अभ्यास'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूले सङ्ख्याहरू संस्कृतमा लेख्ने अभ्यास गर्ने।<br>• शुद्ध लेखेका विद्यार्थीहरूलाई सानो पुरस्कार दिने। | |

## घ. स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुका क्षेत्र र क्रम र सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा ७)

| विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हेलम्बु परिचय | १. काठमाडौँ (सुन्दरीजल र साँखु), धुलिखेल, चौतारा, त्रिशुली बजार, धुन्चे, गोसाईँकुण्ड र मेलम्ची बजारबाट हेलम्बुको गाउँ कार्यपालिकाको कार्यालय जाने बाटोको वर्णन गर्न ।<br>२. आमायाङ्री, पाल्चोक र इचोकको भौगोलिक परिचय दिन र चनौटेबाट ती स्थानमा पुग्ने पदमार्ग कोर्न ।<br>३. गाउँसभाको गठन विधि र संरचना पहिल्याउन<br>४. कार्यपालिका निर्वाचन प्रक्रियाको व्याख्या गर्न ।<br>५. गाउँपालिकाका विभिन्न समितिका नामहरु चिन्न ।<br>६. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा मोटरबाटो, खानेपानी र सिँचाईको संरचना चित्रण गर्न ।<br>७. आफ्नो गाउँपालिकामा बसोवास गर्ने जात, जाति, भाषा र धर्मका मानिसहरूले अपनाएको परम्परागत पेसा पहिचान गरी आजको नयाँ पेसासँग सम्बन्ध गाँस्न ।<br>८. मेलम्ची खानेपानी र सुरुङको परिचय<br>९. हेलम्बुका प्रमुख स्थानहरुः इचोक, पाल्चोक पलरीपद्म, सोल्सिङ, दोर्जेग्यारम, छयादीज्यो, | काठमाडौँ (सुन्दरीजल र साँखु), धुलिखेल, चौतारा त्रिशुली बजार, धुन्चे, गोसाईँकुण्ड र मेलम्ची बजारबाट हेलम्बुको गाउँ कार्यपालिकाको कार्यालय जाने बाटो<br>आमायाङ्री, पाल्चोक र इचोक<br>गाउँसभाको गठन र संरचना<br>कार्यपालिका निर्वाचन प्रक्रिया<br>गाउँपालिकाका विभिन्न समितिहरु<br>हेलम्बु गाउँपालिकाको विकासमा मोटरबाटो, खानेपानी र सिँचाईको संरचना<br>जात, जाति, भाषा र धर्मका मानिसहरूले अपनाएको परम्परागत पेसा र नयाँ पेसा | - नक्साको सहायताले काठमाडौँ (सुन्दरीजल र साँखु), धुलिखेल, चौतारा त्रिशुली बजार, धुन्चे, गोसाईँकुण्ड र मेलम्ची बजारबाट हेलम्बुको गाउँ कार्यपालिकाको कार्यालय जाने बाटो पहिचान गर्न लगाउने ।<br>- सङ्क्षिप्त भिडियोको सहायताले आमायाङ्री, पाल्चोक र इचोकको भौगोलिक परिचय दिने ।<br>- नक्सा हेरी चनौटेबाट ती स्थानमा पुग्ने पदमार्ग पत्त लगाउने र आफ्नो कापीमा ती बाटो कोर्न लगाउने ।<br>- चार्ट पेपरमा वा पावरपोइन्टको सहायताले गाउँसभाको गठन विधि र संरचना देखिने सन्देश प्रदर्शन गरी कक्षामा छलफल गराउने ।<br>- कार्यपालिका निर्वाचन प्रक्रियाको बारेमा बताइदिने ।<br>- चार्ट पेपरमा गाउँपालिकाका विभिन्न समितिका नामहरु प्रदर्शन गरी वाचन गर्न लगाउने ।<br>- गाउँपालिकाबाट तथ्याङ्क लिएर हेलम्बु गाउँपालिकाका मोटरबाटो र | काठमाडौँ (सुन्दरीजल र साँखु), धुलिखेल, चौतारा त्रिशुली बजार, धुन्चे, गोसाईँकुण्ड र मेलम्ची बजारबाट हेलम्बुको गाउँ कार्यपालिकाको कार्यालय जाने बाटोको नक्सा बनाइ वर्णन गर्न लगाउने ।<br>गाउँसभाको गठन विधि र संरचना भन्न लगाउने ।<br>गाउँपालिकाका विभिन्न समितिका नामहरु लेख्न लगाउने ।<br>मेलम्ची खानेपानीका बारेमा सङ्क्षिप्त निबन्ध लेख्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | सेमिसिदाङ, र सेर्माथाङको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न | मेलम्ची खानेपानी र सुरुङ<br>इचोक, पाल्चोक र सेर्माथाङको विभिन्न मौसमका हावापानी | यसको कुल लम्बाइ, खानेपानी र सिँचाईका कार्यक्रमको नाम र सङ्ख्या देखाउन पावरपोइन्ट वा चार्ट पेपरमा बनाइ प्रदर्शन गर्ने र कक्षामा छलफल गराउने ।<br>- आफ्नो गाउँपालिकाकामा बसोवास गर्ने जात, जाति, भाषा र धर्मका मानिसहरूले अपनाएको परम्परागत पेसा भन्न लगाउने र परम्परागत पेसासँग आजको नयाँ पेसाको सम्बन्ध छलफल गराउने ।<br>- मेलम्ची खानेपानी र सुरुङको बारेमा प्रत्येकलाई के के थाहाछ भन्न लगाउने । यस कार्यक्रमका बारेमा सङ्क्षिप्त जानकारी दिन विकिपेडियाको समेत प्रयोग गर्ने ।<br>- इचोक, पाल्चोक पलरी पद्म सोल्सिङ, दोर्जे ग्यारम, छयादीज्यो,सेमिसिदाङ, र सेर्माथाङको विभिन्न मौसमका हावापानीका बारेमा कक्षामा छलफल गराउने । | |
| प्राकृतिक स्रोत र सम्पदा | १. लाङटाङ राष्ट्रिय निकुञ्जको अवस्थिति, क्षेत्रफल हेलम्बुमा यसले ओगटेको भूभाग र यहाँ पाइने वनस्पति र जनावर चिन्न<br>२. भ्रेमाङ्थानको भौगोलिक अवस्थितिको वर्णन गर्न ।<br>३. ढुक्फु तालको धार्मिक महत्त्व उल्लेख गर्न ।<br>४. नेघ्याङ्ग पिक हिमालको पदमार्ग उल्लेख | १. हेलम्बुमा लाङटाङ राष्ट्रिय निकुञ्जले ओगटेको क्षेत्रफल र यहाँ पाइने वनस्पति र जनावर<br>भ्रेमाङ्थान<br>ढुक्फु तालको धार्मिक महत्त्व | - लाङटाङ राष्ट्रिय निकुञ्जको अवस्थिति, क्षेत्रफल हेलम्बुमा यसले ओगटेको भूभाग र यहाँ पाइने वनस्पति र जनावरका जानकारी गराउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसंरक्षण विभागले तयार पारेको सामग्री प्रयोग गरी कक्षामा छलफल गराउने । | फोटो हेरेर लाङटाङ राष्टिय निकुञ्जको बारेमा सङ्क्षिप्त वर्णन गर्न लगाउने।<br>भ्रेमाङ्थानको भौगोलिक अवस्थितिको वर्णन गर्न लगाउने ।<br>ढुक्फु तालको धार्मिक महत्त्व उल्लेख गर्न लगाउने । |

<table>
<tr><td></td><td>गर्न ।<br>५. ब्ल्याङ्चे  झरनाको बारेमा सङ्क्षिप्त परिचय दिन ।<br>६. पानीको महत्त्व बताउन ।<br>७.गुफाको महत्त्व बताउन ।<br>८. बोझो, बज्रजन्ती, अमला, घ्यूकुमारी, तुलसी, पुदीना, कागतीको उपयोगिता चिनेर उत्पादन र सङ्कलन कार्यमा सहभागिता जनाउन ।</td><td>नेघ्याङ्ग पिक हिमालको पदमार्ग<br>ब्ल्याङ्चे  झरना<br>पानीको महत्त्व<br>गुफाको महत्त्व<br>बोझो, बज्रजन्ती, अमला, घ्यूकुमारी, तुलसी, पुदीना, कागतीको उपयोगिता</td><td>- फोटो वा भिडियो सामग्रीको सहायताले भ्रेमाङ्थानको भौगोलिक अवस्थिति बारे छलफल गराउने ।<br>- ढुक्फु तालको फोटो वा भिडियो प्रदर्शन गरी यसको धार्मिक महत्त्वका बारेमा छलफल गराउने ।<br>- नक्साको सहायताबाट नेघ्याङ्ग पिक हिमालको पदमार्ग चिनाउने ।<br>- पृथ्वीमा पानीको महत्त्व किन छ छलफल गराउने ।<br>- फोटो वा भिडियोको सहायताबाट ब्ल्याङ्चे  झरनाको बारेमा जानकारी गराउने ।<br>- गुफाको संरक्षण गर्नुका कारण बारे कक्षामा छलफल गराउने ।<br>- चित्र वा फोटो वा भिडियो वा वास्तविक वस्तुको प्रदर्शन गरी बोझो, बज्रजन्ती, अमला, घ्यूकुमारी, तुलसी, पुदिना, कागतीको उपयोगिताका बारेमा कक्षामा छलफल गराउने । यी सामग्रीको सङ्कलन गरी र आफ्नो घरवरपर उत्पादन गर्ने अभ्यासमा सहभागी गराउने ।</td><td>गुफा संरक्षण गर्नु पर्ने कारण लेख्न लगाउने ।<br>कक्षामा छलफलका आधारमा निम्न तालिकामा भर्न लगाउने ।<table><tr><td>जडिबुटी</td><td>प्रयोग</td></tr><tr><td></td><td></td></tr></table></td></tr>
<tr><td>३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा</td><td>१. पुरातात्त्विक वस्तुको चिनारी दिन गाउँपालिकाका पुरातात्त्विक महत्त्वका वस्तुहरु पहिल्याउन ।<br>२. मन्दिर, गोन्पा र चर्चमा राखिएका सांस्कृतिक वस्तु / बाजाहरूका नाम चिन्न ।</td><td>पुरातात्त्विक वस्तुको चिनारी<br>मन्दिर, गोन्पा र चर्चमा राखिएका सांस्कृतिक वस्तु / बाजाहरू</td><td>- पुरातात्त्विक वस्तुको चिनारी दिन वेभमा आधारित सामग्रीको प्रयोग गरी कक्षामा छलफल गराउने ।<br>- गाउँपालिकाका भएका पुरातात्त्विक महत्त्वका वस्तुहरु के के होलान् छलफल</td><td>हेलम्बु गाउँपालिकाका भएका पुरातात्त्विक महत्त्वका वस्तुहरु भन्न लगाउने ।<br>स्थानीय मन्दिर, गोन्पा र चर्चमा राखिएका सांस्कृतिक वस्तुका</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | ३. हेलम्बुमा प्रयोगमा आएका प्रमुख कला र संस्कृति चिन्न र विशेषता बताउन ।<br>४. गुठीको संरक्षणका उपाय र हेलम्बुमा यसको प्रभावका बारेमा खोजी गर्न । | हेलम्बुमा प्रयोगमा आएका प्रमुख कला र संस्कृतिका विशेषता<br>संरक्षणका उपाय र हेलम्बुमा गुठीको प्रभाव | गराउने ।<br>- स्थानीय मन्दिर, गोन्पा र चर्चमा भ्रमण गराएर त्यहाँ राखिएका सांस्कृतिक वस्तु / बाजाहरू देखाइ तिनका नाम भन्न लगाउने ।<br>- फोटो वा भिडियो सामग्रीको प्रयोग गरी हेलम्बुमा प्रयोगमा आएका प्रमुख कला र संस्कृति चिनउने र तिनका विशेषताका बारेमा छलफल गराउने ।<br>- हेलम्बुमा रहेका प्रमुख गुठी चिनाउने ।<br>- गुठी संरक्षणका उपायका बारेमा छलफल गराउने ।<br>- गुठी अभ्यासको फाइदा र यिनका व्यवस्थापनमा देखिएका कमजोरीका कारण जनतामा परेको समस्याका बारेमा स्थानीय विज्ञको सहयोगमा कक्षामा छलफल गराउने । | नाम र तिनका काम भन्न लगाउने ।<br>गुठीको फाइदा लेख्न लगाउने । |
| ४. पर्यटकीय स्थल | १. पर्यटकीय स्थलहरुः बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुमका बारेमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक सूचना सङ्कलन गर्न ।<br>२. न्यापिटङको अर्थ लगाई यसका लागि आफ्नो गाउँपालिकाभित्र सम्भाव्य ठाउँ पहिचान गर्ने ।<br>३. गाउँपालिकाका प्रमुख हुलाकीमार्गको नक्सा सहितको सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शक बुक बनाउन ।<br>४. हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु | बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुमका सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शक<br>न्यापिटङको लागि सम्भाव्य ठाउँ<br>प्रमुख हुलाकी मार्गको नक्सा सहितको सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शक बुक<br>षडाक्षरी धर्मचक्र पर्खाल | - नक्सामा प्रमुख पर्यटकीय स्थलहरुः बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुमको पहिचान गराउने ।<br>- उक्त स्थानसम्म पुग्ने बाटो पत्ता लगाउन लगाउने ।<br>- ती स्थानमा पाइने सुविधाहरुका बारेमा छलफल गराउने ।<br>- माथिका सूचनाका आधारमा सङ्क्षिप्त पर्यटकीय पथप्रदर्शकका लागि आवश्यक नोट टिपोट गर्न लगाउने । | नक्सामा बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुम देखाउन लगाउने ।<br>बुद्धपार्क, ककनी, थलडाँडा, ल्याङ्वागुफा, चनौटे र ग्याल्थुमको भ्रमण गराउन उपयोगी पर्यटकीय पथप्रदर्शक बुक बनाउन लगाउने ।<br>हेलम्बु ग्रेट ट्रेलका बारेमा सङ्क्षिप्त निबन्ध लेख्न लगाउने ।<br>यस क्षेत्रको विकासका लागि |

| | | | | |
|---|---|---|---|---|
| | ग्रेटट्रेल) को अर्थिक र पर्यटकीय महत्त्व वर्णन गर्न ।<br>५. हेलम्बु सर्किटको पदमार्गको नक्सा बनाइ विभिन्न स्थानको चिह्न लगाउन । | (हेलम्बु ग्रेटट्रेल) को अर्थिक र पर्यटकीय महत्त्व<br>हेलम्बु सर्किटको पदमार्गको नक्सा र स्थानहरु | - भिडियोको मद्दतले ज्याफ्टिङ चिनाउने ।<br>- हेलम्बुमा ज्याफ्टिङका लागि उपयुक्त स्थान कहाँ कहाँ हुन सक्छन् कक्षामा छलफल गराउने ।<br>- नक्सामा गाउँपालिकाका प्रमुख हुलाकी मार्ग पहिचान गर्ने ।<br>- हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को पर्यटकीय महत्त्व छलफल गराउने ।<br>- हेलम्बु षडाक्षरी धर्मचक्र पर्खाल (हेलम्बु ग्रेटट्रेल) को सञ्चालन पछि हुने आर्थिक सम्भावनाका बारेमा प्रश्नोत्तर गर्ने ।<br>- इन्टरनेटको सहायताले हेलम्बु सर्किटको पदमार्ग हेर्न लगाई यसको नक्सा कोर्न लगाई विभिन्न स्थानका नाम उचाइ सहित राख्न लगाउने । | हेलम्बु ग्रेट ट्रेलबाट हुने आर्थिक फाइदाका बारेमा वक्तृत्वकला प्रतियोगिता गराउने ।<br>हेलम्बु सर्किटको पदमार्गको नक्सा बनाउन लगाउने । |
| ५. विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | १. विभिन्न रीतिरिवाज घेवा, श्राद्ध र छेवार संस्कार मनाउने विधि बताउन ।<br>२. विभिन्न चाडपर्वः मानेबुम, म्हपूजा, क्रिसमस डे, बालाचर्तुदशी, शिवरात्री र श्रीपञ्चमी मनाउने विधि बताउन ।<br>३. धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः के के विधि अपनाउँछन् पत्ता लगाउन । | विभिन्न रीतिरिवाज घेवा, श्राद्ध र छेवार संस्कार र मनाउने विधि<br>विभिन्न चाडपर्वः मानेबुम, म्हपूजा, क्रिसमस डे, बालाचर्तुदशी, शिवरात्री र श्रीपञ्चमी मनाउने विधि<br>धामी झाँक्री झारफुक लामा गुरु पुरोहितले अपनाउने विधि | - फोटो वा भिडियोको सहायताले घेवा, श्राद्ध र छेवार संस्कार मनाउने विधि छलफल गराउने ।<br>- फोटो वा भिडियोको सहायताले मानेबुम, म्हपूजा, क्रिसमस डे, बालाचर्तुदशी, शिवरात्री र श्रीपञ्चमी मनाउने विधि छलफल गराउने ।<br>- समुदायका धामी झाँक्री लामा गुरु पुरोहितसँग भेट गराइ उनीहरुले के के विधिले झारफुक गर्छन प्रश्नोत्तर गराउने । | आफ्नो समुदायमा घेवा, श्राद्ध र छेवार मध्ये कुन संस्कार कसरी मनाउने वर्णन गर्न लगाउने ।<br>मानेबुम, म्हपूजा, क्रिसमस डे, बालाचर्तुदशी, शिवरात्री र श्रीपञ्चमी मनाउने विधिको फोटो खिचेर कक्षामा प्रदर्शन गर्न लगाउने ।<br>झारफुक विधिले कसरी विरामीलाई सञ्चो हुन्छ आफ्नो विचार भन्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| ६. पेसा व्यवसाय र उद्यम | १. पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिलको संरचना व्याख्या गरी सञ्चालनको अभ्यास गराउन ।<br>२. फर्निचर उद्योगका लागि काष्ठ, बेत/बाँसबाट गर्न सकिने उद्योगः सिकर्मी, डकर्मी, नाम्लो, दाम्लो, भकारी डोको, थुन्चे बुन्न सिक्न ।<br>३. उद्योगको लागि वनस्पति (किवी, टिमुर र अम्रिसो) उत्पादनमा सहभागिता जनाउन ।<br>४. सिलाइ बुनाइसँग सम्बन्धितः गुन्द्री, मान्द्रो भकारी बुन्न, जनै बाट्न, परालको कुनिउँ लगाउन, मकैको कुनिउँ लगाउन र खर वा छवालीले छाना लगाउन ।<br>५. घरेलु उद्योगः चिया उत्पादन र प्रशोधन उद्योगमा सहभागिता जनाउन , काठबाट बन्ने भाँडाको उत्पादनमा सहभागी हुन, कफी उत्पादन र प्रशोधन उद्योगमा सहभागिता जनाउन, चिया उत्पादन र प्रशोधन उद्योग र खाद्यान्न प्रशोधन उद्योग सञ्चालनमा सहभागिता जनाउन ।<br>**६. पर्यटन व्यवसाय**ः होमस्टेमा काममा सघाउन । | पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिल; काष्ठ, बेत/बाँसबाट गर्न सकिने उद्योगः सिकर्मी, डकर्मी, नाम्लो, दाम्लो भकारी, डोको, थुन्चे; उद्योगको लागि वनस्पति (किवी, टिमुर र अम्रिसो); गुन्द्री, मान्द्रो भकारी, जनै, परालको कुनिउँ, मकैको कुनिउँ र खर वा छवालीको छाना; चिया उत्पादन र प्रशोधन; काठबाट बन्ने भाँडा; कफी; चिया; होमस्टे | - नजिकैको पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिलको संरचनाको अवलोकन गराउने र प्रयोग गर्न सिकाउने ।<br>- विद्यालयमा वा समुदायमा डकर्मी कामको अवलोकन गराइ काममा सहभागी गराउने ।<br>- नजिकैको घरेलु उद्योगमा लगी सिकर्मी, नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुनेको अवलोकन गराउने र सिक्नका लागि प्रयोग गराउने ।<br>- उद्योगको लागि घरपरिवारले गरेको वनस्पति (किवी, टिमुर र अम्रिसो) उत्पादनमा सहभागिता जनाउने र यसको प्रतिवेदन लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>- घर वा समुदाय वा विद्यालयको कार्यशालामा गुन्द्री, मान्द्रो भकारी बुन्न, जनै बाट्न, परालको कुनिउँ लगाउन, मकैको कुनिउँ लगाउन र खर वा छवालीले छाना लगाउने अभ्यास गराउने ।<br>- भिडियोको सहायताले कफी र चिया उत्पादन र प्रशोधन उद्योग चिनाउने ।<br>- नजिकै उपलब्ध हुन सकेमा यस्ता उद्योगमा अवलोकन गराइ काममा सहभागिता गराउने<br>- नजिकैको काठबाट बन्ने भाँडाको | पिठो पिन्ने, चामल बनाउने र तेल पेल्ने मिलको प्रयोग गर्ने विधि र अपनाउनु पर्ने सावधानी भन्न लगाउने ।<br>नाम्लो, दाम्लो, भकारी, डोको र थुन्चे बुन्न लगाउने<br>किवी, टिमुर र अम्रिसोको प्रयोग भन्न लगाउने ।<br>विद्यालयमा चिया वा कफी बनाउन लगाउने ।<br>होमस्टे सञ्चालन गर्दा विचार पुर्याउनु पर्ने कुराहरु भन्न लगाउने । |

| | | | | |
|---|---|---|---|---|
| | | | उत्पादनमा सहभागी हुन लगाउने<br>- नजिकैको होमस्टेको काममा सघाउन लगाउने। | |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | १. जलवायु परिवर्तनले पार्ने असरहरु र यसको प्रभावबाट बच्ने सावधानी अपनाउन।<br>२.वातावरण संरक्षणका उपायहरुः जथाभाबी उत्खनन् कार्यमा रोकः (ढुङ्गा, रोडा, बालुवा तथा नदि दोहन) एकीकृत विकास योजना, चरिचरन तथा वन बिनासमा रोक, सामुदायिक वन समिति निर्माण, वातावरण संरक्षणमा होडिङ बोर्ड, प्रचार प्रसार, पोष्टरिङ, प्ले कार्ड, तथा ऱ्याली गर्न।<br>**३.** विद्यालयमा बगैँचा निर्माण गरी स्कुस, भेण्टा, चिप्ले भेण्टा, काउली, बन्दा, आलु र मुला उत्पादन गर्न। | १. जलवायु परिवर्तनका असरहरु र सावधानी ; वातावरण संरक्षणका उपायहरुः जथाभाबी उत्खनन् कार्यमा रोक; एकीकृत विकास योजना, चरिचरन तथा वन बिनासमा रोक, सामुदायिक वन समिति; वातावरण संरक्षण<br>**३.** विद्यालय बगैँचामा स्कुस, भेण्टा, चिप्ले भेण्टा, काउली, बन्दा, आलु र मुला उत्पादन | - जलवायु परिवर्तनका असर भिडियोबाट प्रदर्शन गराइ छलफल गराउने।<br>- जलवायु परिवर्तनले पार्ने असरहरु र यसको प्रभावबाट बच्ने सावधानी अपनाउन के के गर्नु पर्दछ कक्षामा छलफल गराउने।<br>- जथाभाबी ढुङ्गा, रोडा, बालुवा उत्खनन् हुँदा पर्ने प्रभावको भिडियो प्रदर्शन गराउने।<br>- एकीकृत विकास योजनाको सचित्र फाइदा वर्णन गराउने।<br>- चरिचरनको सदुपयोग तथा वन बिनासमा रोक कसरी लगाउन सकिन्छ कक्षामा छलफल गराउने।<br>- सामुदायिक वन समितिले के के काम गर्न सक्छ र यसको निर्माण कसरी गर्ने छलफल गराउने।<br>- वातावरण संरक्षण गर्न अपनाइने उपायहरु पहिचान गर्न लगाउने।<br>- होडिङ बोर्ड, प्रचार प्रसार, पोष्टरिङ, प्ले कार्ड, तथा ऱ्यालीको प्रयोग गर्ने अभ्यास गराउने।<br>- विद्यालयमा बगैँचा निर्माण गरी मौसम अनुकुल हुने गरी स्कुस, भेण्टा, चिप्ले भेण्टा, काउली, बन्दा, आलु र मुला | जलवायु परिवर्तनका असरका बारेमा शब्द चित्र बनाउन लगाउने।<br>वातावरण संरक्षण गर्ने उपायहरु लेख्न लगाउने।<br>एकीकृत विकास योजनाबाट हुने फाइदा वर्णन गर्न लगाउने।<br>सामुदायिक वन समितिको काम लेख्न लगाउने।<br>विद्यालयमा बगैँचा निर्माण गरी मौसम अनुकूल हुने गरी तरकारी उत्पादनका काममा सहभागी गराउने। |

| | | | | |
|---|---|---|---|---|
| | | | उत्पादन गर्न लगाउने। | |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको उद्देश्य र महत्त्व बताउन।<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः<br>गलैँचा बुन्ने तान, दही मोही तुल्याउने ठेकी वा टोलङ, टुङ्ना, शिलालेख, दाइँ, तेल र उखु पेल्ने कोल | स्थानीय प्रविधिको उद्देश्य र महत्त्व;<br>गलैँचा बुन्ने तान, दही मोही तुल्याउने ठेकी वा टोलङ, टुङ्ना, शिलालेख, दाइँ, तेल र उखु पेल्ने कोल | - स्थानीय प्रविधि प्रयोग गर्नुको उद्देश्यका बारेमा छलफल गराउने।<br>- स्थानीय विकासमा स्थानीय प्रविधिको महत्त्वका बारेमा प्रश्नोत्तर गराउने।<br>- विद्यालय नजिकै भएका गलैँचा बुन्ने तान, दही, मोही तुल्याउने ठेकी वा टोलङ, टुङ्ना, शिलालेख, दाइँ, तेल र उखु पेल्ने कोलको अवलोकन गराइ यिनका बारेमा जानकारी दिने र प्रयोग गर्न लगाउने।<br>- गलैँचा बुन्ने तान, दही मोही तुल्याउने ठेकी वा टोलङ, टुङ्ना, शिलालेख, दाइँ, तेल र उखु पेल्ने कोलको विकास र संरक्षण गर्न अपनाइने उपायहरुको खोजी गराउने। | स्थानीय प्रविधिको संरक्षण र विकास गर्नुपर्नाका कारण सोध्ने।<br>स्थानीय प्रविधि संरक्षणका उपायहरु भन्न लगाउने।<br>कुनै एक प्रविधि प्रयोग गरेको अवलोकन गर्ने। |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | १. **स्वास्थ्य र सरसफाइः** वरपरको वातावरको सरसफाइ<br>२. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना सङ्कलन गर्न र खान।<br>**३. आध्यात्मिक** उपचार विधिको महत्त्व बताउन।<br>४. **योग, ध्यान र प्रणायमको अभ्यास**<br>५. **असल संस्कारः** परोपकार<br>६. **धार्मिक र नैतिक सहिष्णुताः** महत्त्व<br>**७. स्थानीय खेलहरुः** दब्चिखेल, कपर्दी र डण्डिवियो खेल्न।<br>८. **गलत संस्कारः** बालविवाहको बेफाइदा | वरपरको वातावरको सरसफाइ;<br>स्थानीय उत्पादनका ताजा खाना सङ्कलन;<br>आध्यात्मिक उपचार विधिको महत्त्व;<br>**योग, ध्यान र प्राणायाम;**<br>परोपकार;<br>**धार्मिक र नैतिक सहिष्णुताः** महत्त्व;<br>कपर्दी र डण्डिवियो; | - वरपरको वातावरको सरसफाइमा सहभागी गराउने।<br>- दिवाखाजाका लागि स्थानीय उत्पादनका ताजा खाना सङ्कलन गर्न, खाजा बनाउन र खान लगाउने।<br>- आध्यात्मिक उपचारको अर्थ, महत्त्व र विधिका बारेमा वेभमा आधारित पाठ्य सामग्रीको सहायताले कक्षामा छलफल गराउने।<br>- योग, ध्यान र प्रणायमको अभ्यास गराउने।<br>- उदाहरणसहित परोपकारको अर्थ र | सरसफाइमा सहभागी गराउने।<br>खाजा बनाउन लगाउने र उक्त कार्यको मूल्याङ्कन गर्ने।<br>आध्यात्मिक उपचारको अर्थ, महत्त्व भन्न लगाउने।<br>परोपरकारबाट हुने फाइदा बारे वक्तृत्वकला प्रतियोगिताको आयोजना गराउने।<br>बालविवाहबाट हुने बेफाइदा जनाउन चित्रात्मक पोष्टर बनाउन लगाउने।<br>दब्चिखेल, कपर्दी र डण्डिवियो |

| | | | | |
|---|---|---|---|---|
| | दर्शाउन। | दब्चिखेल<br>बालविवाहको बेफाइदा | महत्त्व माथि छलफल गराउने।<br>- धार्मिक र नैतिक सहिष्णुताको महत्त्व उदाहरणका सहायताले छलफल गराउने।<br>- बालविवाहको बेफाइदा दर्शाउन भिडियो प्रदर्शन गराउने र कक्षामा छलफल गराउने।<br>- दब्चिखेल, कपर्दी र डण्डिवियो खेल विधि सिकाइ विद्यालयको खेल मैदानमा कपर्दी र डण्डिवियो खेलाउने। | खेल्न लगाउने। |
| १०. स्थानीय भोटभाषा (सम्भोटा) (सम्भोटा) | **उद्देश्य १:** विद्यार्थीहरूले **ङोन्जुक र म्हिङ्सी पहिचान गर्न र लेख्न सकून्।**<br><br>**उद्देश्य २:** विद्यार्थीहरूले **जेझुक पहिचान गर्न, लेख्न र प्रयोग गर्न सकून्।**<br><br>**उद्देश्य ३:** विद्यार्थीहरूले **यङ्जुक लेख्न, चिन्ने र उच्चारण गर्न सकून्।**<br><br>**उद्देश्य ४:** विद्यार्थीहरूले **शुद्ध रूपमा सम्बोटा व्याकरणका नियमहरू प्रयोग गर्न सकून्।**<br><br>**उद्देश्य ५:** विद्यार्थीहरूले **आफ्नो नाम, उमेर, ठाउँ, विद्यालय आदिको जानकारी दिन सकून्।**<br><br>**उद्देश्य ६:** विद्यार्थीहरूले **सङ्ख्याहरू सही रूपमा लेख्न र उच्चारण गर्न सकून्।**<br><br>**उद्देश्य ७:** विद्यार्थीहरूले **आदरार्थी सम्बोटा शब्दहरू प्रयोग गर्न सकून्।** | क. **ङोन्जुक** (धातुको अगाडि आउँदा उच्चारण नहुने पाँच अक्षरहरु ), म्हिङ्सी (धातु),<br>ख. जेजुग (धातुको पछाडि लाग्ने १० वटा अक्षरहरु),<br>ग. यङ्जुक (जेजुकको पछाडि लाग्ने तर उच्चारण नहुने दुइवटा अक्षरहरु), | १. ङोन्जुक (धातुको अगाडि आउँदा उच्चारण नहुने पाँच अक्षरहरू) र म्हिङ्सी (धातु) सिकाउने क्रियाकलापहरू<br><br>◇ **क्रियाकलाप : 'अक्षर मिलाऊ'**<br>**सामग्री:**<br><br>• फ्ल्यासकार्ड (ङोन्जुक अक्षरहरू एक सेटमा, म्हिङ्सी शब्दहरू अर्को सेटमा)।<br>**तरिका:**<br>• शिक्षकले **एक कार्ड देखाउनुहुन्छ, विद्यार्थीहरूले सही रूपमा चिनेर उच्चारण गर्छन्।**<br><br>उदाहरण:<br><br>• **ङोन्जुक अक्षर:** ག, ད, བ, མ, འ।<br>• **म्हिङ्सी उदाहरण:** སློབ་དཔོན་ (शिक्षक), ལགས་པ་ (विद्यार्थी)।<br>• विद्यार्थीहरूले **अक्षरहरू मिलाएर सही शब्द बनाउन प्रयास गर्छन्।** | |

| | | | | |
|---|---|---|---|---|
| | **उद्देश्य ८:** विद्यार्थीहरूले **खानपानसँग सम्बन्धित सम्बोटा शब्दहरू र परम्परागत प्रार्थनाहरू प्रयोग गर्न सकुन।** | घ. डोन्जुक, म्हिङ्सी, जेजुग र यङ्जुकको प्रयोग<br>ङ. छोटा तथा साधारण वाक्यहरुः आफ्नो परिचय दिन<br>च. दुइ प्रकारका खानपानको पूर्व गरिने पाठ (क्षोपा फुलवी मोन्लम)<br>छ. बिस वटा आदरार्थी शब्दहरु<br>आङडाङ (सङ्ख्याहरु – ८१ देखि १०० सम्म) | ◇ **क्रियाकलाप : 'लेखन अभ्यास'**<br>**तरिका:**<br>• विद्यार्थीहरूलाई **डोन्जुक समावेश भएका शब्दहरू लेख्न दिने।**<br>• सही उच्चारण र लेखन सुधार गर्न शिक्षकले **छोटो अभ्यास दिनुहुनेछ।**<br>२. जेजुग (धातुको पछाडि लाग्ने १० वटा अक्षरहरू) सिकाउने क्रियाकलापहरू<br>◇ **क्रियाकलाप : 'अक्षर खोज्ने खेल'**<br>**सामग्री:**<br>• शब्द कार्डहरू जसमा **जेझुक भएका र नभएका शब्दहरू छन्।**<br>**तरिका:**<br>• शिक्षकले **कार्ड देखाउनुहुन्छ, विद्यार्थीले पहिचान गर्छन्।**<br>• विद्यार्थीले **जेझुक भएका शब्दहरू छान्ने र उच्चारण गर्ने।**<br>◇ **क्रियाकलाप : 'शब्द मिलाऊ'**<br>**तरिका:**<br>• विद्यार्थीहरूलाई **जेझुक अक्षर राखेर शब्द बनाउन दिने।**<br>• सही उच्चारण गर्ने विद्यार्थीलाई **प्रशंसा वा सानो पुरस्कार दिने।**<br>३. यङ्जुक (जेझुकको पछाडि लाग्ने तर उच्चारण नहुने दुइवटा अक्षरहरू) सिकाउने क्रियाकलापहरू | |

| | | | | |
|---|---|---|---|---|
| | | | ◇ **क्रियाकलाप : 'छुट्याउने खेल'**<br>**तरिका:**<br>• शिक्षकले **विभिन्न सम्बोटा शब्दहरू दिनुहुन्छ।**<br>• विद्यार्थीहरूले **यङ्जुक भएका शब्दहरू छुट्याउने प्रयास गर्छन्।**<br><br>◇ **क्रियाकलाप : 'सही शब्द खोज'**<br>**सामग्री:**<br>• विभिन्न शब्द लेखिएका कार्डहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **यङ्जुक भएका शब्दहरू पहिचान गर्ने।**<br>• उदाहरण: གྱུག་, གྱུར་ आदि।<br><br>४. ङोन्जुक, म्हिङ्सी, जेजुग र यङ्जुकको प्रयोग सिकाउने क्रियाकलापहरू<br><br>◇ **क्रियाकलाप : 'वाक्य बनाउन सिकौं'**<br>**तरिका:**<br>• शिक्षकले **शब्द दिनुहुन्छ, विद्यार्थीहरूले सही प्रयोग गरी वाक्य बनाउने।**<br><br>उदाहरण:<br>• ང་སློབ་ཕྲུག་ཡིན། **(म विद्यार्थी हुँ।)**<br>• ཁྱེད་རང་དཔེ་ཡག་པོ་ཡིན། **(तपाईं धेरै राम्रो हुनुहुन्छ।)**<br><br>५. साधारण वाक्य प्रयोग गरी परिचय दिन सिकाउने क्रियाकलापहरू | |

| | | | | |
|---|---|---|---|---|
| | | | ◇ **क्रियाकलाप : 'मेरो परिचय'**<br>**तरिका:**<br>• शिक्षकले **आफ्नो परिचय दिने नमुना वाक्य सुनाउनु हुन्छ।**<br>• विद्यार्थीहरूले **आफ्नो परिचय दिन प्रयास गर्ने।**<br>उदाहरण:<br>• ང་རིགས་བཟང་ཡིན། **(मेरो नाम रिग्जाङ हो।)**<br>• ང་ཧེ་ལམ་བུ་ནས་ཡོད། (म हेलम्बुबाट आएको हुँ।)<br>६. खानपानसम्बन्धी पाठ (क्षोपा फुलवी मोन्लम) सिकाउने क्रियाकलापहरू<br>◇ **क्रियाकलाप : 'खानेकुरा चिन्नुस्'**<br>**सामग्री:**<br>• विभिन्न खाना तथा पेय पदार्थका चित्रहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **चित्र हेरेर तिनको सम्बोटा नाम लेख्ने वा उच्चारण गर्ने।**<br>उदाहरण:<br>• ཐུག་པ་ **(थुक्पा)**<br>• བོད་ཇ་ **(नौनीघ्यू राखिएकोनुनिलो चिया)**<br>७. बिस वटा आदरार्थी शब्द सिकाउने क्रियाकलापहरू<br>◇ **क्रियाकलाप : 'आदरार्थी शब्दको खेल'** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **सामग्री:**<br>• सामान्य शब्दहरू र तिनका आदरार्थी रूप लेखिएका कार्डहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सही जोडी बनाउन प्रयास गर्ने।**<br>उदाहरण:<br>• ཕ་ **(बुबा) → ཡབ་ (आदरार्थी शब्द)**<br>• མ་ **(आमा) → ཡུམ་ (आदरार्थी शब्द)**<br>८. आङडाङ (सङ्ख्याहरू – ८१ देखि १०० सम्म) सिकाउने क्रियाकलापहरू<br>◇ **क्रियाकलाप : 'सङ्ख्याको खेल'**<br>**सामग्री:**<br>• ८१ देखि १०० सम्मका सङ्ख्याहरू लेखिएका कार्डहरू।<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सङ्ख्या मिलाएर उच्चारण गर्ने।**<br>उदाहरण:<br>• དགུ་བཅུ་གཅིག་ (९१)<br>• དགུ་བཅུ་གཉིས་ (९२) | |
| ११. स्थानीय भाषाः संस्कृत | **उद्देश्य:**<br>विद्यार्थीहरूले **संस्कृतका क्रियापदहरू (धातु) चिन्ने, तिनलाई नेपालीसँग तुलना गर्ने र सरल वाक्य बनाउन सक्ने।** | **क.** धातु रूपावली र सरल वाक्यरचना अभ्यास (नेपाली भाषामा प्रयोग हुने | १. धातु रूपावली र सरल वाक्यरचना अभ्यास<br>◇ **क्रियाकलाप : 'धातु मिलाऊ' खेल** | |

| | | | | |
|---|---|---|---|---|
| | **उद्देश्य:**<br>विद्यार्थीहरूले **बुद्ध वन्दनाका श्लोकहरू शुद्ध रूपमा उच्चारण गर्न र तिनको अर्थ बुझ्न सकून्।**<br><br>**उद्देश्य:**<br>विद्यार्थीहरूले **संस्कृतमा ८१ देखि १०० सम्मका सङ्ख्याहरू चिन्ने, लेख्न र बोल्न सक्ने।** | शब्द र क्रियापदसँग मिल्दाजुल्दा संस्कृतका शब्द र क्रियापद खोजी वाक्य बनाउने)<br>**ख. बुद्ध वन्दना:** (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br>**ग.** ८१ देखि १०० सम्मको सङ्ख्या ज्ञान | **सामग्री:**<br><br>• दुई सेट फ्ल्यास कार्ड (पहिलो सेटमा संस्कृत क्रियापदहरू, दोस्रो सेटमा तिनका नेपाली समानार्थी)।<br>**तरिका:**<br>• शिक्षकले **संस्कृत क्रियापदको कार्ड देखाउनु हुन्छ।**<br>• विद्यार्थीहरूले **उक्त क्रियापदको नेपाली समानार्थी शब्द खोज्ने।**<br><br>उदाहरण:<br><br>• **गच्छति** (जान्छ) → **गम्** धातु<br>• **पठति** (पढ्छ) → **पठ्** धातु<br><br>◇ **क्रियाकलाप : 'वाक्य बनाऊँ'**<br>**तरिका:**<br><br>• शिक्षकले **नेपाली वाक्य दिनुहुन्छ, विद्यार्थीहरूले सोही अर्थको संस्कृत वाक्य बनाउन प्रयास गर्छन्।**<br><br>उदाहरण:<br><br>• **राम स्कुल जान्छ। → रामः विद्यालयं गच्छति।**<br>• **म किताब पढ्छु। → अहं पुस्तकं पठामि।**<br><br>◇ **क्रियाकलाप : 'चित्र हेरेर वाक्य बनाऊ'**<br>**सामग्री:**<br><br>• विभिन्न **चित्रहरू (विद्यालय, घर, भोजन, खेल आदि)।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **चित्र हेरेर संस्कृतमा वाक्य बनाउन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **प्रयास गर्ने।**<br><br>उदाहरण:<br><br>• विद्यालयको चित्र हेरेर **अहं विद्यालयं गच्छामि।** भन्न लगाउने।<br><br>४. बुद्ध वन्दनाः (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br><br>◇ **क्रियाकलाप : 'श्रवण र दोहोर्याइ'**<br>**तरिका:**<br><br>• शिक्षकले **बुद्ध वन्दनाका श्लोकहरू शुद्ध रूपमा उच्चारण गर्नुहुन्छ।**<br>• विद्यार्थीहरूले **सुनेर दोहोर्याउने प्रयास गर्छन्।**<br><br>उदाहरण:<br><br>• **बुद्धं शरणं गच्छामि।**<br>• **धर्मं शरणं गच्छामि।**<br><br>◇ **क्रियाकलाप : 'ताल मिलाएर पाठ'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई **समूहमा विभाजन गरी लय मिलाएर वाचन गराउने।**<br>• उच्चारण सुधार गर्न **स्लो मोसन अभ्यास गराउने।**<br><br>◇ **क्रियाकलाप : 'शब्दार्थ खोज्ने खेल'**<br>**सामग्री:**<br><br>• बुद्ध वन्दनाका **शब्दहरू लेखिएका कार्डहरू।**<br>**तरिका:** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • शिक्षकले **संस्कृत शब्द देखाउनु हुन्छ, विद्यार्थीहरूले अर्थ बताउने।**<br><br>उदाहरण:<br><br>• **बुद्धं** → ज्ञानी<br>• **धर्मं** → सद्गुण<br><br>३. ८१ देखि १०० सम्मको सङ्ख्या ज्ञान<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या कार्ड खेल'**<br>**सामग्री:**<br><br>• एक सेटमा **सङ्ख्याका अङ्कहरू (८१-१००), अर्को सेटमा संस्कृत नामहरू।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **सही अङ्कसँग मिल्ने संस्कृत शब्द पहिचान गर्ने।**<br><br>उदाहरण:<br><br>• ८१ → **एकाशीतिः**<br>• ९५ → **पञ्चनवतिः**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या बोल्ने अभ्यास'**<br>**तरिका:**<br><br>• शिक्षकले **सङ्ख्या देखाउनुहुन्छ, विद्यार्थीहरूले क्रम मिलाएर उच्चारण गर्ने।**<br>• **समूहमा प्रतिस्पर्धात्मक रूपमा खेल खेलाउने।**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या लेख्ने अभ्यास'** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **तरिका:**<br>• विद्यार्थीहरूले **सङ्ख्याहरू संस्कृतमा लेख्ने अभ्यास गर्ने।**<br>• **शुद्ध लेखेका विद्यार्थीहरूलाई सानो पुरस्कार दिने।** | |

## ङ. स्थानीय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुका क्षेत्र र क्रम र सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा ८)

| विषयवस्तुको क्षेत्र | सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हेलम्बु परिचय | १. प्राचीन हेलम्बुको भौगोलिक सिमाना पहिचान गरी यसको पुष्टि हुने ऐतिहासिक तथ्य गुरु रिन्पोछेले ध्यान गरेको  गुप्तभूमी (भेह्युल) र राजराजेश्वरीको हेलम्बु निर्वासनको सन्दर्भ सूचनाका आधारमा प्रस्तुत गर्न ।<br>सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको अक्षांश र देशान्तरसहित भौगोलिक परिचय दिन ।<br>२. कार्यपालिका कार्यक्षेत्र पहिचान गर्न ।<br>३. न्यायिक समितिका कार्यहरु उल्लेख गर्न ।<br>४. गाउँपालिकाका विभिन्न समितिका कार्यहरुको पहिचान गर्न । | प्राचीन हेलम्बुको भौगोलिक सिमाना र यसको पुष्टि हुने ऐतिहासिक तथ्य, गुरु रिन्पोछेले ध्यान गरेको गुप्तभूमी (भेह्युल) र राजराजेश्वरीको हेलम्बु निर्वासन,<br>सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको अक्षांश र देशान्तर,<br>कार्यपालिका कार्यक्षेत्र,<br>न्यायिक समितिका कार्यहरु;<br>गाउँपालिकाका विभिन्न समितिका कार्यहरु;<br>गाउँपालिकाको विकासमा विद्युत, सञ्चार र यातायातको संरचना; हेलम्बुका बैंक तथा | - प्राचीन हेलम्बुको भौगोलिक सिमाना पहिचान गर्न समुदायका जेष्ठ नागरिक र प्रबुद्ध वर्ग सँग छलफल गराइ कक्षामा सुनाउन लगाउने ।<br>- प्राचीन हेलम्बुको भौगोलिक सिमाना पुष्टि हुने ऐतिहासिक तथ्य गुरु रिन्पोछेले ध्यान गरेको गुप्तभूमी (भेह्युल)  र राजराजेश्वरीको हेलम्बु निर्वासनको सन्दर्भ **'भेह्युल अर्थात गुप्तभूमी हेलम्बु'** पुस्तकका आधारमा कक्षामा छलफल गराउने ।<br>- कक्षामा सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको अक्षांश र देशान्तर प्रदर्शन गर्ने र छलफल गराउने ।<br>- फोटो वा भिडियोको सहयोगबाट सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको भौगोलिक अवस्थितिका बारेमा छलफल गराउने ।<br>- गाउँ कार्यपालिका कार्यक्षेत्रको सूची बनाइ | **'भेह्युल अर्थात गुप्त भूमी हेलम्बु'** पुस्तकमा उल्लेख भएबमोजिमको प्राचीन हेलम्बुको क्षेत्र भन्न लगाउने ।<br>सेर्माथाङ, घोप्टेघ्याङ, तार्केघ्याङ र मेलम्चीघ्याङको अक्षांश र देशान्तर झल्किने तालिका बनाइ कक्षामा प्रदर्शन गर्न लगाउने ।<br>गाउँ कार्यपालिका कार्यक्षेत्रको सूची बनाउन लगाउने ।<br>वडा र गाउँ न्यायिक समितिका काम सोध्ने ।<br>बैंक र सहकारीका कामहरु लेख्न लगाउने ।<br>हेलम्बुको विकासमा मेलम्ची खानेपानीको महत्त्व  विषयमा |

| | | | | |
|---|---|---|---|---|
| | ५. तथ्याङ्कको सहयोग लिइ हेलम्बु गाउँपालिकाको विकासमा विद्युत, सञ्चार र यातायातको संरचना र अवस्था बताउन।<br>६. हेलम्बुका बैँक तथा वित्तीय संस्था र सहकारी संस्थाको परिचय दिइ तिनले उपलब्ध गराउने सेवाहरु उल्लेख गर्न।<br>७. हेलम्बुका लागि मेलम्ची खानेपानीको महत्त्व वर्णन गर्न।<br>८. हेलम्बुका प्रमुख स्थानहरुः आमायाङ्री, तार्केघ्याङ, पाङसुङफुक, न्हेदिङ, चुटी गोन्पा, एकीकृतवस्ती, ज्योङिन, छुयान्लाग गेदेन<br>र मेलम्चीघ्याङको विभिन्न मौसमका हावापानीका बारेमा वर्णन गर्न। | वित्तीय संस्था र सहकारी संस्था र सेवाहरु; मेलम्ची खानेपानीको महत्त्व; हेलम्बुका प्रमुख स्थानहरुः आमायाङ्री, तार्केघ्याङ, पाङसुङफुक, न्हेदिङ, चुरी गोन्पा, एकीकृतवस्ती, ज्योङिन, छुयान्लाग गेदेन<br>र मेलम्चीघ्याङको विभिन्न मौसमका हावापानी | कक्षामा प्रदर्शन गर्ने र छलफल गराउने।<br>- विद्यालय नजिकै उपलब्ध हुने न्यायिक समितिका पदाधिकारीसँग समय मिलाइ न्यायिक समितिका कार्यहरुका बारेमा विद्यार्थीहरुलाई प्रश्न सोध्न लगाउने।<br>- वडाका सचिवसँग भेट गरी गाउँपालिकाका विभिन्न समितिका कार्यहरुको बारेमा सोध्न लगाउने।<br>- हेलम्बु गाउँपालिकामा विद्युत, सञ्चार र यातायातको संरचनाको अवस्था कस्तो छ कक्षामा छलफल गराउने।<br>- हेलम्बुका बैँक तथा वित्तीय संस्था र सहकारी संस्थामा भ्रमण गराइ ती संस्थाले दिने सेवाका बारेमा सोध्न लगाउने।<br>- हेलम्बुका लागि मेलम्ची खानेपानीको महत्त्व के छ भनी समुदायका व्यक्तिबाट राय सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने।<br>हेलम्बुका प्रमुख स्थानहरुः आमायाङ्री, तार्केघ्याङ, पाङसुङफुक, न्हेदिङ, चुरी गोन्पा, एकीकृतवस्ती, ज्योङिन, छुयान्लाग गेदेन<br>- र मेलम्चीघ्याङको विभिन्न मौसमका हावापानीका बारेमा कक्षामा छलफल गराइ निष्कर्षमा पुऱ्याउने। | वादविवाद प्रतियोगिताको आयोजना गरी सहभागी गराउने। |
| २. प्राकृतिक स्रोत र सम्पदा | १. लाङटाङ राष्ट्रिय निकुञ्जको आर्थिक महत्त्व र मध्यवर्ती विकास क्षेत्रबाट जनतालाई हुने फाइदा उल्लेख गर्ने। | लाङटाङ राष्ट्रिय निकुञ्जको आर्थिक महत्त्व; मध्यवर्ती विकास क्षेत्रबाट जनतालाई हुने फाइदा; भ्रेमाङ्थानको भूबनोट; | - हेलम्बुका लागि लाङटाङ राष्ट्रिय निकुञ्जको आर्थिक महत्त्व के हुन सक्छ समुदायमा सोधेर प्रतिवेदन बनाइ कक्षामा प्रस्तुत गर्ने।<br>- मध्यवर्ती विकास क्षेत्रबाट जनतालाई हुने | हेलम्बुका लागि लाङटाङ राष्ट्रिय निकुञ्जको आर्थिक महत्त्व के हुन सक्छ सोध्ने। मध्यवर्ती विकास क्षेत्रबाट |

| | | | | |
|---|---|---|---|---|
| | २. भ्रेमाङ्थानको भूबनोटका बारेमा जानकारी दिन ।<br>३. नक्सामा ताल कार्कुच्यूङ देखाउन ।<br>४. गन्जला हिमालको पदमार्ग उल्लेख गर्न ।<br>५. सेमाछेलाङ्ग पास हिमालको अवस्थिति उल्लेख गर्न ।<br>६. सुरसिङ झरनाको परिचय दिन ।<br>७. गुफा संरक्षणका उपाय पहिल्याउन ।<br>८. हेलम्बु गाउँपालिकामा खानीबाट उपलब्ध हुने प्रकृतिक स्रोतको पहिचान गर्न ।<br>९. जडीबुटी उत्पादन र प्रशोधन कार्यमा सहभागिता जनाउन । | कार्कुच्यूङ ताल; गन्जलापास हिमालको पदमार्ग; सेमाछेलाङ्ग पास हिमाल; सुरसिङ झरना; गुफा संरक्षण; खनिज पदार्थ, जडीबुटी उत्पादन र प्रशोधन । | फाइदाका बारेमा कक्षामा छलफल गराउने ।<br>- समुदायका अनुभवी व्यक्तिसँग भ्रेमाङ्थानको भूबनोटका बारेमा सोधखोज गर्ने र भिडियो सामग्रीसँग तुलना गर्ने ।<br>- नक्सामा कार्कुच्यूङ ताल देखाउन लगाउने ।<br>- नक्सामा गन्जला हिमालको पदमार्ग पहिचान गर्न लगाउने ।<br>- भिडियो सामग्री हेरेर सेमाछेलाङ्ग पास हिमालको अवस्थितिका बारेमा कक्षामा छलफल गराउने ।<br>- फोटो वा भिडियो हेरेर सुरसिङ झरनाको बारेमा छलफल गराउने ।<br>- गुफा संरक्षणका उपायका बारेमा छलफल गराउने ।<br>- खानीबाट प्राप्त हुने वस्तुहरुका बारेमा छलफल गराइ आफ्नो वरपर पाइने खनिजजन्य पदार्थको पहिचान गराउँदै यसको काम बताउने ।<br>- घरको वा विद्यालयको करेसाबारीमा जडीबुटी उत्पादन कार्यमा सहभागी गराउने । विद्यालयमा गरिने नमुना जडीबुटी प्रशोधन कार्यमा सहभागी गराउने । | जनतालाई हुने फाइदाका बारेमा लेख्न लगाउने ।<br>नक्सामा भ्रेमाङ्थान, कार्कुच्युङ्ताल; गञ्जलापास; सेमाछलाङ्ग हिमाल र सुरसिङ झरना देखाउन लगाउने ।<br>आफ्नो वरपरको खानीमा पाइने वस्तुहरुको नाम र प्रयोग उल्लेख गर्न लगाउने । |
| ३. धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | १. गाउँपालिकाका पुरातात्त्विक वस्तुको संरक्षणका उपायहरु; पहिल्याउन र सहभागी हुन ।<br>२. हेलम्बुका जमिन र यसका प्रकारका बारेमा परिचित हुन<br>३. हेलम्बुमा प्रयोग हुने भाषाहरु चिन्न । | पुरातात्त्विक वस्तुको संरक्षण; हेलम्बुका जमिन र यसका प्रकार; हेलम्बुमा प्रयोग हुने भाषाहरु; हेलम्बुका प्रमुख साहित्यिक श्रष्टा; सृष्टीका नाम ; जनउपयोगी गुठी | - गाउँपालिकाका पुरातात्त्विक क्षेत्रको भ्रमण गराउने । त्यहाँ पाइने वस्तुको संरक्षण कसरी गर्न सकिन्छ समूहमा छलफल गराउने ।<br>- हेलम्बुका जमिन र यसका प्रकारका बारेमा चित्रको सहायताले कक्षामा छलफल गराउने ।<br>- साथीसँग सल्लाह गरी हेलम्बुमा प्रयोग हुने भाषाहरुको सूची बनाउन लगाउने । | गाउँपालिकाका पुरातात्त्विक क्षेत्रको परिचय दिन लगाउने ।<br>हेलम्बुमा प्रयोग हुने भाषाहरुको सूची बनाउन लगाउने ।<br>हेलम्बुका बारेमा कविता लेख्न लगाउने ।<br>गुठीलाई कसरी जनउपयोगी |

| | | | | |
|---|---|---|---|---|
| | ४. हेलम्बुका प्रमुख साहित्यिक स्रष्टा चिनेर स्रष्टाका नाम र केही अंश बताउन ।<br>५. गुठीलाई कसरी जनउपयोगी गराउन सकिन्छ उपाय पहिल्याउन । | | - हेलम्बुका प्रमुख साहित्यिक स्रष्टाका बारेमा शिक्षकसँग छलफल गराइ उनका सृष्टीका नाम र केही अंश कक्षामा वाचन गराउने ।<br>- गुठीलाई कसरी जनउपयोगी गराउन सकिने उपायका बारेमा समुदायका व्यक्तिहरूसँग छलफल गराइ उपाय पहिल्याउन लगाउने । | गराउन सकिन्छ भन्न लगाउने । |
| ४. पर्यटन विकास र पर्यटकीय स्थल | १. पर्यटकीय स्थलहरुको विकासका लागि अपनाउनु पर्ने उपाय पहिचान गर्न ।<br>२. थप पर्यटकीय स्थल पहिचान गर्ने कार्यमा सहभागी हुने ।<br>३. पर्यटनका लागि न्यूनतम पूर्वाधारहरु के के हुन सक्छन् खोजी गर्न ।<br>४. प्रमुख पर्यटकीय गन्तव्यमा पुग्ने वैकल्पिक बाटोको पहिचान गर्न<br>५. थोराङ्लापासको नक्सा उल्लेखित पर्यटकीय सूचना सहितको पथप्रदर्शकबुक बनाउन ।<br>६. हेलम्बु सर्किटको पदमार्गको पर्यटकीय विवरणको वर्णन गर्न । | पर्यटकीय स्थलहरुको विकास; थप पर्यटकीय स्थल पहिचान; पर्यटनका लागि न्यूनतम पूर्वाधार; प्रमुख पर्यटकीय गन्तव्यमा पुग्ने वैकल्पिक बाटो;  थोराङ्लापासको नक्सा; पर्यटकीय सूचना सहितको पथप्रदर्शकबुक; हेलम्बु सर्किटको पदमार्गको पर्यटकीय विवरणको | - पालिकाभित्रको कुनै पर्यटकीय स्थलको बारेमा छलफल गराइ त्यो स्थल कसरी पर्यटकीय स्थलका रुपमा विकास भयो छलफल गराउने ।<br>- सन् २०१९ की मिस वर्ल्ड टोनी एन सिँ र मिस नेपाल हेलम्बु भ्रमण गरेका तथ्यहरु सुनाउने ।<br>- प्रर्यटकीयस्थल हुनका लागि आवश्यक पर्ने पूर्वाधारका बारेमा छलफल गराउने ।<br>- गाउँपालिकामा हाल नचिनिएका अरु थप पर्यटकीय स्थल पहिचान कसरी गर्न सकिएला छलफल गराउने र त्यस्ता ठाउँहरु कुन कुन हुन सक्लान् पहिचान गर्न लगाउने ।<br>- गाउँपालिकाका प्रमुख पर्यटकीय गन्तव्यमा पुग्ने हालको प्रचलित बाटो बाहेकको वैकल्पिक बाटोको पहिचान गर्न लगाउने ।<br>- नक्सा उल्लेखित पर्यटकीय सूचना सहितको थोराङ्लापासको पथप्रदर्शकबुक बनाउन लगाउने ।<br>- हेलम्बु सर्किटको पदमार्गको पर्यटकीय विवरण बहुभाषामा हुने गरी यसमा हुनुपर्ने विषयवस्तुका बारेमा छलफल गराउने । | कुनै ठाउँलाई पर्यटकीयस्थलका रुपमा विकास गर्न के के गर्नु पर्दछ भन्न लगाउने ।<br>नक्सामा गाउँपालिकामा भएका प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने वैकल्पिक बाटोको नक्सा कोर्न लगाउने ।<br>हेलम्बु सर्किटको पदमार्गको पर्यटकीय विवरण तामाङ / ह्योल्मो / नेपाली र अङ्ग्रेजी भाषामा बोल्न लगाउने । |
| ५. विभिन्न जातजातिका | १. विभिन्न रीतिरिवाज  घ्याङ्ज्ु, मासिक र वर्खान्त संस्कार मनाउने | घ्याङ्ज्ु, मासिक र वर्खान्त संस्कार मनाउने तरिका; | - फरक फरक समुदायका मानिस भेटी घ्याङ्ज्ु, मासिक र वर्खान्त संस्कार कसरी मनाइन्छ | घ्याङ्ज्ु, मासिक र वर्खान्त संस्कार कसरी मनाइन्छ लेख्न |

| | | | | |
|---|---|---|---|---|
| रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | तरिकाको वर्णन गर्न ।<br>२. विभिन्न चाडपर्वः रामनवमी, नागपञ्चमी, कुसेऔंसी, कृष्ण जन्माष्टमी र मानेघ्यावा मनाउने तरिका छलफल गर्न ।<br>३. धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः आर्थिक. सामाजिक र मनोवैज्ञानिक महत्त्व बताउन ।<br>४. स्थानीय भाषा पहिचान गरी सामान्य अभिवादन गर्न | रामनवमी, नागपञ्चमी, कुसेऔंसी, कृष्ण जन्माष्टमी र मानेघ्यावा; धामी झाँक्री झारफुक लामा गुरु पुरोहितः आर्थिक. सामाजिक र मनोवैज्ञानिक महत्त्व र स्थानीय भाषा | प्रश्नोत्तर गर्न लगाउने ।<br>- फरक फरक समुदायका मानिससँग रामनवमी, नागपञ्चमी, कुसेऔंसी, कृष्ण जन्माष्टमी र मानेघ्यावा मनाउने तरिका छलफल गर्न लगाउने ।<br>- धामी झाँक्री र झारफुकको आर्थिक. सामाजिक र मनोवैज्ञानिक महत्त्वका बारेमा गाउँ का जानकार व्यक्तिसँग छलफल गराउने ।<br>- स्थानीय भाषाका विद्यार्थीलाई अभिवादनका शब्द र वाक्य प्रयोग गर्न लगाई कक्षाका अन्य विद्यार्थीलाई अभ्यास गर्न लगाउने । | लगाउने ।<br>पात्रो हेरी रामनवमी, नागपञ्चमी, कुसेऔंसी, कृष्ण जन्माष्टमी र मानेघ्यावा मनाउने दिन सोध्ने ।<br>धामी झाँक्री र झारफुकको आर्थिक. सामाजिक र मनोवैज्ञानिक महत्त्व भन्न लगाउने ।<br>बोलीका आधारमा स्थानीय भाषा चिन्न लगाउने । |
| ६. पेसा व्यवसाय र उद्यम | १. काष्ठ उद्योग, बेत/बाँसबाट गर्न सकिने उद्योग, सिकर्मी र डकर्मी कामका बारेमा परिचित हुन ।<br>२. नाम्लो, दाम्लो, भकारी, डोको, थुन्चे, बुन्ने काममा सहभागिता जनाउन ।<br>३. उद्योगको लागि वनस्पतिजन्य उत्पादनः काठ, बाँस, निगालो, केतुके, खर उत्पादनमा सहभागी हुन ।<br>**४. सिलाइ बुनाइः** ढाका, सामान्य कपडा बुन्न, सिलाइ कटाइ गर्न, परम्परागत बख्खु बुन्न, जनखि पटुका बुन्न र राडी बुन्न ।<br>**५. घरेलु उद्योगः** खाद्यान्न प्रशोधन उद्योग, ग्रिल उद्योग, हस्तकला(धातुबाट बन्ने भाँडाको उत्पादन र कलाहरू) काममा सहभागी | काष्ठ उद्योग, बेत/बाँस सिकर्मी र डकर्मी; नाम्लो, दाम्लो, भकारी, डोको, थुन्चे; काठ, बाँस, निगालो, केतुके, खर उत्पादन; ढाका, सामान्य कपडा, सिलाइ कटाइ, परम्परागत बख्खु, जनखि पटुका र राडी; खाद्यान्न प्रशोधन उद्योग, ग्रिल उद्योग, हस्तकला(धातुबाट बन्ने भाँडाको उत्पादन र कलाहरू); होटल, लज, ट्रेकिङ, ट्रेकिङ पथप्रदर्शक र पर्वतारोहण व्यवसाय | - घर वा विद्यालय वा समुदायमा काष्ठ उद्योग, बेत/बाँसबाट गर्न सकिने उद्योग, सिकर्मी र डकर्मी काममा सहभागी गराइ उक्त कामको अनुभव व्यक्त गर्न लगाउने ।<br>- घर वा विद्यालय वा समुदायमा नाम्लो, दाम्लो, भकारी, डोको, थुन्चे, बुन्ने काममा सहभागिता जनाइ सो सम्बन्धमा प्रतिवेदन लेख्न लगाई कक्षामा वाचन गर्न लगाउने । घर वा विद्यालय वा समुदायमा काठ, बाँस, निगालो, केतुके, खर उत्पादनमा सहभागी गराइ उक्त कार्यमा सहभागी हुँदाको भिडियो कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>- नजिकैको ढाका बुन्ने , सामान्य कपडा बुन्ने, सिलाइ कटाइ गर्ने, परम्परागत बख्खु बुन्ने, जनखि पटुका बुन्ने र राडी बुन्ने स्थानहरुमा लगी यी सामग्री बुन्न के के कच्चा पदार्थ चाहिँदा रहेछन् टिपोट गर्न लगाउने । खाद्यान्न | उद्योग, सिकर्मी र डकर्मी काममा सहभागि गराउने ।<br>नाम्लो, दाम्लो, भकारी, डोको, थुन्चे, बुन्ने काममा सहभागिता।<br>सामान्य कपडा बुन्ने, सिलाइ कटाइ गर्ने, परम्परागत बख्खु बुन्ने, जनखि पटुका बुन्ने र राडी बुन्ने स्थानहरुमा लगी यी सामग्री बुन्न के के कच्चा पदार्थ चाहिंदा रहेछन् टिपोट गर्न लगाउने।<br>होटल र लजमा छोटो समयको तालिममा सहभागी गराउने । |

| | | | | |
|---|---|---|---|---|
| | हुन । <br> **६. पर्यटन व्यवसायः** होटल, लज, ट्रेकिङ, ट्रेकिङ पथप्रदर्शक र पर्वतारोहण व्यवसाय समेतका काममा अनुभव गर्न । | | प्रशोधन गर्ने उदाहरण खोजी कक्षामा छलफल गराउने । <br> - समुदायमा सञ्चालनमा रहेको खाद्यान्न उद्योग, ग्रिल उद्योग, हस्तकला(धातुबाट बन्ने भाँडाको उत्पादन र कलाहरू) भ्रमण गराइ काममा सहभागी गराउने । <br> - नजिकैको होटल, लजमा लगी छोटो समयको तालिममा सहभागी गराउने । <br> - ट्रेकिङ, ट्रेकिङ पथप्रदर्शक र पर्वतारोहण व्यवसायका बारेमा नजिकका पेसाकर्मीलाई बोलाइ कक्षामा छलफल चलाउने । | |
| ७. जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | १. जलवायु परिवर्तन र यसको प्रभावबाट सावधानी अपनाउन। <br> २.वातावरण संरक्षणका उपायहरुः <br> – उच्च आवाज निषेधित क्षेत्रको सम्मान गर्न । <br> – विषादीमुक्त वातवरणमा प्राङ्गारिक खेतीमा जोड दिन । <br> – फोहोरमैला व्यवस्थापन, बाटो घाटो व्यवस्थापन तथा सडक स्तरोन्नति र ढल व्यवस्थापनमा सहभागिता जनाउन । <br> ३. विद्यालयमा बगैँचा निर्माण गरी (बोझो, घ्यूकुमारी, दुबो, धुपी, अशोक, कपुर, टिम्मुर, अलैँची, चिराईतो) वृक्षारोपण गर्न । | जलवायु परिवर्तन र यसको प्रभाव; हरितगृह प्रभाव, जलबाट हाइड्रोजन इन्धन उत्पादन गर्ने, सुक्ष्म जलविद्युत वातावरण संरक्षणका उपायहरु; उच्च आवाज निषेधित क्षेत्र; विषादीमुक्त वातवरण; प्राङ्गारिक खेती; फोहोरमैला व्यवस्थापन, बाटो घाटो व्यवस्थापन तथा सडक स्तरोन्नति र ढल व्यवस्थापन; विद्यालयमा बगैँचा निर्माण (बोझो, घ्यूकुमारी, दुबो, धुपी, अशोक, कपुर, टिम्मुर, अलैँची, चिराईतो) वृक्षारोपण | – जलवायु परिवर्तन र यसको प्रभावबाट सावधानी अपनाउन के गर्नु पर्छ पत्रपत्रिका र भिडियो सामग्रीको सहायताले कक्षामा छलफल गराउने । <br> – हरितगृह प्रभावका बारेमा सचित्र छलफल गराउने । <br> – जलबाट हाइड्रोजनयुक्त इन्धन (**$H_2$ fuel**) उत्पादन गरेको अवलोकन गराइ यस विधिका बारेमा छलफल गराउने, <br> – सुक्ष्म जलविद्युत उत्पादनको अवलोकन गराइ यसको विधिका बारेमा छलफल गराउने । <br> – उच्च आवाज निषेधित क्षेत्रमा हर्न नबजाउने अभियान चलाउन लगाउने । <br> – विषादीमुक्त वातवरणमा प्राङ्गारिक खेतीको महत्त्व बारे छलफल गराउने । <br> – फोहोरमैला व्यवस्थापन, बाटो घाटो | जलवायु परिवर्तन र यसको प्रभावबाट सावधानी अपनाउन के गर्नु पर्छ भन्न लगाउने । <br> विषादी मुक्त वातवरणमा प्राङ्गारिक खेतीको महत्त्व बारे लेख्न लगाउने । <br> फोहोरमैला व्यवस्थापन, बाटो घाटो व्यवस्थापन सहभागी गराउने । |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापन सहभागी गराउने ।<br>– सडक स्तरोन्नति र ढल व्यवस्थापन गर्दै गरेको कामको अवलोकन गराइ प्रतिवेदन लेख्न लगाउने ।<br>– विद्यालयको बगैँचा वा विद्यालयले भाडामा लिएको जमिनमा (बोझो, घ्यूकुमारी, दुबो, धुपी, अशोक, कपुर, टिम्मुर, अलैँची, चिराईतो) वृक्षारोपण गर्न लगाउने । | |
| ८. स्थानीय प्रविधि र सिर्जना | १ स्थानीय प्रविधिको प्रयोग<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः<br>हलो, जुवा, सन्दुस, ढुकुटी, तोस्रो, हतासो । | १ स्थानीय सिप र प्रविधिको प्रयोग<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः<br>हलो, जुवा, सन्दुस, ढुकुटी, तोस्रो, हतासो । | १ स्थानीय सिप र प्रविधिको प्रयोग गर्न ।<br>२. निम्न स्थानीय प्रविधिको बारेमा जानकारी, प्रयोग, विकास र संरक्षण गर्नः<br>हलो, जुवा, सन्दुस, ढुकुटी, तोस्रो, हतासो । | |
| ९. स्वास्थ्य सरसफाइ र असल संस्कार | १. **स्वास्थ्य र सरसफाइः** विद्यालयको सरसफाइ<br>२. **सन्तुलित भोजनः** स्थानीय उत्पादनका ताजा खाना बनाउन ।<br>**३. स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** /तान्त्रिक उपचार विधि पहिचान गर्न ।<br>४. **योग, ध्यान र प्रणायमको अभ्यास**<br>**५. असल संस्कारः** श्रमदान<br>६. **धार्मिक र नैतिक** | विद्यालयको सरसफाइ स्थानीय उत्पादनका ताजा खाना; तान्त्रिक उपचार विधि पहिचान ; **योग, ध्यान र प्रणायमको अभ्यास;** श्रमदान; **धार्मिक र नैतिक सहिष्णुताः** पालना; लक्कुढाल र घ्वाईँकासा खेल; मनोरञ्जनात्मक काम; आत्महत्याबाट बच्ने उपाय | विद्यालय हाताको सरसफाइ गर्न लगाउने ।<br>विद्यालयमा स्थानीय उत्पादनका ताजा खाना बनाउन लगाउने ।<br>**स्थानीय उपचार विधिमा स्थानीय जडीबुटीको प्रयोग** गरी गरिने तान्त्रिक उपचार विधिका बारेमा प्रयोगकर्तालाई भेटेर प्रश्नोत्तर गर्न लगाउने<br>**छोटो समयको योग, ध्यान र प्रणायमको अभ्यास गराउने ।**<br>छोटो अवधिको श्रमदानमा सहभागी गराउने ।<br>**धार्मिक र नैतिक सहिष्णुताको** पालनाले हुने फाइदाका बारेमा कक्षामा छलफल गराउने ।<br>नियम पालना गरी लक्कुढाल र घ्वाईँकासा खेल्न लगाउने । | विद्यार्थीले सम्पादन गरेका कामको रुजुसूची र श्रेणीमापन स्केल बनाइ अवलोकन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | **सहिष्णुता**ः पालना<br>**७. स्थानीय खेलहरुः**<br>लक्कुढाल र घ्वाईँकासा खेल्न ।<br>८. मनोरञ्जनात्मक काममा समूहमा सहभागिता जनाउन ।<br>**९. गलत संस्कारः**<br>आत्महत्याबाट बच्ने उपायका बारेमा जनचेतना जगाउन । | | मनोरञ्जनात्मक काममा समूहमा सहभागिता जनाउन अवसर उपलब्ध गराउने ।<br>आत्महत्याबाट बच्ने उपायका बारेमा जनचेतना जगाउन र्‍यालीको आयोजना गर्ने । | |
| १०. स्थानीय लिपिः सम्भोटा | | **शब्द भण्डारः** दैनिक प्रयोजनका आधारभूत शब्दहरुः नातागोता, पढाइ लेखाइका सामग्रीहरु, खाद्य सामग्रीका नामहरु, दैनिक पूजाआजामा प्रयोग हुने सामग्रीहरु, जनावर, वनस्पति, यातायातका साधनहरु<br>**झ. साधारण वाक्यः**<br>पारिवारिक कुराकानी, विद्यालयमा साथीसाथीसँग गरिने कुराकानी, साधारण वार्तालाप | **१. शब्द भण्डारः दैनिक प्रयोजनका आधारभूत शब्दहरू सिकाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'चित्र चिन्नुहोस् र नाम भन्नुहोस्'**<br>**सामग्रीः** विभिन्न वस्तु, जनावर, वनस्पति, यातायातका साधन आदिका चित्रहरू।<br>**तरिकाः**<br>• शिक्षकले चित्र देखाएर सोध्ने – **"यो के हो?"**<br>• विद्यार्थीहरूले **सम्भोटा भाषामा नाम उच्चारण गर्ने**।<br>• विद्यार्थीहरूले **खाद्य सामग्रीको चित्र चिनेर शब्दसँग मिलाउने खेल खेल्ने**।<br><br>◇ **क्रियाकलाप : 'दैनिक जीवन अभिनय'**<br>**सामग्रीः** घरको विभिन्न वस्तुहरू, लेखन सामग्री, पूजाका सामग्री आदिका नमुना वस्तुहरू।<br>**तरिकाः** | |

| | | | | |
|---|---|---|---|---|
| | | **ञ. छोटो अनुच्छेदः**<br>आफू, आफ्नो परिवार वरपरको वातावरणका बारेमा छोटो अनुच्छेद लेख्न<br>**ट. सात बारका नाम**<br>**ठ. बाह्र वर्षको नाम**<br>**ड. बुद्धको १२ लीला (जेपाचुत्री)**<br>**ढ. पचास वटा आदरार्थी शब्दहरु**<br>**ण. आङडाङः**<br>(सङ्ख्याहरु – शून्यदेखि अर्ब सम्म) | • विद्यार्थीहरूलाई **घर/विद्यालयको परिवेश नाटकिय रूपमा प्रस्तुत गर्न लगाउने।**<br>• उनीहरूले **आफ्नो परिवेशमा प्रचलित शब्दहरूको प्रयोग गरेर संवाद** गर्ने।<br>• उदाहरण: "**यो मेरो किताब हो। यो मेरो दिदी हो। हामी खाना खाइरहेका छौं।**"<br><br>**२. साधारण वाक्य बनाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'साथी बोलाउँ'**<br>**तरिकाः**<br><br>• शिक्षकले विद्यार्थीहरूलाई जोडी बनाइ दिने।<br>• एक विद्यार्थीले **सोध्ने**: "**तिमीले बिहान के खायौ?**"<br>• अर्को विद्यार्थीले **जवाफ दिने**: "**मैले साग र भात खाएँ।**"<br>• यस्तो संवाद विद्यालय तथा पारिवारिक कुराकानीका लागि अभ्यास गराइने।<br><br>◇ **क्रियाकलाप : 'कथा बनाऔं'**<br>**तरिकाः**<br><br>• शिक्षकले **एउटा चित्र दिने** (घर, विद्यालय, पसल, मन्दिर आदि)।<br>• विद्यार्थीहरूले **त्यस चित्रलाई हेरेर सम्भोटा भाषामा सानो कथा बनाउने।**<br>• उदाहरण: "**यो मेरो स्कुल हो। यहाँ म मेरा साथीहरूसँग पढ्छु।**" | |

| | | | | |
|---|---|---|---|---|
| | | | **३. छोटो अनुच्छेद लेख्ने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'मेरो परिवार'**<br>**तरिका:**<br><br>• शिक्षकले **'मेरो परिवार'** विषयमा केही उदाहरण दिनुहुनेछ।<br>• विद्यार्थीहरूले **आफ्नो परिवारका सदस्यहरूको नाम र उनीहरूको कार्य लेख्ने**।<br>• उदाहरण: "**मेरो बुबा किसान हुनुहुन्छ। मेरो आमा घरमा पकाउनु हुन्छ। मेरी दिदी स्कुल जानुहुन्छ।**"<br><br>◇ **क्रियाकलाप : 'मेरो विद्यालय'**<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई विद्यालयको बारेमा **संभूता भाषामा २–३ वाक्य लेख्न लगाईने**।<br>• उदाहरण: "**मेरो विद्यालय ठुलो छ। यहाँ धेरै शिक्षकहरू** हुनुहुन्छ **। म साथीहरूसँग खेल्छु।**"<br><br>**४. सात बारका नाम सिकाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'बार मिलाऊ'**<br>**सामग्री:** नेपाली, सम्भोटा र अङ्ग्रेजी भाषामा सात बार लेखिएका कार्डहरू।<br>**तरिका:**<br><br>• शिक्षकले **तीन भाषामा बारका नाम लेखिएका कार्डहरू विद्यार्थीहरूलाई बाँड्ने**।<br>• विद्यार्थीहरूले **सही कार्डहरू मिलाएर सम्भोटा भाषामा उच्चारण गर्ने**। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **एकअर्कालाई सोध्ने: "आज कुन बार हो?" "बिहीबारपछि कुन बार आउँछ?"**<br><br>**५. बाह्र वर्षका नाम सिकाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'वार्षिक चक्र चित्र'**<br>**सामग्री:** बाह्र वर्षको नाम लेखिएको पाना वा चित्र।<br>**तरिका:**<br><br>• शिक्षकले **बाह्र वर्षका नामहरू विद्यार्थीहरूलाई सुनाउनुहुनेछ।**<br>• विद्यार्थीहरूले **वार्षिक चक्र चित्र हेरेर नाम मिलाउने अभ्यास गर्ने।**<br>• विद्यार्थीहरूलाई **आफ्नो जन्म वर्षको सम्भोटा नाम पत्ता लगाउन लगाउने।**<br><br>**६. बुद्धको १२ लीला (जेपाचुञी) सिकाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'कथा सुनौं र चित्र बनाऔं'**<br>**सामग्री:** बुद्धको १२ लीलासँग सम्बन्धित चित्रहरू।<br>**तरिका:**<br><br>• शिक्षकले **बुद्धको १२ लीलामध्ये एउटा कथा विद्यार्थीहरूलाई सुनाउनु हुनेछ।**<br>• विद्यार्थीहरूले **त्यस कथासँग सम्बन्धित चित्र बनाउन लगाईने।**<br>• चित्र कोरेपछि **विद्यार्थीले त्यस चित्रबारे सम्भोटा भाषामा दुई वाक्य लेख्ने।**<br><br>**७. पचास वटा आदरार्थी शब्द सिकाउने** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'बोल्ने अभ्यास'**<br>**तरिका:**<br><br>• शिक्षकले **दुई शब्द देखाउनु हुनेछ – एक साधारण, अर्को आदरार्थी।**<br><br>उदाहरण:<br><br>• साधारण शब्द: **"तिमीले खाना खायौ?"**<br>• आदरार्थी शब्द: **"तपाईंले भोजन गर्नुभयो?"**<br>• विद्यार्थीहरूले **सही रूपमा आदरार्थी शब्द प्रयोग गर्ने अभ्यास गर्ने।**<br><br>**८. आङ्डाङ (सङ्ख्याहरू) सिकाउने क्रियाकलापहरू**<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या खेलौं'**<br>**सामग्री:** सम्भोटा, नेपाली र अङ्ग्रेजी सङ्ख्याका कार्डहरू।<br>**तरिका:**<br><br>• विद्यार्थीहरूलाई **सङ्ख्याका कार्डहरू दिइनेछ।**<br>• उनीहरूले **सम्भोटा भाषामा सङ्ख्या उच्चारण गर्ने।**<br>• **शिक्षकले सोध्ने: "पाँच प्लस तीन कति हुन्छ? सम्भोटा भाषामा भन्नुहोस्।"**<br><br>◇ **क्रियाकलाप : 'कसले धेरै सङ्ख्याहरू सम्झन्छ?'** | |

| | | | | |
|---|---|---|---|---|
| | | | **तरिका:**<br><br>• शिक्षकले **सङ्ख्याहरू क्रमैसँग पढ्ने**।<br>• विद्यार्थीहरूले **संभूता भाषामा ती सङ्ख्याहरू दोहोर्याउने**।<br>• **प्रतिस्पर्धा गराइने – कसले धेरै सङ्ख्या सही उच्चारण गर्न सक्छ?** | |
| ११. स्थानीय भाषाः संस्कृत | **उद्देश्य १:** विद्यार्थीहरूले नेपाली भाषासँग मिल्दोजुल्दो संस्कृत शब्द र क्रियापद प्रयोग गरी वाक्य बनाउन सकून्।<br><br>**उद्देश्य २:** विद्यार्थीहरूले आफ्ना परिवार, समुदाय, भूगोल, वनस्पति, पशुपन्छी आदिबारे **संस्कृतमा सानो निबन्ध लेख्न सकून्।**<br><br>**उद्देश्य ३:** विद्यार्थीहरूले **संस्कृत महिनाका नामहरू सही रूपमा उच्चारण गर्न सकून्।**<br><br>**उद्देश्य ४:** विद्यार्थीहरूले संस्कृतमा **शुद्ध उच्चारण गर्दै स्तुति वाचन गर्न सकून् र अर्थ बुझ्न सकून्।**<br><br>**उद्देश्य ५:** विद्यार्थीहरूले **संस्कृतमा सात बारका नाम सही उच्चारण गर्न सकून्।**<br><br>**उद्देश्य ६:** विद्यार्थीहरूले **संस्कृतमा सङ्ख्या सही उच्चारण गरी वाक्य बनाउन सकून्।** | वाक्यरचना अभ्यास (नेपाली भाषामा प्रयोग हुने शब्द र क्रियापदसँग मिल्दाजुल्दा संस्कृतका शब्द र क्रियापद खोजी वाक्य बनाउने)<br>**छ.** संस्कृतमा लघु निबन्ध रचना अभ्यास (आफू र आफ्नो परिवार, समुदाय, भूगोल, वनस्पति, पशुपन्छी, नदी र पर्वतको परिचय दिने)<br>**ज. देवस्तुति :** (शुद्ध सस्वर वाचन र अर्थज्ञान)<br>**झ. सात बारका नाम**<br>**ञ. बाह्र महिनाको नाम**<br>**ट.** शून्यदेखि अर्बसम्मका सङ्ख्यावाचक शब्दलाई प्रयोग गरी संस्कृतमा वाक्य रचना गर्ने। | १. वाक्यरचना अभ्यास (संस्कृत शब्द र क्रियापद प्रयोग गरी वाक्य बनाउने)<br><br>◇ **क्रियाकलाप : 'शब्द मिलाऊ'**<br>**सामग्री:** नेपाली शब्दहरू र तिनका समानार्थी संस्कृत शब्दहरू लेखिएका कार्डहरू।<br>**तरिका:**<br><br>• शिक्षकले **कार्डहरू वितरण गर्ने** (एकपट्टि नेपाली शब्द, अर्कोपट्टि संस्कृत शब्द)।<br>• विद्यार्थीहरूले **उनीहरूलाई मिलाएर सही जोडी बनाउने**।<br><br>उदाहरण:<br><br>• **नेपाली:** "गृह" (घर) ⟶ **संस्कृत:** "गृहम्"<br>• **नेपाली:** "खानु" (खानु) ⟶ **संस्कृत:** "भोजनं करोतु"<br>• विद्यार्थीहरूले **ती शब्द प्रयोग गरी वाक्य बनाउन अभ्यास गर्ने**।<br><br>◇ **क्रियाकलाप : 'अनुवाद गरौं'**<br>**तरिका:**<br><br>• शिक्षकले **नेपाली भाषामा वाक्य दिने**। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यार्थीहरूले **संस्कृतमा अनुवाद गर्ने प्रयास गर्ने**।<br><br>उदाहरण:<br><br>• **नेपाली:** "बुबा घरमा हुनुहुन्छ।"<br>• **संस्कृत:** "जनकः गृहे अस्ति।"<br><br>२. संस्कृतमा लघु निबन्ध रचना अभ्यास (व्यक्तिगत, पारिवारिक, भूगोल आदिबारे लेखन)<br><br>◇ **क्रियाकलाप : 'मेरो संसार'**<br><br>**तरिका:**<br><br>• शिक्षकले **"मेरो परिवार", "मेरो गाउँ", "मेरो प्रिय जनावर" जस्ता शीर्षक दिनुहुनेछ**।<br>• विद्यार्थीहरूले **संस्कृतमा २–३ वाक्य लेख्ने प्रयास गर्ने**।<br><br>उदाहरण:<br><br>• **"मम नाम रामः अस्ति। अहम् विद्यालयं गच्छामि।"**<br>• **"एषः मम ग्रामः अस्ति। अत्र पर्वताः सन्ति।"**<br><br>◇ **क्रियाकलाप : 'चित्र हेरेर लेखौं'**<br>**सामग्री:**<br><br>• **परिवार, गाउँ, पशुपन्छी, नदी, वनस्पति आदिका चित्रहरू।**<br>**तरिका:**<br>• विद्यार्थीहरूले **चित्र हेरेर त्यसबारे दुई तीन वाक्य लेख्ने**।<br>• शिक्षकले **सही उच्चारण गराउन सहयोग गर्ने**।<br><br>३. देवस्तुति (शुद्ध सस्वर वाचन र अर्थज्ञान) | |

| | | | | |
|---|---|---|---|---|
| | | | ◇ **क्रियाकलाप : 'संस्कृत श्लोकको गीत गाउने'**<br>**सामग्री:**<br><br>• सरल र लोकप्रिय संस्कृत श्लोक (जस्तै: सरस्वती वन्दना, गुरुर्ब्रह्मा आदि)।<br>तरिका:<br>• शिक्षकले पहिलो पटक श्लोक वाचन गर्ने, विद्यार्थीहरूलाई अनुसरण गराउन लगाउने।<br>• विद्यार्थीहरूले तालमा मिलाएर सामूहिक रूपमा वाचन गर्ने।<br>• अर्थ सामान्य भाषामा बुझाइने।<br><br>◇ **क्रियाकलाप : 'श्लोक मिलाऊ'**<br>**सामग्री:**<br><br>• श्लोकका टुक्रा लेखिएका कार्डहरू।<br>तरिका:<br>• विद्यार्थीहरूले सही रूपमा टुक्राहरू मिलाएर पुरा श्लोक बनाउने।<br>• सही वाचन गर्ने विद्यार्थीलाई पुरस्कार दिइने।<br><br>४. सात बारका नाम सिकाउने क्रियाकलापहरू<br><br>◇ **क्रियाकलाप : 'बारको गीत'**<br>**तरिका:**<br><br>• शिक्षकले सात बार संस्कृतमा गाएर सुनाउने (गीतको तालमा)।<br>• विद्यार्थीहरूले दोहोऱ्याउने।<br><br>उदाहरण: | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **आदित्यबारः, सोमबारः, मंगलबारः, बुधबारः, गुरुबारः, शुक्रबारः, शनिबारः।**<br><br>◇ **क्रियाकलाप : 'बार मिलाऊ'**<br>**सामग्रीः**<br><br>• **संस्कृत, नेपाली र अङ्ग्रेजीमा सात बार लेखिएका कार्डहरू।**<br>**तरिकाः**<br>• विद्यार्थीहरूले **सही कार्डहरू मिलाएर सही नाम उच्चारण गर्ने।**<br><br>५. बाह्र महिनाको नाम सिकाउने क्रियाकलापहरू<br><br>◇ **क्रियाकलाप : 'कृपया महिनाको नाम भन्नुहोस्'**<br><br>**तरिकाः**<br><br>• शिक्षकले विद्यार्थीलाई **उनको जन्म महिनाको नाम सोध्ने।**<br>• विद्यार्थीले **संस्कृत महिनाको नाम उच्चारण गर्ने।**<br><br>उदाहरणः<br><br>• **"मम जन्ममासः वैशाखः अस्ति।"**<br><br>◇ **क्रियाकलाप : 'चित्र कोरौँ'**<br><br>**तरिकाः**<br><br>• प्रत्येक महिनासँग सम्बन्धित **एक चित्र कोराउने (जस्तैः वैशाख – नयाँ वर्ष, माघ – माघे संक्रान्ति)।** | |

| | | | | |
|---|---|---|---|---|
| | | | • विद्यार्थीले **त्यो महिनाको नाम संस्कृतमा लेख्ने।**<br><br>६. सङ्ख्यावाचक शब्द (शून्यदेखि अर्बसम्म) प्रयोग गरी वाक्य रचना गर्ने<br><br>◇ **क्रियाकलाप : 'सङ्ख्या बोलौं'**<br>**तरिका:**<br><br>• शिक्षकले **सङ्ख्या उच्चारण गर्ने, विद्यार्थीले अनुसरण गर्ने।**<br><br>उदाहरण:<br><br>• **एकम्, द्वे, त्रयः, चतुरः, पञ्च, षट्, सप्त, अष्ट, नव, दश।**<br><br>◇ **क्रियाकलाप : 'गणित संस्कृतमा'**<br>**तरिका:**<br><br>• शिक्षकले **सङ्ख्याको सानो गणितीय प्रश्न सोध्ने।**<br>• विद्यार्थीहरूले **संस्कृतमा उत्तर दिने।**<br><br>उदाहरण:<br><br>• **"त्रयः प्लस पञ्च कति हुन्छ?"** (उत्तर: "**अष्ट।**") | |

## ८. विषय क्षेत्र अनुसार अनुमानित कार्यघण्टा

यस पाठ्यक्रममा उल्लेखित विषय क्षेत्रहरूमा साप्ताहिक १० देखि १४ कार्यघण्टा गरी सबै कक्षामा तलको तालिकामा उल्लेख गरिएबमोजिम वार्षिक १२८ कार्यघण्टा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनेछ।

*तालिका* ३ : विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा

| **क्र सं** | **विषयवस्तुको क्षेत्र** | **विषय क्षेत्र र कक्षा अनुसार कार्य घण्टा** | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | हेलम्बु परिचय | १२ | १२ | १२ | १२ | १२ |
| २ | प्राकृतिक स्रोत र सम्पदा | १४ | १४ | १४ | १४ | १४ |
| ३ | धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदा | १२ | १२ | १२ | १२ | १२ |
| ४ | पर्यटकीय स्थल | १० | १० | १० | १० | १० |
| ५ | विभिन्न जातजातिका रीतिरिवाज, संस्कार, संस्कृति र भाषा | १२ | १२ | १२ | १२ | १२ |
| ६ | पेसा व्यवसाय र उद्यम | १४ | १४ | १४ | १४ | १४ |
| ७ | जलवायु परिवर्तन, प्रकोप वातावरण संरक्षण, र हरित विद्यालय | १४ | १४ | १४ | १४ | १४ |
| ८ | स्थानीय सिप र सिर्जना | १० | १० | १० | १० | १० |
| ९ | स्वास्थ्य सरसफाइ र असल संस्कार | १० | १० | १० | १० | १० |
| १० | स्थानीय भोटभाषा (सम्भोटा) | १० | १० | १० | १० | १० |
| ११ | स्थानीय संस्कृत भाषा | १० | १० | १० | १० | १० |
| | **जम्मा** | **१२८** | **१२८** | **१२८** | **१२८** | **१२८** |

# ९. शिक्षण सिकाइ योजना निर्माण

यो पाठ्यक्रम स्थानीय पाठ्यक्रमको मर्मअनुसार स्थानीय आवश्यकतामा आधारित भएर निर्माण भएको छ । यसको सफलता सिकाइका क्रममा गरिने कार्यान्वयनमा निर्भर रहन्छ । स्थानीय विषयलाई केवल घोकेर कण्ठ पार्ने विषयका रुपमा नबुझी स्थानीय विषवस्तुलाई केन्द्रमा राखेर सिप सिकाउन खोजिएको छ । यसमा लिखित पक्ष र विषयवस्तुको वाचन पक्षलाई दैनिक जीवनका व्यवहारमा प्रयोग गरिने क्रियाकलापसँग सन्तुलन मिलाउन खोजिएको छ । यस पाठ्यक्रममा उल्लेखित सहजीकरण प्रक्रियाले पाठ्यपुस्तकको अभावमा पनि वातावरणको प्रयोग गरेर सिकाइ पक्षलाई निरन्तरता दिन सकिने अवस्था झल्काउँछ । पाठ्यक्रमको कार्यान्वयनमा शिक्षक र विद्यार्थी दुवै पक्षलाई सक्रिय बन्न प्रेरित गरेको छ । सहजीकरण र मूल्याङ्कनका क्रियाकलापले शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनका विषयमा अभिमुखीकरण समेत गराउँछ । सिकाइका सम्भावित स्रोतको चयन गर्दा होस वा शिक्षण विधिको छनोट गर्दा होस् परम्परागत विधिबाट माथि उठेर विषयवस्तुको नजिकमा पुग्न उत्प्रेरित गरेको छ । केन्द्रिय पाठ्यक्रम भन्दा बढी व्यवहारिक भएककोले पहिलो वर्ष कार्यान्वयनमा अनौठो लागेता पनि दोस्रो वर्षबाट सहजता उत्पन्न हुन्छ । यस विषयलाई सहजीकरण गर्ने शिक्षक भने वढी सिर्जनात्मक हुनु जरूरी हुन्छ ।

स्थानीय पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुको सहजीकरण प्रक्रियामा विषय शिक्षकका अतिरिक्त अन्य शिक्षक प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका तर्फबाट पनि सहयोग हुनु जरूरी छ । यो विषयको पठनपाठन अन्य विषयसँग जोडेर एकीकृत ढाँचामा पनि सिकाउन सकिन्छ । यसका लागि वर्षको सुरु मै बनाइने वार्षिक शैक्षणिक योजनाले पूर्व तयारीका लागि आधार बनाउँछ । कुनै पाठ मौसम बमोजिम पढाउनु पर्ने हुन्छ । भौगोलिक भ्रमण, स्थानीय उत्पादन र प्राकृतिक स्रोत साधनको अवलोकन तथा सङ्कलन मौसम अनुसार प्रभावित हुने विषयवस्तु हुन् । त्यसैगरी विभिन्न व्यक्तिसँगको भेटघाट वा संस्थाको भ्रमणका लागि पनि पूर्व तयारी गर्नु पर्ने हुन्छ । यस पाठ्यक्रमको अर्को महत्त्वपूर्ण उद्देश्य भनेको यस पाठका आधारमा विद्यार्थीले भविष्यमा आफ्नो पेसा वा व्यवसाय रोजी कामगरेर खान सक्ने बनोस् भन्ने पनि हो ।

**स्थानीय पाठ्यक्रमका लागि शिक्षण योजना (Teaching Plan for Local Curriculum)**

स्थानीय पाठ्यक्रमको प्रभावकारी शिक्षणका लागि शिक्षकहरूले विभिन्न योजनाहरू अपनाउन सक्छन्। यस्ता योजनाहरू स्थानीय स्रोत, संस्कृति, भाषा, र व्यावहारिक सिपलाई प्राथमिकता दिनुपर्ने हुन्छ।

**१. पाठ योजनाको पूर्व तयारी (Pre-Planning of Lesson Plan)**

शिक्षकले पाठ योजना बनाउनुअघि निम्न कुराहरू ध्यान दिनुपर्छः

- **शिक्षण लक्ष्य निर्धारण**: विद्यार्थीले सिक्ने सिप र ज्ञान स्पष्ट पार्ने।
- **सामग्री चयन**: स्थानीय सामग्री (स्थानीय भाषा, संस्कृति, प्राकृतिक स्रोतहरू, कला, परम्परा, आदि) प्रयोग गर्ने।
- **शिक्षण विधि छनोट**: प्रयोगात्मक (hands-on learning), अनुसन्धानमुखी, र सहकार्यात्मक सिकाइका विधिहरू अपनाउने।

## २. शिक्षण योजनाको उदाहरण

| विषयवस्तु | सिकाइ उद्देश्य | स्रोत सामग्री | शिक्षण विधि | सक्रियता (Activity) | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| स्थानीय व्यवसाय (Local Business) | विद्यार्थीहरूले आफ्नो समुदायमा हुने व्यवसाय बारे जान्ने। | स्थानीय व्यवसायी, फोटो, भिडियो, वास्तविक सामग्री | भ्रमण, प्रश्नोत्तर, छलफल | बजार वा उद्योग भ्रमण, व्यवसायीहरूसँग अन्तर्वार्ता | प्रस्तुति, रिपोर्ट लेखन |
| कृषि तथा पशुपालन (Agriculture & Animal Husbandry) | विद्यार्थीहरूले परम्परागत र आधुनिक खेती प्रणाली बुझ्ने। | स्थानीय किसान, कृषि औजार, बीउँबिजन, मल | प्रत्यक्ष अवलोकन, प्रदर्शन | खेत वा गोठको अवलोकन, बीउँ रोप्ने अभ्यास | समूह छलफल, अनुभव साझा |
| स्थानीय भाषा र संस्कार (Local Language & Culture) | विद्यार्थीहरूले आफ्नो मातृभाषा र स्थानीय परम्परा बुझ्ने। | स्थानीय समुदायका अग्रज, लोक गीत, नृत्य | श्रवण, अनुकरण, नाटक | स्थानीय गीत गाउने, नाटक प्रस्तुत गर्ने | प्रस्तुति, मौखिक परीक्षा |
| हस्तकला (Handicrafts) | विद्यार्थीहरूले स्थानीय हस्तकला बनाउन सिक्ने। | माटो, बाँस, काठ, कपडा, उपकरण | प्रयोगात्मक (Hand-on Learning) | मूर्ति बनाउने, टोकरी बुन्ने, चित्र कोर्ने | तयार सामग्री प्रदर्शन, मूल्याङ्कन |

## ३. पाठ्यक्रम सञ्चालनका लागि रणनीति (Strategies for Implementation)

